# सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विभागको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौ पत्रको प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधार्थी
गीता शर्मा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
कीर्तिपुर, काठमाडौ
२०६८

स्वीकृति-पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्व विद्यालय क्याम्पस कीर्तिपुरका छात्र गीता शर्माले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह एम.ए. नेपाली विषयको दसौा पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना शीर्षकको शोधपत्र सोही प्रयोजनका निमित्त स्वीकृत गरिएको छ ।

शोधमूल्याङ्कन समिति

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. देवीप्रसाद गौतम (विभागीयप्रमुख) | ............................ |
| २. | प्रा.डा. महादेव अवस्थी (शोधनिर्देशक) | ........................ |
| ३. | उपप्रा. मुकुन्द शर्मा (बाह्यपरिक्षक) | ........................ |

मिति : २०६८।३।२०

## सिफारिस पत्र

नेपाली एम.ए. (शैक्षिक वर्ष : २०६२/०६३) दोस्रो वर्षका विद्यार्थी श्री गीता शर्माले सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना शीर्षकको यो शोधकार्य मेरा निर्देशनमा परिश्रमपूर्वक पुरा गर्नुभएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०६८।३।१३

(प्रा.डा. महादेव अवस्थी)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्व विद्यालय
कीर्तिपुर, काठमाडौं

## कृतज्ञता ज्ञापन

प्रस्तुत सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना नामक शोधपत्र मैले त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौा पत्रको प्रयोजनार्थ आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीज्यूको निर्देशनमा तयार पारेकी हुा । आफ्नो अमूल्य समय दिई मलाई उचित सल्लाह, सुझाव र मार्गनिर्देशन दिएर यस शोधकार्यलाई पूरा गर्न अभिप्रेरित गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति म हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु । साथै यस शोधकार्यको थालनीमा मैले मौखिक रूपमा राखेका विभिन्न जिज्ञासाहरूलाई झन्झट नमानी समाधान गरी शोधकार्यको मार्ग प्रस्ट्याइदिनुहुने नेपाली केन्द्रीय विभागका विभागाध्यक्ष आदरणीय गुरु प्रा. राजेन्द्र सुवेदीप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोध लेखनमा सरसल्लाह र सहयोग पुऱ्याउने मेरा जीवन साथी शिवलाल तिवारी र मित्रहरू घनश्याम शर्मा, प्रतिभा पुनप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत शोधकार्यका तयारीका क्रममा मलाई विभिन्न क्षेत्रबाट प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद टक्र्याउन चाहन्छु । यसै गरी शोधकार्य सम्पन्न गर्ने क्रममा अध्ययन सुविधा प्रदान गर्ने त्रिभुवन विश्व विद्यालय केन्द्रीय पुस्तकालय परिवार र नेपाल प्रज्ञाप्रतिष्ठान पुस्तकालयप्रति आभार व्यक्त गर्दछु । कम्प्युटर टङ्कनमा अहोरात्र खटी छोटो समयमै यस शोधपत्रको टाइप गरी दिनुहुने व्यास स्टेसनरी ताहाचलकी बहिनी सुवर्ण घिमिरेलाई पनि म हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा यो शोधपत्र मूल्याङ्कनका निम्ति त्रि.वि.वि.नेपाली केन्द्रीय विभाग समक्ष पेस गर्दछु ।

शोधार्थी
गीता शर्मा

## सङ्क्षिप्त शब्दको पूर्णरूप

| | | |
|---|---|---|
| अ.प्र. | : | अप्रकाशित |
| इ. | : | इस्वी संवत् |
| एम.ए. | : | मास्टर्स इन आर्टस् |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्व विद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| द्वि.सं. | : | द्वितीय संस्करण |
| द्वि.पाद | : | द्वितीयपाद |
| ने.प्र.प्र. | : | नेपाल प्रज्ञा-प्रतिष्ठान |
| ने.भा.प्र.स. | : | नेपाली भाषा प्रकाशिनी समिति |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| प.सं. | : | पहिलो संस्करण |
| प्र.पाद | : | प्रथमपाद |
| प्रा. | : | प्राध्यापक |
| पीएच.डी. | : | फिलोसफी अफ डक्टर |
| पृ. | : | पृष्ठ |
| बि.ए. | : | ब्याचलर इन आर्ट्स |
| बि.एल्. | : | ब्याचलर इन ल |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |
| सा.प्र. | : | साझा प्रकाशन |

# विषयसूची

पृष्ठ

पहिलो परिच्छेद १-५
शोध परिचय १

१.१ विषय परिचय १
१.२ समस्या कथन १
१.३ शोधकार्यको उद्देश्य १
१.४ पूर्वकार्यको समीक्षा २
१.५ शोधको औचित्य ३
१.६ शोधकार्यको सीमाङ्कन ४
१.७ शोधविधि ४
१.८ शोधपत्रको रूपरेखा ५

दोस्रो परिच्छेद ६-३७
लक्ष्मीप्रसाद देवकोटाको जीवनीको रूपरेखा ६

२.१ रचनाकारको परिचय ६
२.१.१ जन्म र नामकरण ६
२.१.२ शिक्षादीक्षा ७
२.१.३ पारिवारिक जिम्मेवारी र आर्थिक अवस्था ८
२.१.४ मानसिक-शारीरिक अवस्था १०
२.१.५ सामाजिक-राजनैतिक सक्रियता १०
२.१.६ देहावसान र मरणोपरान्तका सम्झना एवम् सम्मान १२
२.२ लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्वको रूपरेखा १३
२.२.१ कविव्यक्तित्व १४
२.२.२ निबन्धकार व्यक्तित्व १७
२.२.३ कथाकार व्यक्तित्व १८

२.२.४ बाल साहित्यकार व्यक्तित्व १९
२.२.५ नाटककार व्यक्तित्व २०
२.२.६ उपन्यासकार व्यक्तित्व २१
२.२.७ गीतकार व्यक्तित्व २१
२.२.८ अनुवादक व्यक्तित्व २२
२.३ लक्ष्मीप्रसाद देवकोटाका कृतित्वको रूपरेखा २४
२.४ लक्ष्मीप्रसाद देवकोटाका काव्य प्रवृत्तिको सङ्क्षिप्त रेखाङ्कन २८
२.५ लक्ष्मीप्रसाद देवकोटाको साहित्यमा योगदान ३६
२.६ निष्कर्ष ३७

तेस्रो परिच्छेद ३८-६५
सीताहरण खण्डकाव्यको वस्तु विधान ३८

३.१ सीताहरण खण्डकाव्यको कृतिगत सन्दर्भ ३८
३.२ उत्प्रेरणा श्रोत ३९
३.३ कथ्यवस्तुको विधान ३९
३.४ पात्रविधान ४९
३.५ परिवेश विधान ५५
३.६ भावविधान ५९
३.७ केन्द्रीय कथ्य (मुख्य विचार) ६४
३.८ निष्कर्ष ६५

चौथो परिच्छेद ६६-९०
सीताहरण खण्डकाव्यको शिल्प विधान ६६

४.१ कथन पद्धति ६६
४.२ सर्गगत संरचना ६७
४.३ लयविधान ७३
४.४ अलङ्कार विधान ७७
४.५ बिम्ब प्रतीक विधान ८३

४.६ भाषाशैली ८५
४.७ निष्कर्ष ९०
पाचौ परिच्छेद ९१-९४
शोध निष्कर्ष ९१
सन्दर्भ सामग्रीसूची

## पहिलो परिच्छेद

## शोध परिचय

### १.१ विषय परिचय

प्रस्तुत शोध सीताहरण खण्डकाव्यको कृतिपरक अध्ययनमा केन्द्रित रहेको छ। सीताहरण खण्डकाव्य लक्ष्मीप्रसाद देवकोटाले रचेको एक महत्त्वपूर्ण खण्डकाव्य हो। यो उनले पौराणिक विषयवस्तुको प्रयोग गरी रचिएका खण्डकाव्यहरू मध्येका उल्लेख्य रचना हो। यसमा उनले पौराणिक रामकथासम्बन्धी विषय स्रोतको प्रयोग गरेका छन् र त्यसमा आफ्नो मौलिक कल्पनालाई पनि प्रशस्त मात्रामा मिसाएका छन्। यस शोधमा प्रस्तुत खण्डकाव्यको नै कृतिगत विश्लेषण गर्ने ध्येय लिइएको छ।

### १.२ समस्या कथन

सीताहरण खण्डकाव्यको कृतिगत स्वरूप कस्तो छ भन्ने जिज्ञासा नै यस शोधकार्यको प्रमुख समस्या हो। त्यस क्रममा प्रस्तुत शोधमा केलाउनुपर्ने मुख्य समस्याका रूपमा निम्नलिखित प्रश्नहरू रहेका छन् :

क. सीताहरण खण्डकाव्यको वस्तु विधान के कस्तो छ ?

ख. सीताहरण खण्डकाव्यमा के कस्तो शिल्प विधान पाइन्छ ?

### १.३ शोधकार्यको उद्देश्य

सीताहरण खण्डकाव्यको कृतिगत विश्लेषणका रूपमा प्रस्तुत शोधमा लिइएका मुख्य उद्देश्यहरू यस प्रकार छन् :

क. सीताहरण खण्डकाव्यको वस्तु विधानगत वैशिष्ट्य पहिल्याउनु,

ख. सीताहरण खण्डकाव्यमा भेटिने शिल्प विधानका विशेषताको निर्क्योल गर्नु।

१.४ पूर्वकार्यको समीक्षा

कवि लक्ष्मीप्रसाद देवकोटाका सीताहरण लगायतका अनेकौा खण्डकाव्य, महाकाव्य र प्रशस्त फुटकर कविताहरू प्रकाशित छन् । उनका कतिपय खण्डकाव्य, महाकाव्य र फुटकर कविताका बारेमा बृहत रूपमा खोज अनुसन्धानका साथै प्रशस्त समीक्षाहरू पनि भएका छन् । प्रस्तुत शोधपत्रमा सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना गरिएको छ र यहाा कवि लक्ष्मीप्रसाद देवकोटाका अन्य कृतिका बारेमा गरिएका चर्चा-परिचर्चालाई समावेश नगरी केवल सीताहरणका बारेमा गरिएका चर्चालाई मात्र समावेश गरिएको छ। कवि देवकोटाको सीताहरणका बारेमा विभिन्न विद्वान्हरूले चर्चा गरेका छन् र हालसम्म सीताहरणका बारेमा गरिएका चर्चा-परिचर्चाको कालक्रमिक विवरण तल प्रस्तुत गरिएको छ ।

कमल दीक्षितले सीताहरण खण्डकाव्यको 'प्रकाशकीय' (२०२४) मा भनेका छन्- 'लक्ष्मीप्रसाद देवकोटाको धार्मिक भक्तिभावको सबभन्दा राम्रो र लामो अभिव्यक्ति हो ।'

चूडामणि बन्धुले देवकोटा (२०३६) कृतिमा भनेका छन्- 'मात्रिक छन्दको प्रयोग गरेर यसलाई लयात्मक बनाइएको छ तापनि परिष्कार नपुगेकोले यसमा ठाउा-ठाउामा अडान लिनुपर्छ र पद र पदावलीको अर्थ खोज्न घोरिनु पर्छ । तैपनि भाव र शैली दुवै दृष्टिले हेर्दा यस खण्डकाव्यको विशेष महत्त्व छ भन्ने कुरा सााचो हो ।'

कृष्ण गौतमले देवकोटाका प्रबन्धकाव्य (२०३८) कृतिमा भनेका छन्- 'मुनामदनको झ्याउरे झै यसको भजन पनि लोक कण्ठकै स्रोतबाट उत्पन्न लोकछन्द भएको खण्डकव्य हो । जसमा छन्दको ताल, लयको मिठास, उपमा, प्रतीक तथा विम्वहरूको चमत्कारले कवितालाई धनी पार्ने लक्ष्यमा यस खण्डकाव्यको ठूलो योगदान छ ।'

अम्बिकादेवी रिमालले खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन (२०४३) नामक शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा लेखेकी छन्- 'अनुप्रासको मोह र शाब्दिक ध्वनिको प्रशस्त चमत्कार पाइने उक्त खण्डकाव्यमा प्रकृतिको विविधताको चित्रणका साथै तत्कालीन सामाजिक पक्षको यथार्थ चित्रण भएको धार्मिक भावनाले ओतप्रोत खण्डकाव्य हो ।'

कुमारबहादुर जोशीले देवकोटाका कविता-यात्राको विश्लेषण र मूल्याङ्कन (२०५७) कृतिमा भनेका छन्- 'मात्रा छन्दको दृष्टिले देवकोटाको पहिलो खण्डकाव्य हो जसमा ज्ञानमार्ग

र रामभक्तिको भक्तिमार्गका साथै कविको स्वच्छन्दवादी हार्दिक सन्दर्भको समीकरण गर्ने प्रयास देखापर्छ ।'

कुमारबहादुर जोशीले देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना (२०४८) कृतिमा यस्तो उद्गार व्यक्त गरेका छन्– 'सरस्वतीको आह्वान मङ्गलाचरणवाट थालिएको यो काव्यमा कथोपकथन लगायत आख्यानीकरणमा हतारिदै र प्रकृति चित्रणलगायत आन्तरिक भावोन्वेषसहित कविता गहिराइमा चाहि पहाडी नालाको नागबेलिादो अलमस्तीपना आगाल्दै कविले प्रस्तुत खण्डकाव्यमा वेदान्त-दर्शनको आधारभूत सिद्धान्त अर्थात् ज्ञानमार्ग र रामभक्तिको भक्तिमार्गका साथ स्वच्छन्दवादी जीवनदृष्टिको समीकरण गर्ने प्रयास गरेको देखिन्छ ।'

महादेव अवस्थीले लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता (२०६१) कृतिमा यस्तो कुरा व्यक्त गरेको पाइन्छ– सीताहरण खण्डकाव्यमा अभिधात्मक रूपमा पौराणिक युगकै परिवेश व्यक्त भएको देखिए पनि ध्वन्यात्मक रूपमा चाहि अनेकौ छलकपटद्वारा दुनियााको छोरीबुहारीको हरण गरी घरबार बर्बाद गरिदिने नेपालको राणाकालीन दुराचरमय सामन्ती परिवेशलाई सङ्केत गरिएको भेटिन्छ ।'

यसरी सीताहरण खण्डकाव्यका बारेमा विभिन्न विद्वान्हरूले निकै महत्त्वपूर्ण र गहकिला समालोचनात्मक लेख तथा विभिन्न अध्ययनहरू लेखेका पाइन्छन् । तापनि उक्त विद्वान्हरूले प्रकाशमा ल्याएका यससम्बन्धी लेखहरू र अरू अध्ययन यसको मात्र कृतिकेन्द्री तात्त्विक विवेचना गर्ने शोध उद्देश्य लिई तयार परिएका होइनन् । यसै कारणले नै यहाा यसको कृतिपरक विवेचना गर्न लागिएको हो ।

## १.५ शोधको औचित्य

सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना गरी कृतिगत रूपमा यसका विशेषताहरूलाई ठम्याउन सक्नुमा नै यस शोधकार्यको शोधपरक प्राज्ञिक औचित्य एवम् शोधपरक महत्त्व छ । सीताहरणका कृतिगत विशेषताका बारेमा जान्न चाहने र यसैजस्ता अन्य कृतिको कृतिगत विवेचना गर्न चाहनेहरूलाई यस शोधले मद्दत गर्ने हुादा पनि यो शोधकार्य निकै उपयोगी एवम् औचित्ययुक्त ठानिएको छ ।

### १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य कृतिपरक विवेचनामा आधारित रहेको छ । यसमा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचिएको सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना गरिएको छ । यहाा यो खण्डकाव्यबाहेक देवकोटाका अन्य कुनै पनि खण्डकाव्यको विवेचना गरिएको छैन । खण्डकाव्यका शीर्षकविधान, पात्रविधान, परिवेशविधान, छन्द अलङ्कार विधान आदि विविध सान्दर्भिक कोणहरूका आधारमा सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना गर्नु प्रस्तुत शोधकार्यको क्षेत्र एवम् सीमा रहेको छ ।

### १.७ शोधविधि

#### (क) सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्य सीताहरण खण्डकाव्यको कृतिपरक अध्ययन भएकोले यसका सामग्रीको मुख्य स्रोत सीताहरण खण्डकाव्य नै हो र त्यसैका पठनद्वारा आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । विभिन्न विद्वान्हरूले सीताहरण खण्डकाव्यका विषयमा लेखेका फुटकर लेखरचना, विभिन्न पुस्तकहरू र समालोचनाको अध्ययन गरी यस शोधकार्यका निम्ति द्वितीय स्रोतका सामग्रीको सङ्कलन गरिएको छ ।

#### (ख) विश्लेषण विधि

प्रस्तुत शोधमा सीताहरण खण्डकाव्यको कृतिगत विश्लेषण गर्दा मुख्यतः वस्तु विधान र शिल्प विधान जस्ता दुईवटा र साहित्य शास्त्रीय कोणको प्रयोग गरिएको छ । त्यस क्रममा वस्तु विधान भन्नाले खण्डकाव्यमा चित्रित विषयवस्तुगत आख्यानका कथावस्तु, पात्र तथा परिवेशको योजनाका साथै त्यहाा अभिव्यक्त भाव तथा मुख्य कथनको योजना भन्ने बुझिन्छ भने शिल्प विधान भन्नाले कथनपद्धति, सर्गगत संरचना, लयविधान, अलङ्कार विधान, बिम्ब प्रतीक विधान र भाषाशैली भन्ने बुझिन्छ । यिनै आधारहरूको प्रयोग गरी प्रस्तुत शोधका सामग्रीको विश्लेषण गरिएको छ ।

सङ्कलित सामग्रीको अध्ययन, तुलना, प्रतितुलना र विश्लेषण गर्दा जीवनको खण्ड विशेषलाई झल्काउने भावनाको अध्यानीकरण भएको कविताको सुसङ्गठित मझौला रूप नै

खण्डकाव्य हो भन्ने सिद्धान्तलाई स्वीकार गरी खण्डकाव्यका आधारभूत तत्वहरूको उत्तम उपयोग गरी सीताहरण खण्डकाव्यको कृतिपरक विवेचना गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई चार परिच्छेदमा सङ्गठित गरिएको छ । यसका ती चार परिच्छेदको मुख्य सङ्गठन यस प्रकार छ :

(क) पहिलो परिच्छेद : शोध परिचय ।

(ख) दोस्रो परिच्छेद : लक्ष्मीप्रसाद देवकोटाको जीवनीको रूपरेखा ।

(ग) तेस्रो परिच्छेद : सीताहरण खण्डकाव्यको वस्तु विधान ।

(घ) चौथो परिच्छेद : सीताहरण खण्डकाव्यको शिल्प विधान

(ङ) पााचौा परिच्छेद : शोध निष्कर्ष

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय दिइएको छ भने दोस्रो परिच्छेदमा लक्ष्मीप्रसाद देवकोटाको जीवनीको रूपरेखाको प्रस्तुत गरिएको छ । यसका साथै तेस्रो परिच्छेदमा सीताहरण खण्डकाव्यको वस्तु विधान रहेको छ । चौथो परिच्छेदमा सीताहरण खण्डकाव्यको शिल्प विधान दिइएको छ भने पााचौा परिच्छेदमा शोध निष्कर्ष दिइएको छ ।

दोस्रो परिच्छेद

लक्ष्मीप्रसाद देवकोटाको जीवनीको रूपरेखा

## २.१ रचनाकारको परिचय

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका सुपरिचित व्यक्ति हुन् । उनले नेपाली साहित्यमा स्वच्छन्दवादी धाराको थालनी गरी नयाा मोडको स्थापना गरे । अनेक व्यक्तित्वको धनी देवकोटा विशेष गरी कविता विधामा आफ्नो छुट्टै पहिचान राख्न सफल भई महाकविको उपाधि प्राप्त गर्न सफल भए ।

### २.१.१. जन्म र नामकरण

लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ साल कार्त्तिक २७ गते शुक्रबार काठमाडौाको डिल्लीबजारस्थित धोबीधारा टोलमा रात्री ९ बजेर ५४ मिनेट जाादा भएको हो ।[ज्ञ] तिलमाधव देवकोटाले जेठी पत्नी टीकादेवीको मृत्यु भएपछि बिहे गरेकी कान्छी पत्नी अमरराज्यलक्ष्मीबाट लक्ष्मीप्रसाद जन्मेका थिए ।[द्द] नक्षत्रअनुसार न्वारनको नाउा तीर्थमाधव देवकोटा पर्न गए तापनि लक्ष्मीपूजाको दिन जन्मिएका हुनाले उनलाई प्रसादस्वरूप मानी लक्ष्मीप्रसाद नै भन्न थालियो ।[घ]

यसरी तीर्थमाधव देवकोटालाई लक्ष्मी पूजाका दिन जन्मिनाले लक्ष्मीको प्रसाद ठानी “लक्ष्मीप्रसाद” नामकरण गरिए तापनि ती शिशु पछि गएर महाकवि लक्ष्मीप्रसाद देवकोटाका नामले नेपाली भाषासाहित्यका महान् स्रष्टाका रूपमा परिचित भए र उनले आफूलाई धनकी देवी लक्ष्मीको प्रसादका रूपमा नभई विद्याकी देवी सरस्वतीका वरद पुत्रका रूपमा नेपाली

---

1= चूडामणि बन्धु, b]jsf]6f (ते.सं.), काठमाडौं : साझा प्रकाशन (२०५८ : पृ. ४) ।

2= महादेव अवस्थी, nIdLk|;fb b]jsf]6fsf] v08sfJosfl/tf, थापाथली : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.

(२०६१ : पृ. १६) ।

3= चूडामणि बन्धु, पूर्ववत्, पृ.९ ।

जगत्मा उभ्याए ।[द्ध] यिनी आफ्ना पिताका साहिला पुत्र भएकाले वरिपरिका छरछिमेकीहरू यिनलाई ‘साहिला दाइ’ ‘साहिला बाजे’ जस्ता उपनामले पनि सम्बोधन गरेको देखिन्छ ।[छ]

२.१.२. शिक्षादीक्षा

वि.सं. १९७१ सालमा ५ वर्षको उमेरमा पण्डित तिलमाधव देवकोटाले साहिला छोरा तीर्थमाधव देवकोटालाई अक्षरारम्भ गराउादा ‘क’ देखि ‘त्र’ सम्मका अक्षर उनले जानिसकेका थिए[ट] भन्ने कुरामा उनको आफ्नै आत्मस्वीकृति छ । अतः देवकोटाले प्रारम्भिक शिक्षा घरमै प्राप्त गरेको देखिन्छ ।

देवकोटालाई उनका पिताजीले संस्कृत पढाउने मनसायले तीन धारा पाठशालामा भर्ना गर्ने बन्दोबस्त मिलाइसकेका भए तापनि जेठा दाजु लेखनाथ र आमाचाहिका जोडले उनलाई आधुनिक शिक्षा अङ्ग्रेजी पढाउन वि.सं. १९७७ सालको चैत्र महिनामा दरबार स्कुलमा पााचौा कक्षामा भर्ना गरियो ।[ठ] निकै तिख्खर बुद्धि भएका देवकोटाले आफ्नो शिक्षालाई क्रमिक रूपमा अगाडि बढाउादै गए । वि.सं. १९८२ सालमा उनले पटनाबाट प्रथम श्रेणीमा म्याट्रिक परीक्षा उत्तीर्ण गरे ।[ड] अध्ययनकै क्रममा १९८३ सालमा १७ वर्षको उमेरमा देवकोटा त्रिचन्द्र कलेजमा आइ.एस्सी पढन भर्ना भए ।[ढ] वि.सं.१९८५ सालमा १९ वर्षका देवकोटाले आई.एस्सी. दोस्रो श्रेणीमा पास गरे ।[ञण] पढाईकै क्रममा अघि बढ्दै जाादा लक्ष्मीप्रसाद देवकोटाले वि.सं.१९८७

---

4= महादेव अवस्थी, पूर्ववत्, पृ.१३-१४ ।

5= कुमारबहादुर जोशी, dxfslj b]jsf]6f / pgsf dxfsfJo, काठमाडौं : साझा प्रकाशन (२०५२ : पृ. ११०) ।

6= लक्ष्मीप्रसाद देवकोटा, ‘कवि हुने धुनमा’, efg', देवकोटा lवशेषाङ्क ।

7= कुमारबहादुर जोशी, b]jsf]6fsf sljtfofqfsf] ljZn]if0f / d"Nof^a\sg, काठमाडौं : साझा प्रकाशन

(२०५७ : पृ.४) ।

8= पूर्वतत् ।

9= पूर्वतत् ।

10= पूर्वतत् ।

सालमा वि.ए.पार गरे ।[11] बि.ए.उत्तीर्ण भएपछि लक्ष्मीप्रसाद देवकोटा भारतको पटनातर्फ गई अङ्ग्रेजी एम.एम.को अध्ययन गर्न चाहन्थे तर उनको चाहनाले मूर्तरूप लिन सकेन । उहाांको विलक्षण प्रतिभादेखि प्रशासनिक यन्त्रमा पद दिई अल्झाउनका निम्ति १९८८ सालमा बी.एल्. पढ्न पटनातर्फ पठाइयो ।[12] १९९० सालमा २४ वर्षको उमेरमा पटनाबाट बी.एल. पास गरे ।[13] वि.सं.१९९३ सालमा देवकोटाले पटनाबाट अङ्ग्रेजीमा एम.ए.जाांच दिनका निम्ति जोडतोडले तयारी गर्न थालेको तर परिस्थिति प्रतिकूल हुनाका साथै स्वास्थ्य ठीक नरहनाले सो एम.ए.पूरा गर्न नपाएको कुरा थाहा हुन्छ । यसरी देवकोटाको अङ्ग्रेजीमा एम.ए.गर्ने धोको औपचारिक रूपमा पूरा हुन सकेन र उनको औपचारिक शिक्षा आर्जनको क्रम समाप्त भयो ।

२.१.३. पारिवारिक जिम्मेवारी र आर्थिक अवस्था

वि.सं.१९९१ असार २४ गते लक्ष्मीप्रसाद देवकोटाकी आमा अमरराज्यलक्ष्मीको ५४ वर्षको उमेरमा निधन भयो ।[14] यसको एक वर्ष नबित्दै अर्थात् मातृशोकबाट उम्कन नपाउादै वि.सं. १९९२ साल जेठ २५ गते लक्ष्मीप्रसादका बाबु तिलमाधव देवकोटाको पनि ८४ वर्षको उमेरमा निधन भयो ।[15] यसरी आफ्ना ममतामयी मातापिताको निधनले अत्यन्त आहत बन्न पुगे भने पारिवारिक जिम्मेवारी बहन गर्नुपर्ने दायित्व पनि बढ्न पुग्यो ।

कवि लक्ष्मीप्रसाद देवकोटा मध्यमवित्त परिवारमा जन्मेर पनि जीवनभर आर्थिक समस्याले ग्रसित नै रहे । आइ.एस्सी. पढ्न भर्ना भएदेखि नै ट्युसनवृत्तिमा लागेका देवकोटाको जीवनी आर्थिक विपन्नतामै बित्यो ।

लक्ष्मीप्रसाद देवकोटाको जीवन आर्थिक स्थितिले ज्यादै कष्टप्रद थियो । यिनी आफ्नो आर्थिक स्थितिलाई केही हदसम्म उकास्नका निम्ति दिनको ११-१२ घण्टासम्म ट्युसन पढाउन

11= पूर्वतत् ।

12= नित्यराज पाण्डे, dxfslj b]jsf]6f (दो. सं), ललितपुर : साझा प्रकाशन (२०६६ : पृ. ७) ।

13= कुमारबहादुर जोशी, पूर्ववत् ।

14= नित्यराज पाण्डे, पूर्ववत् (पृ. ८)।

15= पूर्वतत् ।

उनको निम्ति मामुली कुराजस्तै थियो ।[16] वि.सं.२००० साल भाद्र ११ गतेदेखि देवकोटा 'नेपाली भाषानुवाद परिषद' मा नेपाली पुस्तक लेखनको पदमा जागिरे भए ।[17] तर उनको जागिरले त्यहाा स्थायित्व लिन सकेन । वि.सं. २००३ साल आषाढ १२ गतेदेखि कवि देवकोटा त्रिचन्द्र कलेजमा नेपाली र अङ्ग्रेजी पढाउने प्राध्यापकका रूपमा नियुक्त भए । तर त्यहाा पनि देवकोटा धेरै समयसम्म टिक्न सकेनन् । त्यतिबेला देशमा रहेको अत्याचारी जहानियाा राणा शासनलाई हुत्याई देशमा प्रजातन्त्र ल्याउने सिलसिलामा उनी पढाउादा-पढाउादै प्राध्यापकीय जागिर छाडेर वि.सं. २००४ सालमा भारतको वनारस गए, जहाा उनले युगवाणी पत्रिकाको सम्पादन गरे । त्यतिबेर उनका १५ वर्षका छोरा कृष्णप्रसादले सिकिस्त बिरामी भई औषधोपचार नपाएर अकालमै मृत्युवरण गर्नु परेको देखिन्छ ।[18] वि.सं. २००५ सालको आधातिर श्रीमती देवकोटा पनि आर्थिक अवस्थाले टिक्न नसकेर वनारस पुगिन् । कविको आर्थिक स्थिति वनारसमा अघिदेखि नै नाजुक थियो भने त्यसमाथि छोरा र जहान समेत थपिन आउादा उनले आफ्ना कविताहरू बेचेर समेत गुजारा चलाउनु पर्ने बाध्यता सृजना भयो ।[19] वि.सं. २००६ सालमा कवि देवकोटा स्वेदश फिर्ता भए । स्वेदश फिर्ता भइसकेपछि उनको आर्थिक स्थितिलाई दृष्टिगत गरी सांस्कृतिक परिषद्ले केही महिनासम्म रु १५० मासिक भत्ता प्रदान गरेको पाइन्छ ।[20] वि.सं. २०११ श्रावण महिनाको अन्त्यतिर उनी पद्मकन्या कलेजमा प्रोफेसर नियुक्त भएको देखिन्छ ।[21] २०१२ सालमा उनी केही महिनाका निम्ति कमर्श कलेजमा प्राध्यापकीय काम गरेको[22] पनि पाइन्छ । २०१४ साल आषाढ ९ गते 'नेपाल एकेडेमी' को स्थापना हुादा देवकोटा साहित्य विभागका सदस्य नियुक्त भए, जहाा उनको

16= कुमारबहादुर जोशी, पूर्ववत् ।

17= पूर्ववत्, पृ.१०२ ।

18= कुमारबहादुर जोशी, पूर्ववत् ।

19= पूर्ववत् ।

20= पूर्ववत् ।

21= पूर्ववत् ।

22= पूर्ववत् ।

आम्दानी मासिक रु. ६०० देखापर्छ ।[23] यसै साल श्रावण ११ गतेदेखि कार्त्तिक २९ गतेसम्म छोटो अवधिका निम्ति उनी डा.के.आई. सिंहको मन्त्रीमण्डलमा शिक्षा तथा स्वायत्त शासन मन्त्री बनेको देखिन्छ ।[24] यसरी भाषानुवाद परिषद्को जागिरे पदबाट फालिई विभिन्न उतार-चढाव र दयनीय आर्थिक अवस्थाको सङ्कटदेखि शिक्षा तथा स्वायत्त शासन मन्त्रीसम्मको उछाल देवकोटाको पेशागत जीवनमा देख्न सकिन्छ ।

### २.१.४. मानसिक-शारीरिक स्वास्थ्य

वि.सं.१९९१ मा लक्ष्मीप्रसाद देवकोटाकी आमा र वि.सं. १९९२ मा पिताको देहावसान भएपछि उनीमाथि पारिवारिक दायित्व निकै बढ्यो भने आर्थिक स्थिति पनि निकै कमजोर स्थितिमा थियो । एकातिर मातापिताको देहावसानले उनको कोमल मनलाई निकै आहत पुऱ्यायो भने अर्कोतिर घरको आर्थिक सङ्कटावस्थाले गर्दा उनी ज्यादै मर्माहत बन्न पुगे ।

कवि लक्ष्मीप्रसाद देवकोटा अत्याचारी जहानियाा राणाशासनलाई उखेली देशमा प्रजातन्त्र ल्याउनको निम्ति वि.सं. २००४ सालमा प्रवासी जीवन बिताउन पुगे ।[25] वनारसमा उनको स्वास्थ्य ज्यादै दयनीय भयो । उनले आफ्ना कविताहरू बेचेर समेत खानको निम्ति छाक टार्दा[26] निश्चय पनि उनको खानपिनमा तलमाथि (अनियमित) भएको हुनुपर्छ । जसको फलस्वरूप उनको स्वास्थ्य बिग्रिादै गयो र उनी लेख्नै नसक्ने स्थितिमा वि.सं. २००६ सालमा देवकोटा स्वेदश फर्किए तर यहाा पनि आर्थिक सङ्कटावस्थाले गर्दा स्वास्थ्य झन् बिग्रन गयो । अन्ततः देवकोटालाई क्यान्सरजस्तो भयानक रोगले[27] समात्यो र यसै रोगको कारणले उनको मृत्यु भयो ।

---

23= पूर्ववत् ।

24= पूर्ववत् ।

25= कुमारबहादुर जोशी, पूर्ववत्, पृ.१०३ ।

26= पूर्ववत् ।

27= पूर्ववत् ।

२.१.५. सामाजिक-राजनैतिक सक्रियता

वि.सं. १९८७ सालमा भएको 'लाईब्रेरी पर्व' मा केन्द्रीय भूमिकामा रहेका लक्ष्मीप्रसाद देवकोटा पक्राउ परेबाट उनको सामाजिक-राजनैतिक सक्रियताको पुष्टि हुन्छ। यस पर्वमा देवकोटाका अलावा जोगवीर सिंह, शङ्करदेव पन्त, कृष्णप्रसादजस्ता व्यक्तिहरू पनि सामेल थिए।[द्ड] पछि तत्कालीन मन्त्री भीमशमशेरको सरकारले जनपुस्तकालय खोली शैक्षिकस्तर उकास्ने उद्देश्यले एउटा कागजमा हस्ताक्षर गरेबापत ती सबैलाई रु १००/१०० जरिवाना गरी अब उप्रान्त यस्तो काम कहिल्यै गर्ने छैन भन्ने सर्तमा छोडिदियो।

यसरी सार्वजनिक कार्यमा संलग्न हुन खोज्दा पहिलो प्रयासमै दण्डित हुन परेकोले लामो समयसम्म उनी राजनैतिक-सामाजिक कार्यमा लागेनन्। लक्ष्मीप्रसाद देवकोटा प्रत्यक्ष रूपले सामाजिक-राजनैतिक कार्यमा संलग्न नभए तापनि तत्कालीन समयमा बी.ए., बी.एल.गरेको एक प्रबुद्ध नागरिकका हैसियतले भने अप्रत्यक्ष रूपमा आफ्ना काव्य-कवितामा आफूभित्र दन्केको विद्रोहरूपी ज्वालालाई भने व्यक्त गरी नै रहे। यसरी उनी २००३ सालसम्म अप्रत्यक्ष रूपमा सामाजिक-राजनैतिक कार्यमा संलग्न रहे भने वि.सं. २००४ सालमा उनी राणाविरोधी राजनैतिक गतिविधिमा संलग्न हुन भारतको वनारस प्रवास गए।[द्ढ] त्यहाा पुगेर उनले युगवाणी पत्रिकाको सम्पादन गरे र उक्त पत्रिकामार्फत् राणविरोधी विचार/कार्यलाई अगाडि बढाए। वि.सं. २००४ सालको श्रावण ३ गते क्रान्ति कार्यमा संलग्न हुन पुगेका देवकोटा दुई वर्ष दुई महिना जति त्यहाा बसेर वि.सं. २००६ सालको दसैतिर आफ्ना जहान, परिवारका साथ घर फर्के।[घण]

२००६ सालको दसैतिर घर फर्केपछि देवकोटा राजनीतिमा सक्रिय रूपले होम्मिएको देखिन्छ। जसको फलस्वरूप २००७ सालको फागुन ७ गते जनक्रान्ति सफल भई देशमा प्रजातन्त्र आएपछि उनी दुई-दुई पटक (२००९-२०११) राष्ट्रिय सल्लाहकार समितिमा नियुक्त भए।[घज्ञ] २०११ सालमा विरोधी दलको नेतामा समेत चुनिए[घद्द] र आफ्नो राजनैतिक प्रखर

28= पूर्ववत्।

29= कुमारबहादुर जोशी, पूर्ववत्।

30= चूडामणि बन्धु, पूर्ववत्।

31= पूर्ववत्।

व्यक्तित्वको परिचय समेत दिए । त्यसपछि वि.सं.२०१४ साल श्रावण ११ गते उनी डा.के.आई. सिंहको प्रधानमन्त्रीत्वमा गठित मन्त्रीमण्डलका शिक्षा तथा स्वायत्त शासन मन्त्रीका रूपमा नियुक्त भई सोही सालको कार्त्तिक २९ गतेसम्म रहे । यसरी नै उनले शिक्षा क्षेत्रमा खेलेको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । उनकै पहलमा गीता गृहको स्थापना, नेपाल एकेडेमीको स्थापना आदि भएको देखिन्छ । यसरी देवकोटाको सामाजिक-राजनैतिक गतिविधिमा तिब्रता आउने र देश-विदेशका अनेक ठाउाको भ्रमण गर्ने समयावधि २००७-२०१४ सालमा देखिन्छ । यस अवधिमा उनी जहाा-जहाा पुगेका थिए त्यहाा-त्यहाा उनले ओजस्वी भाषण र स्वयम् आफैले आफ्ना कविता अङ्ग्रेजीमा अनुवाद गरी सुनाएर नेपालीहरूको शिर उच्च पारेका थिए । उनको यो सामाजिक-राजनैतिक सक्रियता तीव्रतर बनेको यस अवधिमा उनको सृजनात्मक निरन्तरता कायमै रहेको देखिए पनि उनका बाहृय सामाजिक-राजनैतिक गतिविधिका सापेक्षतामा त्यसको परिमाणमा कमै मात्रामा देखियो ।[घघ] यसरी नै उनले त्रि.वि.वि.को स्थापनाबारे गरेको विशेष पहल पनि अविस्मरणीय नै रहेको छ ।

२.१.६. देहावसान र मरणोपरान्तका सम्झना एवम् सम्मान

वि.सं. २०१६ सालको वर्ष देवकोटाको जीवनयात्राको अन्तिम वर्ष हो । २०१४-१०१५ सालदेखि नै क्यान्सरले पिल्सिादै र आर्थिक सङ्कटले ताडिादै आएका देवकोटा ऋणग्रस्त समेत बनिसकेका थिए र औषधोपचारका निम्ति उनलाई पैसाको खााचो थियो ।[घद्ध] बल्लबल्ल केही सापटी लिई उनी औषधोपचारका लागि शान्तभवन अस्पतालमा भर्ना भए । लक्ष्मीप्रसाद देवकोटाको ज्यादै चुरोट सेवन गर्ने आदत थियो ।[घछ] यसैको फलस्वरूप उनलाई क्यान्सरजस्तो भयानक रोग लागेको तर त्यो पछि मात्र थाहा भएको कुरा[घट] कुमारबहादुर जोशीले उल्लेख गरेका छन् । यसरी क्यान्सरजस्तो रोगको वेदनालाई खप्दै र आर्थिक सङ्कटको सामना गर्दै

---

32= पूर्ववत् ।

33= कुमारबहादुर जोशी, पूर्ववत् ।

34= हरि श्रेष्ठ, ctLtsf :d[lt, काठमाडौं : श्रीमती सरिता श्रेष्ठ (२०४६ : पृ. ११) ।

35= चूडामणि बन्धु, पूर्ववत् ।

36= कुमारबहादुर जोशी, पूर्ववत्, पृ.१०५ ।

तथा कविता रच्दै र महान् उद्गारहरू अभिव्यक्ति गर्दै, अनि आफ्ना लालाबालाको बिजोग हुने सम्झेर अलिक विचलित बन्दै र सबैलाई अन्तिम नमस्कार टक्र्याउदै आफ्नो पछाडि दुई छोरा र चार छोरीसहित धर्मपत्नी मनदेवीलाई छोडेर एक महान् शाश्वत कवि लक्ष्मीप्रसाद देवकोटाले पशुपतिनाथको आर्यघाटमा आफ्नो पाञ्चभौतिक शरीर विसर्जित गरे । नेपाल र नेपालीको अपूरणीय क्षति भएको यो दुःखदायी दिन र समय थियो वि.सं. २०१६ साल भाद्र २९ गते ।

यसरी देवकोटाको निधन भएको भोलिपल्ट नै उनकै सम्झनामा प्रतिनिधि सभा तथा राष्ट्रियसभा दुवै सदनका कार्य स्थगित गरी राष्ट्रिय झण्डा आधा झुकाएर अधिराज्यभरका अड्डा-अदालत तथा शिक्षण संस्थाहरूलाई बिदा दिने घोषणा गरियो ।[घठ] देवकोटाको निधनको तेह्रौ दिन तत्कालीन मन्त्रीहरू तथा उपत्यकाका विभिन्न शैक्षिक तथा सामाजिक सङ्घ-संस्थाहरू समेत सम्मिलित भएको अपूर्व मौन जुलुसले नगर परिक्रमा गरी सदन टुडिखेलको ऐतिहासिक खरीको बोट मुनी एक विशाल शोकसभाको रूप लिई उनीप्रति हार्दिक श्रद्धाञ्जली अर्पित गऱ्यो ।[घड] उल्लिखित शोकसभामा तत्कालिन महाराजधिराज स्वर्गवासी श्री ५ महेन्द्रबाट कविका नाममा एउटा शोक सन्देश पठाइबक्सेको थियो । देवकोटाको निधनपछि उनका सम्झनामा प्यूठान, विराटनगर, काठमाडौ, कालिम्पोङमा प्रतिमा स्थापित भए ।[घढ] त्यसैगरी सुनसरीमा, सिलगढीमा क्रमशः देवकोटा विद्यालय र देवकोटा सङ्घ, भद्रपुरमा लक्ष्मीरोदीघर, काठमाडौमा देवकोटा बाडली,, विराटनगरमा देवकोटा पुस्तकालयजस्ता सङ्घसंस्थाका साथै विद्यालयहरू उनका नाममा खुलेका छन् ।[द्धण] र खुल्नेक्रम जारी नै छन् । त्यसैगरी देवकोटालाई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले मरणोपरान्त वि.सं. २०२३ को त्रिभुवन पुरस्कार प्रदान गऱ्यो ।[द्धञ]

---

37= पूर्ववत् ।

38= पूर्ववत् ।

39= चूडामणि बन्धु, पूर्ववत्, पृ. ३७ ।

40= पूर्ववत् ।

41= कुमारबहादुर जोशी, पूर्ववत्, ।

यसप्रकार सबैलाई शोकाकुल तुल्याउदै आफ्नो नश्वर पाञ्चभौतिक शरीरलाई त्यागेर महाकवि लक्ष्मीप्रसाद देवकोटा यस लोकबाट विदा भए तापनि उनी सदा अमर छन् र रहिरहने छन् ।

२.२. लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्वको रूपरेखा

लक्ष्मीप्रसाद देवकोटा एक बहुआयमिक व्यक्तित्व हुन् । मन्त्री पद समेत सहमालेका देवकोटा साहित्यका क्षेत्रमा विशेष रूपमा सफलता प्राप्त गर्न सक्षम व्यक्तित्व हुन् । साहित्यका क्षेत्रमा खास गरी कविता र निबन्धले उनको छविलाई उज्ज्वल पारेको पाइन्छ । यसबाहेक उनले कथा, उपन्यास, नाटक, बालसाहित्य, गीत, अनुवाद आदि क्षेत्रमा समेत आफ्नो व्यक्तित्व कायम राखेको पाइन्छ ।

लक्ष्मीप्रसाद देवकोटाका अनेक व्यक्तित्वलाई केही हदसम्म तलका शीर्षकहरूमार्फत् समेट्न कोसिस गरिएको छ ।

२.२.१. कविव्यक्तित्व

लक्ष्मीप्रसाद देवकोटाको सशक्त साहित्यिक विधा कविता विद्या हो । १० वर्षको उमेर ( १९७६) मा पिताजीका प्रभावमा परेर लेखेको 'घनघोर दुःखसागर' भन्ने दुई पङ्क्तिको लघुत्तम कविता वा मुक्तक नै उनको उपलब्ध पहिलो नेपाली कविता ठहरिन्छ ।[द्दद] शून्यमा शून्यसरि चाहि देवकोटाले शान्तभवन अस्पतालमा मृत्युशैय्यामा बसेर लेखेको उनको जीवनको अन्तिम नेपाली कविता हो ।[द्दघ] वि.सं. १९७६ देखि वि.सं. २०१६ को जीवनयात्राका क्रममा उनले अनेक फुटकर कविता रचे र ती कविताहरू कतिपय विभिन्न सङ्ग्रहका रूपमा प्रकाशित छन् भने कतिपय फुटकर रूपमा विभिन्न पत्रपत्रिकामार्फत् पढ्न पाइन्छ । देवकोटाले लघुत्तमदेखि बृहत रूपसम्मका कविता कृतिहरूको रचना गरेका छन् । उनले मुक्तक कविता फाट्टफुट्ट

42= कुमारबहादुर जोशी, b]jsf]6fsf sljtf– ofqfsf] ljZn]if0f / d"Nofª\sg, काठमाडौं : साझा प्रकाशन,
(२०४७ : पृ.४) ।

43= पूर्ववत., पृ.१२१ ।

मात्र लेखे भने उनको कविव्यक्तित्वको मुख्य योगदान अरू तीन उपविधा (फुटकर कविता, खण्डकाव्य, महाकाव्य) मा देखापर्छ ।[44] यीमध्ये पनि उनका फुटकर कविता (र गीत) हरूकै राशि सबैभन्दा बढी देखिन्छ र तिनका एक दर्जनभन्दा बढी सङ्ग्रहरू प्रकाशित छन् ।[45] जस्तै : जन्मोत्सव र मुटुको व्यथा, भिखारी, भावना गाङगेय, लक्ष्मी गीतिसङ्ग्रह, मनोरञ्जन, आकाश बोल्छ, छागासाग कुरा, पुतली, सुनको बिहान आदि ।

देवकोटाले लेखेका भेटिन आएका ६४४ फुटकर कविता[46] छन् । तीमध्येका उच्चतम, उच्चतर र उच्च गरी ३२ वटा उत्कृष्ट[47] कविताहरू रहेका छन् । यस दृष्टिले पनि देवकोटाका कविता परिमाणात्म र गुणात्मक रूपमा उच्च छन् । कविता-यात्राको पूर्वार्ध ( १९९१-२००३) मा उनी नेपाली स्वच्छन्दवादी काव्यधाराको प्रवर्तन र संवर्द्धनमा विशेष संलग्न रहेका छन् भने त्यसपछिको कविता-यात्रा वा उत्तरार्द्ध कविता-यात्रा (२००४-१६) मा उनी प्रगतिवादलाई समेत स्वच्छन्दवादका साथ आगाल्दै स्वच्छन्दतावादी प्रगतिवादी कविका रूपमा देखापर्छन् ।[48]

वि.सं. १९७६ देखि १९९० सम्मको पन्ध्र वर्ष लामो साहित्यिक अध्ययन र प्रशस्त कविता/गीतको रचनाको अभ्यास[49] भएका देवकोटाले आफ्नो जीवनकालमा प्रशस्त खण्डकाव्यहरू रचना गरेको पाइन्छ । वि.सं. १९९२ मा आफ्नो प्रथम खण्डकाव्य मुनामदनको रचना एवम् प्रकाशन समेत गरी आफूलाई खण्डकाव्यकारका रूपमा पनि उभ्याए ।[50] आख्यान र कवितातत्वका बिचको उच्च संयोजन भएको नयाा खण्डकाव्यकृति प्रस्तुत गरेर आफ्नो खण्डकाव्यकारिताको विकासक्रमको थालनी[51] गर्न पुगेका हुन् । नेपाली कवितामा

---

44= महादेव अवस्थी, पूर्ववत्, पृ. ६४ ।

45= ऐजन् ।

46= कुमारबहादुर जोशी, पूर्ववत्, पृ.१८१ ।

47= ऐजन् ।

48= पूर्ववत्, पृ. १८४ ।

49= महादेव अवस्थी, पूर्ववत् , पृ. ८९ ।

50= पूर्ववत् ।

51= पूर्ववत् ।

स्वच्छन्दतावादी धाराको प्रवर्तन गरेको र त्यसलाई वि.सं. १९९२ को मुनामदन खण्डकाव्यद्वारा प्रतिष्ठापित समेत तुल्याएको[छद] पाइन्छ। प्रकाशित एवम् उपलब्ध खण्डकाव्यको खास सङ्ख्या पैतीस[छघ] ओटा रहेको पाइन्छ। विभिन्न खण्डकाव्यमा विभिन्न परिवेश समेट्दै नेपाली खण्डकाव्यजगत्मा जोसुकैलाई पनि मनपर्ने मुनामदनजस्तो उत्कृष्ट खण्डकाव्य दिएका छन्। खण्डकाव्यका दृष्टिमा देवकोटा अगाडि नै देखिन्छन्।

कविता र खण्डकाव्यमा आफ्नो कलम चलाएका देवकोटा महाकाव्यमा पनि साहित्यिक व्यक्तित्व उच्च स्थानमा रहेको छ। नेपाली महाकाव्यको विकास प्रक्रियाकै उत्कर्षकाल मानिने २००२-२०१५ का बिचमा अग्रज र सर्वश्रेष्ठ महाकाव्यकारका रूपमा उनले आफ्नो पहिचान कायम गरे।[छध] नेपाली महाकाव्य आईसल्यान्डको सर्पजस्तो[छछ] मानिएको र अभावपूर्तिको रूपमा आएको शाकुन्तल महाकाव्य प्रकृति नियम र महाकाव्यीय लक्षणअनुरूप उत्कृष्ट मानिन्छ। शाकुन्तल महाकाव्य लेखेर पौराणिकजग्को यात्रा गर्ने देवकोटाले सुलोचना महाकाव्य लेखेर सामाजिक जनजीवन र वनकुसुम महाकाव्य लेखेर काल्पनिक संसारमा विचरण गर्दा पनि नेपाली संस्कृतिलाई झल्काउने काम गरेका छन्। त्यसपछिका अन्य महाकाव्यहरू– महाराण प्रताप र पृश्वीराज चौहानले भारतीय महापुरुषलाई समेटेका छन् भने प्रमिथसले अन्तराष्ट्रिय र अर्न्तजातिय सांस्कृतिक गरिमालाई समेत छुन पुगेको छ। देवकोटा आफ्ना महाकाव्यमा पूर्वीय जगत्देखि पाश्चात्य जगत्को विचरण गर्न पुगेको देखिन्छ।

देवकोटाले रचना गरेका पूर्ण र अपूर्ण महाकाव्यहरू चौध वटा पाइन्छ। पूर्ण र प्रकाशित महाकाव्यहरू ६ वटा छन्– शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणप्रताप, प्रमिथस र पृश्वीराज चौहान हुन् भने केही अंश मात्र लेखिएका महाकाव्यहरू- सुषमालोचन र भक्त प्रह्लाद उर्पयुल्लिखित पूर्ण र अपूर्ण महाकाव्यहरू बाहेक उनका बुद्धचरित्र, संस्कृतमा लेखिएको

52= पूर्ववत्।

53= पूर्ववत्, पृ. ८६।

54= पूर्णप्रसाद अधिकारी, dxfslj b]jsf]6f s]xL cfofd, काठमाडौं : शब्दार्थ प्रकाशन (२०६२ पृ. १३४)।

55= लक्ष्मीप्रसाद देवकोटा, zfs'Gtn (चौथो संस्करण), ललितपुर : साझा प्रकाशन (२०४४ : पृ.१)।

सिकन्दर, अङ्ग्रेजी शाकुन्तला, सुन्दरीजल, तथागत र सत्याभासजस्ता महाकाव्यहरू पनि रहेको चर्चा पाइन्छ ।

समग्रमा भन्नुपर्दा देवकोटाको सर्वश्रेष्ठ महाकाव्यका रूपमा शाकुन्तललाई लिइन्छ । विभिन्न ढाचा-लयलाई आगालेर लेखिएका उनका महाकाव्यहरू गुण र परिमाणमा समेत उत्कृष्ट ठहरिन्छ । तसर्थ देवकोटा फुटकर कविता, खण्डकाव्य र महाकाव्यका क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल कविव्यक्तित्वका रूपमा चिनिने नेपालका महाकवि हुन् ।

२.२.२. निबन्धकार व्यक्तित्व

लक्ष्मीप्रसाद देवकोटाले नेपाली निबन्धका क्षेत्रमा चलिआएको वस्तुपरक निबन्धको खुड्किला उछिन्दै आत्मपरक (निजात्मक) निबन्धकारका रूपमा प्रवेश गरे । नेपाली निबन्धका क्षेत्रमा वास्तविक विधागत निजी लेखकीय वैशिष्ट्य नपाएका बखतमा १९९३ सालमा शारदा पत्रिकामार्फत् 'आषाढको पन्ध्र' नामक आत्मपरक निबन्ध लिएर देवकोटा प्रार्दुभाव भए देवकोटाको प्रवेशले निबन्धको मूल्यगत स्थिरता र विधागत अस्तित्व तथा सफल निबन्धको सुदृढीकरण भयो । वि.सं. १९९५ भित्र नै 'भलादमी', 'फूल', 'निन्द्रा', 'पहाडी जीवन'जस्ता महत्त्वपूर्ण निबन्धहरू रचे । यसरी सुरुदेखि मृत्युपर्यन्त (२०१६) सम्म अन्य विधाका साथसाथै निबन्धमा पनि कलम चलाइरहे । वि.सं. २००२ सालमा ३७ वटा निबन्धहरूको सङ्कलितस्वरूप लक्ष्मी निबन्धसङ्ग्रह प्रकाशित हुन्छ । यस निबन्ध सङ्ग्रहको प्रकाशन अघि र पछि गरी रचिएका अन्य १८ वटा निबन्धहरूको संगालो २०३९ सालमा सम्पादक राजेन्द्र सुवेदीको सम्पादनमा प्रकाशित दाडिमको रुखनेर पनि महत्त्वपूर्ण रहेको छ । राजेन्द्र सुवेदीकै सम्पादनमा स्रष्टा देवकोटा द्रष्टा परिवेश भन्ने समालोचनात्मक ११ लेखहरूको सङ्ग्रह पनि निबन्ध सिर्जनाको अंशियार देखिन्छ । फुटकर रूपमा पत्र-पत्रिकाहरूमा पनि उनका निबन्धहरू प्रकाशित छन् जस्तै : कला (युगवाणी १/६), बजेटको आलोचना (२०११), यात्रीबारे (जयन्ती ६), ईश्वरवाद र अनिश्वरवाद (अप्रकाशित), आˆनो चर्चा आफैले सुन्दा (रूपरेखा ४८), भिखारी, देवकोटा, शैली र भिखारीको यथार्थ, भिखारी प्रशंसाका आधारहरू (जयन्ती ४), प्रेस वक्तव्य (२०१२) र मार्ग (जयन्ती ७) जस्ता विविध अन्य निबन्धात्मक कृतिहरू पनि भूमिकादि

लेखनवाट प्राप्त हुन्छन् ।[छट] यसबाहेक देवकोटाले अङ्ग्रेजी निबन्धको रचना र अङ्ग्रेजी निबन्धकै निबन्धहरूको अनुवाद गरेर पनि नेपाली निबन्ध जगत्‌लाई विशेष प्रतिभाको परिचय दिएका छन् ।

समग्ररूपमा हेर्दा रोमान्टिक मानवतावादी एवम् रोमान्टिक प्रगतिवादी निबन्धकारका रूपमा परिचित देवकोटा भावी प्रतिभाहरूका मार्गदर्शक बनेका छन् । नेपाली निबन्ध जगत्‌ले जति आत्मपरक निबन्धको सिङ्गो साहित्यमा योगदान थप्दै जानेछ त्यो श्रेय निबन्धकार देवकोटाको प्रार्दुभावलाई प्राप्त भइरहनेछ भन्नु अत्युक्ति हुने छैन ।

२.२.३. कथाकार व्यक्तित्व

कथाकार लक्ष्मीप्रसाद देवकोटाले वि.सं. १९९६ सालदेखि कथा लेख्न प्रारम्भ गरेर आफ्नो जीवनपर्यन्त (२०१६ सालसम्म) कथा लेखेको पाइन्छ । दुई दशकको अवधिमा झण्डै दुई दर्जन जति कथा लेखेर नेपाली साहित्यको भण्डार भर्न निकै सहयोग पुऱ्याएका छन् । बालमनोविज्ञानलाई आफ्नो कथामा स्थान दिादै कथा लेख्न सुरु गरेर राजनैतिक व्यङ्ग्य र यौन मनोविश्लेषणलाई समेत आफ्ना कथाको मुख्य क्षेत्र बनाएका छन् । उनका पत्र-पत्रिकामा प्रकाशित र प्राप्त कथाहरूका आधारमा ती कथाहरूलाई निम्नलिखित तीन चरणमा विभाजन गर्न सकिन्छ :

प्रथम चरण (वि.सं. १९९६ देखि वि.सं. २००३ सम्म)

दोस्रो चरण (वि.सं. २००४ देखि वि.सं. २००७ सम्म)

तेस्रो चरण (वि.सं. २००८ देखि वि.सं. २०१६ सम्म)

प्रथम चरणमा देवकोटा जम्मा दुईवटा कथा प्रकाशित भएको पाइन्छ । वि.सं. १९९६ साल जेठ महिनामा उनको प्रथम प्रकाशित 'उनको मने' कथा प्रकाशित भई त्यहीाबाट उनको कथालेखन सुरु हुन्छ । यस चरणको अर्को कथा 'तारा' हो ।

दोस्रो चरणको थालनी वनारस प्रवासपछि युगवाणी पत्रिकामा प्रकाशित कथाहरूबाट हुन्छ । यस चरणका कथाहरूको उद्देश्य राजनैतिक व्यङ्ग्य गर्नु भएकोले २००७ सालसम्मका

56= ध्रुवप्रसाद बस्याल, लक्ष्मीनिबन्ध सङ्ग्रहको कृतिपरक विश्लेषण,एम.ए. अप्रकाशित स्नातकोत्तर शोधपत्र, (२०५४), पृ.२३-२४

कथालाई द्वितीय चरणमा राखी अध्ययन गरिन्छ । 'हत्यारो डाह' जस्ता युगवाणी पत्रिकामा प्रकाशित कथाले प्रथम चरणदेखि द्वितीय चरणसम्म आउादा यौन मनोविश्लेषण सशक्त रूपमा गर्छन् ।[छ्ठ] यस्तै 'डाइमनको कुकुर', 'नपुंसक प्रजा', 'राजा कसरी गर्छन् राज ?' जस्ता कथाले राजनैतिक व्यङ्ग्य गरेका छन् । जो सामाजिक कथाकारहरूले यसरी तिब्ररूपमा गरेको पाइादैन । यो उनको नवीन प्रवृत्ति हो ।

तेस्रो चरणका कथामा नारीको अधिकार र कर्तव्यमाथि कथाहरू लेखिन थालिए । जस्तै : 'समाजवाद भनेको के हो ?', 'भन्ने कुरा', 'समाजवादका धुनमा' जस्ता युगवाणी पत्रिका ( २००८) मा प्रकाशित कथाले प्रकाश पा¥यो । यस्तै 'बङगाली बाबु' (२०११), 'मन र तन' जस्ता कथाहरूले कथाको क्षेत्र नै विस्तृत भयो । तृतीय चरणका कथामा काल्पनिकभन्दा बढी यथार्थ घटनाको संयोजन पाइन्छ ।

यसरी कथाकार लक्ष्मीप्रसाद देवकोटाले विभिन्न सांस्कृतिक परिवेश प्रचलन, तथा प्रभावमा हुर्किएका नेपालीका विभिन्न जातिहरूका सम्भ्रान्त, मध्य र निम्नवर्गीय समाजको चित्रणलाई आधार बनाएर कथा लेखेका छन् । यही नै उनका कथाको धरातल हो ।

२.२.४. बाल साहित्यकार व्यक्तित्व

लक्ष्मीप्रसाद देवकोटाले अन्य साहित्यिक विधामाझौ बालसाहित्य फाांटमा पनि कलम चलाएका छन् । उनका प्रारम्भिक लेखनका कवितामा नै बालोपयोगी रचनाशिल्पको अभिव्यक्ति कलाको प्रयोग भएको छ । १९८७ सालमा रचित र हालसम्म पनि प्रकाशित नभएका कविताहरू 'फुल्यो आलुबखडा' र 'नपाउा पोइ घुर्ने' जस्ता कवितामा बालक रमाउने र ग्रहण गर्न सक्ने बनाएका छन् । त्यसै गरी 'मनोरञ्जन' कविता, 'तारा' र 'उनका मने' कथाहरू, 'दान', 'श्रीपञ्चमीको दिन' २०१०, 'वीरहरू', 'शिक्षा', 'कविराजको च्याङग्रे खच्चर' जस्ता निबन्धहरूमा पनि बालसाहित्य नै पाइन्छ । देवकोटाले अप्रत्यक्ष रूपमा (बालकका लागि भनेर नलेखिएको तर बालोपयोगी) २००० सालसम्म आफ्ना कृतिमा सामग्रीहरू पस्किरहे ।

57= तारानाथ शर्मा, g]kfnL ;flxTosf] Oltxf; (दो.सं.), काठमाडौं : सङ्कल्प प्रकाशन (२०३९ : पृ.१२९) ।

२००० सालमा आएर प्रत्यक्ष रूपमा (बालककै निम्ति भनेर लेखिएको) सुनको बिहान (२००९) र पुतली (२०१०) कवितासङ्ग्रहमार्फत् बालसाहित्यमा प्रवेश गर्दछन् ।

सुनको बिहान कवितासङ्ग्रहमा १९ वटा कविताहरू छन् । जसमध्ये 'सुनको विहान', 'पाप लाग्छ', 'पैसा', 'सिंह र मुसो', 'पल्टन' आदि कविता उत्कृष्ट छन् भने पुतली (२०१०) मा १६ वटा कविताहरू छन् । जसमध्ये 'आमा', 'इन्द्र धनु', 'के हो नेपाल', 'पानी', 'भागेरी', 'सपनाहरू', '६ बहिनी', 'वसन्तमेला' आदि रहेका छन् । यस पुतली सङ्ग्रहका कविता खास गरी मा.वि. तहका विद्यार्थीहरू तथा क्याम्पस तहका विद्यार्थीहरूलाई अति उपयोगी हुने खालका छन् । त्यस्तै गरी चिल्ला पातहरू (२०२१) का २२ वटा कवितामध्ये ६ वटा बालसीमामा आधारित छन् । जस्तै : 'प्रार्थना', 'राष्ट्रिय गान', 'राष्ट्रभाषा नेपाली', 'भोटेले साइकल देख्छ', 'चिडियाहरू', 'तारा' आदि पुतली सङ्ग्रहका कविताहरूभन्दा सबल र सफल छन् ।

देवकोटाका यी बालउपयोगी सामग्रीहरूलाई टेलिभिजन तथा रेडियोमार्फत् प्रचार-प्रसार गर्न सके बालबालिकाका निम्ति उपयोगसिद्ध हुनेछ । त्यसैले देवकोटा बालसाहित्यमा पनि उत्कृष्ट साहित्यकार मानिन्छन् ।

### २.२.५. नाटककार व्यक्तित्व

लक्ष्मीप्रसाद देवकोटालाई कविताका क्षेत्रमा जसरी पाश्चात्य शैलीको प्रभाव परेको थियो त्यसरी नै नाटकका क्षेत्रमा पाश्चात्य नाटककार शेक्सपियरको 'म्याक्बेथ' लाई नेपालीमा अनुदित गरेका छन् । देवकोटाले वि.सं. १९९२ सालदेखि नै गाईजात्राको अवसरमा देखाउनका निम्ति नाटक प्रहसनहरू लेखे ।[छड] देवकोटाका 'मुना' र 'शिक्षाको चमत्कार' जस्ता एकाङ्की 'बिज्जुको चरित्र' जस्ता रोचक र व्याङ्ग्यात्मक नाटक भने अपूर्ण नै रहेको देखिन्छ । स्वााचा र तथागत जस्ता अरू गीतिनाटक पनि प्रकाशित  हुन सकेनन् ।[छढ] उनले लेखेका कृषिवाला (२०२१) र सावित्रीसत्यवान् (२०२४) भने पूर्ण र प्रकाशित नाटकहरू हुन् । राजपूतरमणी, भरतमिलन र कृष्णाष्टमीजस्ता नाटकहरू पनि अभिनीत भएका छन् र नेपाली जीवनको

58= चूडामणि बन्धु, पूर्ववत्, पृ. ३९७

59= ऐजन् ।

चित्रण गर्दै एउटा नाटक अङ्ग्रेजीमा पनि लेखेका छन् ।[60] देवकोटाले आफ्नो गीतिनाटक कृषिवालामा समसामयिक कृषि व्यवस्था र कृषकहरूको जीवनको साह्रै आकर्षण चित्रण गरेका छन् । यसको कथावस्तु सामान्य भए तापनि यसप्रकारको कृषिले लोकगीतको प्रयोग क्षेत्रलाई अझ विस्तृत बनाएका छन् । सावित्रीसत्यवान् नाटक सत्यवान् र सावित्रीको पुनर्मिलनमा टुङ्गिएको संयोगान्त पद्य-नाटक हो । जसमा हार्दिक वा सत्य प्रेमको सर्वातिशायी महिमा गाइएको छ ।

यसरी गीतिनाटक कृषिवाला र सावित्रीसत्यवान् पद्य नाटकबाट देवकोटाले यस क्षेत्रमा विशिष्ट स्थान बनाएका छन् ।

### २.२.६. उपन्यासकार व्यक्तित्व

लक्ष्मीप्रसाद देवकोटाले एउटा मात्र सामाजिक उपन्यास चम्पा (२०२४) लेखेका छन् । यस उपन्यासमा देवकोटा  समाजमुखी बनेका छन् । उनको उपन्यासको अध्ययन रोचक छ । देवकोटाका पात्रहरू उपन्यासमा आफै वातावरण बोकेर आएका छन् । चरित्र चित्रणमा बेजोड देखिएका देवकोटा कथा प्रवाहका साथ पात्रहरू बहेका छन् । विशेषगरी काठमाडौंका बाहुन समाजका लोग्नेमान्छे र आइमाईहरू उनका उपन्यासमा सजीव बनेका छन् । मानसिक घात-प्रतिघात, परिस्थितिजन्य क्रियाकलाप, मानसिक सङ्घर्ष तथा दोधारे स्थितिको वर्णनमा पनि देवकोटाले विशिष्टता देखाएका छन् । उपन्यासमा पात्रहरूले परम्परागत संस्कार र विचार लिएर अनकूल व्यवहार देखाएका छन् तापनि नारीलाई उनले विद्रोही पनि बनाएका छन् ।

चित्रात्मक वर्णन, छोटो चुट्किलो संवाद, असाधारण भाषाशैलीको प्रयोगले गर्दा उनको स्थान उपन्यासमा पनि उच्च रहेको छ ।

### २.२.७. गीतकार व्यक्तित्व

लक्ष्मीप्रसाद देवकोटाको बहुआयमिक व्यक्तित्वभित्र गीतकार व्यक्तित्व पनि पर्दछ । उनका गाइने गीत (२०२४) भित्र प्रातः प्रबोध, कल्पनाको चाहना, प्रभाकर, कविता शीत विन्दु, नेपाल, बीज, कोजाग्रत पूर्णिमा, गाउ गाउ लाग्यो, कुइरी बिहान, मैले भने (१), मैले

60= ऐजन् ।

भने (२), उनले भने, भ्याउा, हजार मरण हजार जीवन, कविताको घर, शिशुफूल, साााभ्कसाग, गाइने, सुख प्रेरणा, रुा रुा, एक रात, तारा फूलको बारी, धान, खोला, मेरो शिशु, जङ्गलिनी, चमार र भो है गरी ३० वटा र लक्ष्मी गीतिसङ्ग्रह (२०३४) भित्र भ्कण्डागान, मलाई, दमाइा-दाइ, विदाइ, भ्काकी, जाग, शान्तिगीत, किसान, रोपाइा गान, बन र जन, साउन आउाछ, आकाश-गंगा, कोइलीलाई, एक बिहान, जुनकीरीलाई, गोसाइाकुण्डको यात्री, प्रेमपरी, साउन, जलमेला, पन्छी, भैलो गीत, रोपाइाको दिन, विरहिणी गान, पाहुना, बैस, धानवाला, खोलो, यो युग, राष्ट्रभाषाको प्रेम आदि गरी ७६ वटा रहेका छन्। यी गीतहरूको रचना देवकोटाले वि.सं. २०१० र २०१२-१३ सालतिर गरेको ठहर 'प्रकाशकीय' चुडामणि बन्धुको रहेको छ।[61] गाइने गीतमा सङ्कलित गीतहरू रुमानी छन् भने वि.सं. २०१० सालतिर लेखिएका गीतहरू प्रगतिवादी विचारतिर पनि ढल्केका छन्।[62] उनका कयौा गीतहरू प्रकाशित हुन बााकी नै छन्। ती गीतहरूको प्रकाशन भएपछि देवकोटा सङ्गीतको उन्नतिमा सक्रिय हुने कलाकारलाई अवश्य पनि बढी मात्रामा प्रेरणा प्राप्त हुनेछन्। देवकोटाका प्रकाशित गीतले भाषाको आवरण र लयको प्रवाह लिएको देखिन्छ। उनी कुनै अविदितको मोहनीमा मुग्ध भएर भावपूर्ण अभिव्यक्ति प्रकट गर्छन्, कतै आशा र निराशाका स्वर निकाल्छन्, कतै प्रकृतिको वर्णन गर्छन, कतै तृष्णा व्यङ्ग्य गर्छन् र सुधार र निर्माणको आह्वान गर्छन्। यी गीतहरूमा देवकोटा रहस्यवादी, राष्ट्रवादी, आशावादी र निराशावादी पनि देखिन्छन्। उनका कवितामा भ्कौ सबै गीत समानस्तरमा छैनन् तर जे छन् तीमध्ये केहीमा हिमाली चुचुराको उचाइ र सौन्दर्य पनि छ। देवकोटा पछि अरू अरू पनि त्यस उचाइमा पुग्ने प्रयासमा छन् तर देवकोटाले त्यस क्षेत्रमा योगदान निकै महत्त्वपूर्ण छ।

### २.२.८ अनुवादक व्यक्तित्व

लक्ष्मीप्रसाद देवकोटाको कवितात्मक अभिव्यक्तिको आभ्यासिक चरणमा अनुवादतर्फ पनि उनको आफ्नो कलम दौडाएको पाइन्छ। वि.सं. १९८३ मा त्रिचन्द्र कलेजमा पढ्दा (वि.सं. १९८३-८६ सालसम्म) अङ्ग्रेजीका शेक्सपियर वर्डस्वर्थ, शेली, कलरिज तथा म्याथ्यु

61= चूडामणि बन्धु, 'प्रकाशकीय', लक्ष्मी गीतिसङ्ग्रह, काठमाडौं : साभ्का प्रकाशन, २०४४।

62= चूडामणि बन्धु, पूर्ववत्, पृ.३९४

आर्नोल्डजस्ता पूर्वस्वच्छन्दतावादी कवि-लेखकका कृतिहरूबाट प्रेरित भै अंगेजीमा विषादजनक कविता (एलिजी) र दि ब्यालेड : सावित्री एण्ड सत्यवान् लेख्नाका साथै शेक्सपियरको आएज यु लाइक इट नामक नाटकका केही अंशको नेपालीमा अनुवाद समेत गरेको कुरामा उनको आफ्नै आत्मस्वीकृति भेटिन्छ ।[टघ] दि ब्यालेड : सावित्री एण्ड सत्यवान् भन्ने अङ्ग्रेजी गाथाका ढाँचाको पद्यकृतिकै नेपाली भाषामा रूपान्तरित एवम् परिवर्द्धित रचनान्तरण हुनसक्ने देखिन्छ र यस नेपाली पद्य नाटकको तत्कालीन रूप उपलब्ध नभए पनि परिवर्द्धित उपचाहि वि.सं. १९९७ सालमा प्रकाशित सावित्रीसत्यवान् पद्यनाटकमा पाइन्छ ।[टद्ध] शेक्सपियरकै प्रसिद्ध दुःखान्त नाटक म्याकवेथको अनुवाद देवकोटाले वि.सं. २०१४ सालको असार २४ गते पुरा गरे । देवकोटाले मूलग्रन्थको मात्र अनुवाद गरेनन् त्यसको विस्तृत भूमिका र टिप्पणी समेत लेखे । प्रकाशित म्याकवेथको नेपाली कवितात्मक रूपान्तरका साथ ६० पृष्ठको भूमिका र ९० पृष्ठको टिप्पणी पनि समावेश छ ।[टछ] वास्तवमा यो विशिष्ट महत्त्वको त छँदैछ, देवकोटाका कृतिहरूमा पनि यसको विशेष स्थान छ । त्यसै गरी देवकोटाले नेपालीको अङ्ग्रेजीमा पनि उल्था गरेका छन् । वि.सं. १९९८ सालमा शिवप्रतापशमशेर थापाले देवकोटालाई श्री ३ जुद्धशमशेरको शिकार डायरीको नेपालीबाट अङ्ग्रेजीमा अनुवाद गर्नका निम्ति तीन-चार महिनालाई नियुक्त गरेका थिए । महाराज जुद्धशमशेरले गत वर्षहरूमा गरेका शिकारको वर्णन भएको यो बृहत् आठवर्षे डायरी समरशमशेर र उनका छोरा बालकृष्ण शमशेरका फोटाहरूले सुसज्जित थियो । देवकोटाले निकै परिश्रमसाथ अनुवाद गरेपछि यो स्मिथिजलाई दिइयो र स्मिथिजले किताबको भूमिकामा देवकोटाले अनुवाद गरेका कुराको सामान्य उल्लेख गरी किताबलाई वि.सं. १९९९ सालमा बिग गेम सूटिङ इन नेपाल शीर्षकमा प्रकाशित गराए ।[टट] यसरी लक्ष्मीप्रसाद देवकोटाले अङ्ग्रेजी साहित्यको नेपालीमा र नेपालीको अङ्ग्रेजीमा सरल,

---

63= कुमारबहादुर जोशी, देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना, काठमाडौं : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् (२०४८ : पृ. ३८०)

टद्ध. महादेव अवस्थी, लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, पूर्ववत्, पृ. ३० ।

टछ. चूडामणि बन्धु, पूर्ववत्, पृ.३४२ ।

66= पूर्ववत्, पृ.६५ ।

सहज र बोधगम्य तरिकाले अनुवाद गर्नु महत्त्वपूर्ण कार्य हो। यी कारणहरूबाट उनी अनुवादक व्यक्तित्व ठहरिन्छन् ।

यसरी कवि लक्ष्मीप्रसाद कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व, कथाकार व्यक्तित्व, बाल साहित्यकार व्यक्तित्व, नाटककार व्यक्तित्व, उपन्यासकार व्यक्तित्वय, गीतकार व्यक्तित्व, अनुवादक व्यक्तित्व जस्ता अनेक व्यक्तित्व भएका प्रतिभाशाली व्यक्ति हुन् ।

## २.३ लक्ष्मीप्रसाद देवकोटाका कृतित्वको रूपरेखा

देवकोटाले नेपाली कविताको फाँटमा गरेको योगदान अतुलनीय छ। देवकोटाले लेखेका भेटिन आएका ६४४ फुटकर कविता[67] पाइन्छन् । ती कविताहरू विभिन्न समयमा विभिन्न सङ्ग्रहमा सङ्कलित भई प्रकाशित गरिएका छन्। उनका एक दर्जनभन्दा बढी कवितासङ्ग्रह प्रकाशित छन् । जुन निम्नानुसार छन् :

| कवितासङ्ग्रह | प्रकाशन काल |
|---|---|
| १) भिखारी | २०१० |
| २) छ्याँगासाग कुरा | २०२६ |
| ३) आकाश बोल्छ | २०२५ |
| ४) गाइने गीत (गीति कवितासङ्ग्रह) | २०२४ |
| ५) भावना गाङ्गेय | २०२४ |
| ६) सुनको विहान (बालकवितासङ्ग्रह भाग १) | २०१० |
| ७) पुतली (बालकवितासङ्ग्रह भाग २) | २००९ |
| ८) छहरा | २०१६ |
| ९) मनोरञ्जन | २०२४ |
| १०) लक्ष्मी कवितासङ्ग्रह | २०३३ |

67= कुमारबहादुर जोशी, देवकोटाका कविता-यात्राको विश्लेषण र मूल्याङ्कन, काठमाडौं : साझा प्रकाशन (२०४७ : पृ. १८१) ।

| | | |
|---|---|---|
| ११) | चिल्ला पातहरू | २०२१ |
| १२) | लक्ष्मी गीतिसङ्ग्रह | २०४० |
| १३) | जन्मोत्सव र मुटुको थापा | २०१५ |

उपरोक्त कवितासङ्ग्रह बाहेक देवकोटाका फुटकर कविताहरू रत्नदास प्रकाश, कोमलनाथ पौड्याल, पूर्णदास श्रेष्ठ, कुसुमकुमारी अभिलेखालय आदिका सङ्ग्रहमा पनि फेला परेका छन् । विभिन्न साहित्यिक पत्रिकाहरू- शारदा, युगवाणी, उद्योग, इन्द्रेणी, मधुपर्क, साहित्यश्रोत, रूपरेखा आदि पत्रिकामा पनि उनका कविता छन् । चाांडै नै महाकविका नौवटा खण्डकाव्य प्रकाशित भएर आउादैछ ।[टड] यसरी हेर्दा देवकोटाका खण्डकाव्यहरू चवालिस हुन जानेछन् ।

देवकोटाको एक खण्डकाव्य रामायण (शोकगाथा) प्रकाशित भएर पनि [टढ] हाल अनुपलब्ध रहेको छ । त्यसैले उनका प्रकाशित एवम् उपलब्ध खण्डकाव्यको खास सङ्ख्या पैतीस हुन जान्छ ।[ठण] यसरी हेर्दा देवकोटाका प्रकाशित खण्डकाव्य कृतिहरूको कालक्रमिक विवरण यस प्रकार छन् :

| | खण्डकाव्य | रचनाकाल | प्रकाशन काल |
|---|---|---|---|
| 1_ | मुनामदन | वि.सं. १९९०-९२ | वि.सं. १९९२ |
| 2_ | राजकुमार प्रभाकर | १९९६ | १९९७ |
| 3_ | तिप्लिङ्गी | २००१ | २०५७ |
| 4_ | लुनी | २००१ | २०२३ |
| 5_ | कुञ्जिनी | २००२ | २००२ |
| 6_ | दुठयन्त-शकुन्तलाभेट | २००२ | २०२५ |

68= पद्मप्रसाद देवकोटा, कान्तिपुर (शनिवासरीय परिशिष्टाङ्क 'कोसेली'), 'बुबा मलाई कविता चाहियो', काठमाडौा : कान्तिपुर पब्लिकेसन (२०६७ कार्तिक २० : पृ. २१) ।

टढ. कुमारबहादुर जोशी, देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना, काठमाडौा : सिद्धार्थ बनस्थली प्राज्ञिक परिषद् बालाजु (२०४८ : पृ. २११-२१२) ।

ठण. महादेव अवस्थी पूर्ववत्, पृ.८६ ।

| | | | |
|---|---|---|---|
| 7_ | म्हेन्दु | २००३ | २०१५ |
| 8_ | सीताहरण | २००३ | २०२४ |
| 9_ | रावणजटायु युद्ध | २००३ | २०१५ |
| 10_ | तुषारवर्णन | २००३ | २०५९ |
| 11_ | रामायण (शोकगाथा) | २००४ | २००४ |
| 12_ | वसन्ती-दुई | २००४ | २००९ |
| 13_ | मायाविनी सर्सी | २००४ | २०२४ |
| 14_ | श्रृङ्गाररस | २००४ | २०२५ |
| 15_ | शान्तरस | २००४ | २०२५ |
| 16_ | वीभत्सरस | २००४ | २०२५ |
| 17_ | भयानकरस | २००४ | २०२५ |
| 18_ | वीररस | २००४ | २०२५ |
| 19_ | हास्यरस | २००४ | २०२५ |
| 20_ | भद्भूतरस | २००४ | २०२५ |
| 21_ | करणरस | २००४ | २०२५ |
| 22_ | कटक | २००४ | २०२६ |
| 23_ | मैना | २००४ | २०३९ |
| 24_ | वसन्ती एक | २००४ | २०३९ |
| 25_ | सृजामाता | २००४ | २०३९ |
| 26_ | नेपाली मेघदूत | २००४ | २०३९ |
| 27_ | वैराग्य-लहरी | २००४ | २०३९ |
| 28_ | आनन्दशतक | २००४ | २०३९ |
| 29_ | झञ्झावर्णन | २००४ | २०३९ |
| 30_ | पहाडीपुकार | २००५ | २००५ |
| 31_ | नाला | २००५ | २००५ |

| | | | |
|---|---|---|---|
| 32_ | आासु | २००५ | २००६ |
| 33_ | भ्याकुर नारान | २०१५ | २०२४ |
| 34_ | नासमभ्रूको गााठो | २०१५ | २०२४ |
| 35_ | घोडचढी | २०१५ | २०२४ |
| 36_ | नयाा सत्यकलि संवाद | २०१५ | २०१८ |

महाकवि देवकोटा महाकाव्य लेखनको सुरुवात सुषमालोचनबाट प्रारम्भ गर्दछन् तापनि उनी नेपाली शाकुन्तलमा पूर्ण हुन पुग्दछन् । नेपाली महाकाव्यको इतिहासमै पहिलो मौलिक र अभावपूर्ति गर्ने कृतिका रूपमा "शाकुन्तल" महाकाव्यलाई लिइन्छ । महाकवि देवकोटाले लेखेका महाकाव्यको सूचीलाई निम्नानुसार देखाइएको छ–

| | महाकाव्यहरू | लेखन समय | प्रकाशन वर्ष |
|---|---|---|---|
| 1_ | नेपाली शाकुन्तल | वि.सं. २००२ | वि.सं. २००२ |
| 2_ | सुलोचना | २००२ | २००३ |
| 3_ | महाराणाप्रताप | २००३ | २०२४ |
| 4_ | वनकुसुम | २००३ | २०२५ |
| 5_ | प्रमिथस | २००७-२०१० | २०२८ |
| 6_ | पृथ्वीराज चौहान | २००२-२००३ | २०४९ |

केही अंश मात्र लेखिएका महाकाव्यहरू

| | | | |
|---|---|---|---|
| १) | सुषमालोचन | २००२ | २००७ शारदा वर्ष ९, अङ्क ८ (केही अंश) |
| २) | भक्त प्रह्लाद | २००२-२००३ | २०२७, प्रगति, वर्ष ६, अङ्क १७ (प्रथम सर्गका श्लोक र द्वितीय सर्गको एक श्लोक) |

अन्य लेखिएका चर्चामा आएका महाकाव्य

१) बुद्ध चरित्र (लेखन २००२-२००३)

२) सिकन्दर (संस्कृत)

३) शकुन्तला (अङ्ग्रेजी)

४) सुन्दरीजल

५) तथागत

६) सत्याभास (लेखन २००३ अनुमानित) . प्रकाशन २०२९ माधुर्य

७) संयोगिता (नाट्य महाकाव्य अङ्ग्रेजी)

निबन्धहरू

लक्ष्मी निबन्धसङ्ग्रह (३७ वटा निबन्धहरूको सङ्ग्रह) प्रकाशन : २००२

(१८ वटा निबन्धहरूको सङ्ग्रह) प्रकाशन : २०३९

आषाढको पन्ध्र प्रकाशन : १९९३

| नाटकहरू | रचना | प्रकाशन |
|---|---|---|
| कृषिवाला (गीतिनाटक) | वि.सं.२०१२ | वि.सं. २०२१ |
| सावित्रीसत्यवान् | १९९० | १९९७ |
| भरतमिलाप (पद्यनाटक) | २००१ | अप्रकाशित पाण्डुलिपि |

उपन्यास

चम्पा प्रकाशन : २०२४

कथा

उनको मने प्रकाशन १९९६

तारा प्रकाशन २००९

बङ्गाली बाबु प्रकाशन २०११

हत्यारो, डाइमनको कुकुर, नपुंसक प्रजा, राजा कसरी गर्छन राज ?

समाजवाद, भनेको के हो ? भन्ने कुरा, समाजवादका धुनमा, मन र तन आदि ।

यसरी देवकोटाका कृतिलाई समग्र रूपमा अध्ययन गर्न सकिन्छ। उक्त कृतिहरू मध्येको “सीताहरण” खण्डकाव्यको कृतिपरक अध्ययन यस शोधमा गरिएको छ ।

## २.४ लक्ष्मीप्रसाद देवकोटाका काव्य प्रवृत्तिको सङ्क्षिप्त रेखाङ्कन

नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले करिब सातसय जति फुटकर कविता, सैतीस वटा (प्रकाशित र उपलब्ध : पैतीस वटा) खण्डकाव्य आधा दर्जन महाकाव्य, एक उपन्यास, दुईवटा नाटक (प्रकाशित), एक प्रसिद्ध-प्रबन्धसङ्ग्रह, प्रशस्त निबन्ध र कथाहरू दिएर नेपाली साहित्यलाई ठूलो गुन लगाएका छन्। देवकोटाका प्रमुख काव्यप्रवतिहरू स्वस्फूर्त, प्रतिभा प्रचुर, स्वच्छन्दतावादी, सुजनशीलता, अत्यन्त भावक एवम तीव्र संवेदनशीलका साथै उच्च कल्पनाशीलता आदि पर्दछन्। उनी नेपाली परिष्कारवादी कविताधाराका साथै अङ्ग्रेजी रोमान्टिक कविताधारा तथा संस्कृत स्वच्छन्दतावादी धारा, बङ्गाली स्वच्छन्दतावादी, हिन्दी छायाावादी कविताधाराबाट पनि अनुप्राणित रहेका छन्। यसका अतिरिक्त नेपाली लोकधाराबाट पनि प्रभावित देखिन्छन् ।

उनी आशु अर्थात् द्रुततर लेखनका अग्रणी भएबाट कविताहरू सहज प्राकृतिक लेखन, स्वतःस्फूर्त आदि विभिन्न नामले चिन्न सकिन्छ। देवकोटाका काव्यप्रवृत्तिहरूमा विविधता पाइन्छ। स्वच्छन्दतावादी, प्रकृतिप्रेम अथवा प्रकृतिचित्रण, आशुलेखन, मानवतावाद र प्रगतिवाद, प्रकृतिको मानवीकरण, लयविधानको प्रयोग, बिम्ब र प्रतीकको प्रयोग, भाव-विचार, सर्ग योजना, शीर्षक विन्यास, भाषाशैली आदि थुप्रै र अरूभन्दा पूर्णतया भिन्न प्रवृत्ति देवकोटाका काव्य यात्रामा भेटिन्छन्। यी सबै प्रवृत्तिहरूले देवकोटाको काव्यप्रवृत्ति छुट्याउने क्रममा बराबर महत्त्व राख्दैनन्। देवकोटा भन्ने बित्तिकै एउटा छुट्टै नयाा प्रवृत्ति छ त्यो हो– स्वच्छन्दतावाद ।

### (क) स्वच्छन्दताको अभिव्यक्ति

देवकोटाको काव्यप्रवृत्तिहरू मध्ये स्वच्छन्दतावादी प्रवृत्ति मुख्य हो। नेपाली कवितामा स्वच्छन्दतावादको उदय देवकोटाको उदयसागै भएको हो र यस कविताधाराका संस्थापक र

केन्द्रीय कवि देवकोटा नै हुन् । शास्त्रीयतावादको विरुद्धमा उठेको वाद नै स्वच्छन्दतावाद हो । हाम्रो सन्दर्भमा भन्नुपर्दा पूर्वीय संसारको स्वच्छन्दतावाद वैदिक सुक्तदेखि आरम्भ भई बाल्मीकि र कालिदास सम्मको र पाश्चात्य जगत्मा पुगेर अङ्ग्रेजी साहित्य हुादै नेपालीमा पुनः स्वच्छन्दतावादको जन्म भएको छ। सामान्य दृष्टिमा स्वच्छन्दतावाद भन्नाले पश्चिमी साहित्यको रोमान्टिसिज्यलाई नै मान्ने गरिन्छ ।

प्रकृति र समाजमा देखेका सहज प्रवृत्तिलाई आफ्नो मनमा केही नराखेर र नढााटेर सहजरूपमा व्यक्त गर्नु स्वच्छन्दतावाद हो। प्राचीनतामा मात्र नभई स्वयम् आफ्ना अनुभवहरूलाई समेत अभिव्यक्त दिने स्वच्छन्दतावादी साहित्यकारहरू विशेष गरेर अतीतोमुखी र काल्पनिक हुन्छन्। उनीहरू सहरी मर्यादालाई स्वीकार नगर्ने स्वच्छन्दतावादीहरू विकासवादी र क्रान्तिकारी हुन्छन् ।

स्वच्छन्दतावादी साहित्यकारमा पाइने गुणहरू लक्ष्मीप्रसाद देवकोटामा पाइन्छन् । त्यसैले देवकोटा स्वच्छन्दतावादी कवि हुन् । देवकोटाको मूल प्रवृत्ति स्वच्छन्दतावाद नै हो । उनले पूर्वीय, पाश्चात्य र बङ्गाली साहित्यका रोमान्टिक कविहरूलाई उपयोग गर्दै नेपाली कवितामा स्वच्छन्दतावादी प्रवृत्तिको स्थापना गरेका हुन् । नेपाली साहित्यमा स्वच्छन्दतावादी युगको आमन्त्रण गर्ने र विकास गर्ने कवि देवकोटाका कवितामा जताततै स्वच्छन्दतावाद मौलाएको पाइन्छ। मुनामदन यसको पहिलो र प्रसिद्ध उदाहरण हो। स्वच्छन्दतावादी कविहरूले मानिसलाई नै ईश्वरको मान्यता दिलाउन खोजेका हुन्छन् । “यात्री” कविता यसको उदाहरण हो तर यति हुादाहुादै पनि देवकोटा ईश्वर विरोधी भने होइनन् ।

(ख) प्रकृति चित्रण

देवकोटाका काव्य प्रवितहरूमध्ये अर्को मुख्य प्रवृत्ति प्रकृति प्रेम हो । यसलाई प्रकृति चित्रण भनेर पनि बुझ्न सकिन्छ । देवकोटाले वास्तवमा नेपाली प्रकृतिको सजीव चित्रण र वर्णन गरेको पाइन्छ । उनले प्रकृतिलाई प्रतीक मानेर मानव जीवनको विभिन्न पक्षको सुन्दर वर्णन गरेका छन् भने प्रकृतिको माध्यमबाट जीवनको रहस्यको उद्घाटन गरेका छन् । यसरी प्रकृतिलाई नै सर्वोपरी ठान्ने देवकोटा प्रकृतिलाई नै मानव जीवनको पाठशाला ठान्न पुग्छन् । उनले मानव जीवनकै मूल श्रोतका रूपमा प्रकृतिलाई उभ्याएर यसबाट मानिस टाढा रहन

सक्दैन भनेका छन् । मानवीय समानता र स्वतन्त्रताको आवाज उठाउने महाकवि प्राकृतिक जीवनका पक्षमा छन् । प्राकृतिक जीवन नै सर्वश्रेष्ठ हो भन्ने भाव व्यक्त गर्ने देवकोटाले कुनै कृतिमा प्रकृतिको शान्त र सुन्दर अवस्थाको चित्रण गरेका छन् भने कुनै कृतिमा त्यही प्रकृतिलाई भीषण बाढि र विद्रोहका रूपमा प्रयोग गरेका छन्। देवकोटाले आफ्नो काव्ययात्राको पूर्वार्द्धमा प्रकृतिलाई शान्त र सुन्दर वस्तुको रूपमा चित्रण गरिएका "सन्ध्या" "तिनको घासिया", गीत, "चारु", "सुन्दरीजल" आदि कविताहरू यसका उदाहरण हुन् । त्यसै गरी आफ्नो कवितायात्राको उत्तरार्द्धमा देवकोटाले प्रकृतिलाई भयावह, विद्रोह र विरोधको आवाज उठाउने माध्यमका रूपमा प्रयोग गरेका छन् । "झञ्झाप्रति", "हुरी", "ज्वरशमना प्रवृत्ति" यसका उदाहरण हुन् । देवकोटाले आफ्ना काव्यमा प्रकृतिको चित्रण गर्ने क्रममा उद्विपकको रूपमा पनि प्रकृतिलाई लिएका छन् । "शाहजहाको इच्छा" यसको उदाहरण हो । यसरी उनले प्रकृति र मानवबिच तादात्म्य सम्बन्ध देखाउदै जीवन भनेको लहराउनु, तरङ्गिनु, गुनगुनाउनु हो भनेका छन् । त्यसैले देवकोटाको प्रकृतिचित्रण चेतनायुक्त र उद्देश्यमूलक रहेको छ । प्राकृतिक वातावरणको चित्रण गर्ने क्रममा उनले सक्कल बमोजिम नक्कल उतार्ने मात्र नभएर प्रकृतिमा रहेका त्रुटि र कमी कमजोरीलाई समेत औल्याएका छन् ।

(ग) आशु लेखन

देवकोटाका काव्यप्रवृत्तिहरूमध्ये तेस्रो प्रवृत्ति आशुलेखन हो । उनी आशुलेखनमा पूर्ण विश्वास गर्ने कवि हुन् । कुनैपनि सर्जकले आशुलेखन गरेन भने उसका अनुभूतिहरू हराएर जाने सम्भावना रहन्छ भन्ने देवकोटाको सोचाई वास्तविक पनि ठहर्छ । देवकोटाको काव्य कृतिहरूमा आत्मसंयम र अनुभूतिको मितव्ययिताको अभाव देखिनुका साथै अनुभूति र कल्पनाको प्रबलता पाइन्छ । लेख्दै जादा आफ्ना कृतिलाई कहिल्यै फर्केर नहेर्ने र परिष्कार नगर्ने कविले एक बसाइमै प्रशस्त कविता तयार गरेको पाइन्छ । एकै रातमा, दशौ दिनमा र तीनै महिनामा काव्यकृति तयार गर्न सक्नु उनका द्रुतलेखन अथवा आशुलेखनको उदाहरण हुन् । त्यस्तै 'पाल्पा', 'पोखरा', 'सुन्दरीजल', 'कालिम्पोङ' आदि फुटकर कविता पनि उनका आशु लेखनका उदाहरण हुन् । कुनै पनि सभा-समारोहमा मञ्चबाट शीर्षक मागेर तत्काल

कविता सुनाएका उदाहरणहरू पनि पाइन्छन् । यसरी देवकोटाको काव्ययात्रा थालनीबाट सुरु भएको आशुलेखन प्रवृत्ति मृत्युको घडीसम्म पनि लगातार बगेको पाइन्छ ।

(घ) भावबोध

भावबोधका दृष्टिले देवकोटालाई हेर्दा उनी विविध प्रकारका भावहरूको सुन्दर उपस्थिति गर्ने क्षमतावान् कवि देखिन्छन् । कवि स्वयं भावुक र कल्पनाशील प्रतिभाका धनी भएका कारण उनका कवितामा विशेष र विविध भाव अभिव्यक्त हुनु स्वाभाविकै हो । कल्पनात्मक क्षमताको बाहुल्यता रहेको हुनाले उनका कवितामा सन्तुलित र व्यवस्थित भावको खोजी गर्नुभन्दा भाव वैविध्यताको चमत्कारितामा आश्चर्य प्रकट गर्नुपर्दछ । यति भन्दाभन्दै पनि करुण भावको अभिव्यक्ति दिने उनको सामर्थ्य लोभ लाग्दो छ । सामाजिक दुःखवेदना र कारुणिकता उनका कवितामा भावुक कल्पनाको शिष्ट विचरण देखापर्दछ र निश्चित भावका मात्रै कवि भनेर छुट्याउन सकिदैन । भावबोधका दृष्टिले उनी भावसागरका समुन्द्रमा कल्पनाको डुङ्गा चढी प्रतिभाको बहाना लिई कविता यात्रामा निस्कने गर्दछन् । यस्तो क्षणमा आफ्नो सन्मुख जो जे जुन भावहरूसाग जम्काभेट हुन्छ तिनै भावलाई समेटेर यात्राको अनुभव गर्नमा कवि देवकोटा अभ्यस्त देखिन्छन् । विश्वकै पूजारी बन्ने महत्त्वकाङ्क्षा बोकेका देवकोटा राष्ट्रवादलाई आघात नपुग्ने गरी विश्वबन्धुत्वको धारणा व्यक्त गर्दछन् । यसका साथै अन्याय, अत्याचार र शोषणका विरोधी स्वरहरूसागै गरिब र दुःखीप्रति सहानुभूति प्रकट गर्दछन् र नारीप्रति सम्मानपूर्ण व्यवहारको आशा राख्दछन् । प्रकृतितर्फको यात्रामा कहिले विभत्स र भयावह स्थितिको भावबोध गर्दै आफ्ना कवितालाई झिनो मसिनो र स्थूल कथ्यमा उनेर हास्य र करुण भावका साथ सिर्जनाका उनी व्यस्त रहन्छन् ।

(ङ) मानवतावाद र प्रगतिवाद

देवकोटाका काव्यप्रवृत्तिहरूमध्ये मानवतावाद र प्रगतिवाद पनि पर्दछ । उनले आफ्ना काव्यवृतिमा मान्छेले मान्छे भएर बाँच्न पाउनुपर्छ भन्ने कुराको आवाज उठाएका छन् । मानवले एक अर्कोको सम्मान गर्नुपर्ने कुरा जताततै प्रष्ट पारेका छन् । 'यात्री' कवितामा देवकोटाले मानवताको वकालत गरेका छन् मानवको उपकारमा नै सच्चा धर्म प्राप्त हुने

कुरा बताएका छन् । त्यस्तै प्रमिथस महाकाव्यमा पनि अन्याय र अत्याचारमा पिल्सिएका जनताको उद्धारका लागि प्रमिथसले सङ्घर्ष गरेर मानवताको आवाज शङ्खघोष गरेको कुरा स्पष्ट पारेका छन् । मुनामदन खण्डकाव्यमा पनि मानिस दिलले ठूलो हुन्छ, जातले हुँदैन भनेर मानवताकै वकालत गरेका छन् । यसरी देवकोटाले आफ्ना साहित्यिक कृतिहरूमा मानवताको आवाज गुञ्जाएको पाइन्छ । देवकोटा आफ्ना कविता यात्राका उत्तरार्द्धतिर अन्याय, अत्याचारका विरूद्धमा मानव न्यायका निमित्त प्रगतिवादतर्फ ढल्किएको पाइन्छ ।

(च) लयविधान

कवि देवकोटाले वर्णमात्रिक, मात्रिक वा वार्णिक छन्दलाई अत्यन्त सरलताका साथ खेलाएका छन् । गद्य कविताको मुक्त छन्दलाई पनि अत्यन्त रम्यताका साथ प्रयोग गरेको पाइन्छ । देवकोटा स्वच्छन्दवादी कवि हुन भन्नुमा अप्ठेरो मान्नु पर्ने देखिदैन । छन्दको प्रयोग छन्दकै प्रदर्शनका निम्ति नभएर जुनसुकै छन्दलाई पनि गीतिचेतका साथ आफ्नो भाव अनुकूल गराउने सामर्थ्यवान् कवि हुन् । जुनसुकै कठीन छन्दको पनि प्रयोग गर्न सक्ने कवि देवकोटा छन्दका कारण भावहरूमा रोकावट आउने स्थितिमा छन्दलाई समेत आफ्नो मौलिकता थपेर निरन्तर अघि बढिरहन्छन् । कतै-कतै छन्दोल्लङ्घन भए पनि उनको गीतिचेतले त्यो पूर्ति हुन गएको देखिन्छ । छन्दलाई भन्दा लयलाई ज्यादा प्राथमिकता दिने हुनाले उनका कवितामा कठीन छन्द पनि सरलताका साथ प्रस्तुत हुनपुग्छ । देवकोटा वेछन्दवादी कवि होइनन् तर परम्परित र शास्त्रीय किसिमको छन्दको प्रयोगमा उनलाई रुचि देखिदैन । उनको लय विधान पछाडि निर्भर खोलाजस्तै स्वच्छ र प्राकृतिक छ । देवकोटामा जुनसुकै छन्दको प्रयोग गर्ने क्षमता भए पनि उनको भावनाको कवितात्मक गाङ्गेय प्रवाहलाई परम्परित शास्त्रीय छन्दले मात्रै धान्न सक्दैनन् र प्राकृतिक सहज र रम्य लयको साथ साथै उनको छन्दयोजना सिर्जित हुन पुग्छ । अर्थात् कतिपय ठाउामा छन्दको बन्धनमा नअडिएर भावनाका साथ छन्दलाई गुटमुट्याएर बेरेर, गुजुल्ट्याएर पनि देवकोटा कविता सिर्जनामा लागेको देखिन्छ । देवकोटा लोकछन्दका त सफल प्रयोक्ता नै हुन् ।

(छ) संरचना र भाषाशैली

कवि देवकोटाले फुटकर कवितादेखि महाकाव्यसम्मका आयामका कविताको रचना सफलतापूर्वक अतुलनीय रूपमा गरेका छन् । यस दृष्टिले पनि कवित्व यात्रामा संरचनागत विविधता देखा पर्नु स्वाभाविकै हो । फुटकर कविताको सन्दर्भमा मात्रै पनि संरचना पक्षलाई हेर्दा उनले भिन्नभिन्न ढाचाको प्रयोग गरेका छन् । कविताको संरचना पक्षलाई केलाउादा उनको संरचनात्मक प्रवृत्ति अस्थिर र परिवर्तनशील देखिन्छ । आशुलेखन र भावनाको तरेलीमा कल्पनाको उडान वायुपङ्खी वेगले कविता सृजनामा अहोरात्र अनवरत रूपमा लागिरहादा संरचनापक्ष खजमजिनु स्वभाविकै हो । कविताका कतिपय ठाउामा यो पक्ष उज्ज्वल भएको छ । भने  कतिपय ठाउामा प्राकृतिक सहज किसिमले स्वतःस्फुर्त रूपले काम सचेतता अपनाएको पनि देखिन्छ । संरचनागत संयमता र असंयमता कवि देवकोटाको प्रवृत्ति नै बन्न पुगेको छ । कविता यात्राका दोस्रो चरणका काव्यकृतिमा संरचना संयमित भएको पाइन्छ भने तेस्रो चरणमा संरचनागत शिथिलताले यो पक्ष खजमज देखिन्छ । आफ्नै कल्पनाको उडान र हार्दिकतालाई पोख्न हतार भएका कविका कविता एक पङ्क्तिका अनुच्छेददेखि दर्जनौा पङ्क्तिका अनुच्छेदसम्म फैलिएका हुन्छन् । कविताको मुख्य विषयबस्तको केन्द्रीयताबाट टाढिएर पुनः अर्को काल्पनिक संसारतिर अल्मलिएको अवस्थामा संरचनागत संयमताभन्दा भावाभिव्यक्तिकै बाहुल्यता देखिन्छ । यस्तो अवस्थामा भाव, छन्द, अनुच्छेद र पङ्क्तिमा समेत एकरूपता पाइादैन र यी तत्वहरूलाई पनि आफ्नै मौलिक ढाचामा प्रयोग गर्दछन् । छोटकरीमा भन्नुपर्दा कवि देवकोटाको कवित्व पोखिादा जसरी पोखिन्छ त्यसरी नै संरचना ग्रहण गर्छ । उनी योजनाबद्ध रूपले भावको पोखाइमा लागेको देखिादैन । अत्यन्त व्यङ्ग्य र विद्रोह भाव भएको कवितामा फेरि कतै निराशा र पलायन पनि भेटिन्छ । कुनै निश्चित अनुशासनको संरचनामा आफू नबााधिकन आफू अनुकूल संरचना निर्माण हुादै जाने विश्वासले उनकै संरचना कतै कलात्मक, स्वाभाविक र सशक्त बनेको छ भने कतै शिथिल, अस्वाभाविक र दुर्बलतामा दुर्घटित भएको छ ।

भाषाशैलीका दृष्टिले हेर्दा पनि उनका कवितामा नवीन-नवीन प्रयोगहरू भएको देखिन्छ । भाषाका नियन्त्रणमा आफू नरहेर आफू अनुकूलको शब्द निर्माण गरी भाषालाई तोड्दै मोड्दै भए पनि अभिव्यक्तिमा बाधा र अवरोध पु¥याउन चाहादैनन् । कवि देवकोटा सजीव र निर्जीव दुबै प्रकारको भाषिक प्रयोग गर्ने क्षमताका प्रतिभा हुन् । नव-नव शब्द

निर्माण गर्दै नेपाली भाषाको व्यापकता बढाएका छन् भने आफूलाई ज्ञान भएका विश्व भाषाका शब्दहरूको पनि प्रयोग गरेका छन् । परम्परित व्याकरणिक अनि नेपाली मात्रै भनेर उनी पर्खेर बस्दैनन्, बरु आफ्नो लेखनका क्रममा ज्ञानका जे-जस्ता भाषाका जे-जस्ता शब्दले अनुभूतिलाई व्यक्त गर्न र धान्न सक्छ त्यस्तै भाषाको प्रयोग गरी भाषाप्रति उदारता देखाएका छन् ।

भाषाप्रति उदारता, संरचनागत संयमता र असंयमता, स्वच्छन्दतावादी र भावनामै कल्पनाको सागर पौडिरहने भएकोले पनि देवकोटाको आफ्नै प्रकारको शैली विकसित भएको छ । परम्परागत शैलीभन्दा बेग्लै शैली अपनाएका देवकोटा आफ्नो शैलीमा गम्भीर बन्दै कवितामा लय संगीतको विधान गर्न निकै सफल देखिन्छन् । यो नै उनको शैलीगत विशेषता हो । सामाजिक निराशा, दुःख, व्यथा, सङ्गति-बिसङ्गति, विकृति, अन्याय-अत्याचार, शोषण र दमन, क्रान्ति र देशप्रेमजस्ता अभिव्यक्तिमा कतै व्यङ्ग्य र विद्रोहको झड्का देखिन्छ भने कतै सौम्य, शान्त र गम्भीर शैलीमा उपस्थित देवकोटा प्रकृतिको चित्रणमा कतै चित्रात्मक र कतै कल्पनात्मक बनेर नयाा नयाा शैलीको निर्माण गर्न पुग्दछन् । सचेतताले भन्दा लेखन अभ्यासले नै स्वतःस्फूर्त रूपमा उनको शैली शिल्प रम्य र सुन्दर बनेको छ । भावानुसार शब्द निर्माण गरी नव-नव शैलीको साथ आफ्नै भावानुभूतिमा निरन्तर प्रवाहित भइरहने प्रतिभाका रूपमा देवकोटालाई लिन सकिन्छ ।

(ज) बिम्बालङ्कार

विभिन्न किसिमका बिम्बालङ्कारको सहज र स्वतःस्फूर्त प्रयोग लक्ष्मीप्रसाद देवकोटाको एक अर्को उल्लेखनीय प्रवृत्ति हो । लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी कवि भएकाले उनी अलङ्कारका निम्ति कविता रच्ने कवि होइनन् । उनी भावमा बग्ने हुादा बिम्बहरूको प्रयोग पनि सहजै गर्दै जान्छन् । त्यस्ता बिम्बहरू स्वतःस्फूर्त हुादै जानु उनको बिम्बालङ्कारसम्बन्धी प्रवृत्ति हो । उनले आफ्ना काव्यहरूमा नवीन किसिमका बिम्बहरूका अलवा परम्परित बिम्बहरूको प्रयोग पनि गरेको पाइन्छ । नवबिम्बहरूको प्रयोग नै उनको खास प्रवृत्ति हो । परम्परित र नवोद्भावित बिम्बका बिचमा मिश्रण-संश्लेषण गर्ने प्रवृत्ति पनि उनको निजत्वको द्योतक नै हो । उनका महाकाव्य र खण्डकाव्यहरूमा अर्थालङ्कारको प्रयोग गर्दा प्रकृति,

समाज, संस्कृति, पुराण, इतिहास, कला-साहित्य, धर्म, अध्यात्म तथा भौतिक दर्शन, शिक्षा, राष्ट्र र विश्व आदिसाग सम्बन्ध राख्ने प्राचीन-अर्वाचीन, ज्ञानविज्ञान आदिबाट पनि महाकाव्यात्मक र खण्डकाव्यात्मक बिम्बालङ्कारको सृजना गर्न पुगेको पाइन्छ । उनले आफ्नो वैयक्तिक अनुभवका साथसाथै मनुष्यका अति संवेदनशील अनुभवबाट पनि संरचित बिम्बहरूको प्रयोग र ज्ञान-विज्ञानका अनुभवहरू पनि उनका काव्यमा संश्लेषण हुन गएका छन् ।

(झ) प्रतीकविधान

लक्ष्मीप्रसाद देवकोटाको यो प्रतीकविधान पनि आयोजित साधिक किसिमको नभई उनको स्वच्छदन्तावादी सृजनशीलता अनुरूप सहजात एवम् स्वभाविक किसिमको नै देखिन्छ ।

यसरी विविध प्रवृत्तिको प्रयोगले देवकोटाले नेपाली साहित्यलाई समृद्धशाली तुल्याएका भए पनि उनको मुख्य प्रवृत्ति भने स्वच्छन्दतावाद नै हो ।

२.५ लक्ष्मीप्रसाद देवकोटाको साहित्यमा योगदान

नेपाली साहित्यका युगप्रवर्तक कवि[७१] लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा परिष्कारवादी धाराबाट फड्को मारी स्वच्छन्दवादी धाराको आमन्त्रण मात्र गरेनन् कि त्यसलाई मलजल गरी फुल्ने फलाउने काम समेत गर्न पुगे । देवकोटाको साहित्यमा योगदानलाई यहाा खास गरी चारवटा दृष्टिले हेर्न सकिन्छ :

१) धारागत दृष्टि, २) गुणस्तरगत दृष्टि,

३) कविता-उपविधागत दृष्टि र ४) रचना परिमाणगत दृष्टि ।

धारागत दृष्टिले हेर्दा पाश्चात्यजगत्मा प्रचलनमा रहेको स्वच्छन्दतावादी धारालाई पहिलो पटक नेपाली साहित्यमा भित्र्याउने श्रेय देवकोटालाई नै जान्छ। कविता यात्राको पूर्वार्द्धकालमा विशुद्ध स्वच्छन्दवादी प्रतिभाका रूपमा प्रतिष्ठापित देवकोटा उत्तरार्द्धमा स्वच्छन्दतावादी-प्रगतिवादी कविका रूपमा चिनिन्छन्। त्यसैगरी गुणस्तरका दृष्टिले

---

71= कुमारबहादुर जोशी, sflGtk'/ (राष्ट्रिय दैनिक), 'सर्वश्रेष्ठ कविका प्रतिनिधि कृति', काठमाडौं : कान्तिपुर पब्लिकेसन, (२०६७, कार्तिक २० : पृ. ११)

देवकोटाका कविताहरू उच्च उच्चस्तर एवम् उच्चतम रहेका छन् । कविताका उपविधागत दृष्टिले हेर्ने हो भने मात्राछन्द, लोकलय र गद्यकविताका फाँटमा तथा खण्डकाव्यका फाँटमा उनी महाकाव्यका फाँटमा पनि महाकवि देवकोटाको काव्यश्री परिष्कारवादी कविहरूको भन्दा श्रेष्ठ रहेको[ठद] पाइन्छ । आधा दर्जन महाकाव्य, पौने दुई दर्जन खण्डकाव्य तथा ६४४ फुटकर कविताहरू विशाल रचना परिमाणको पनि आफ्ना ठाउँमा अलग महत्त्व छाँदैछ ।[ठघ]

समग्रमा भन्नुपर्दा देवकोटाले नेपाली साहित्यमा अतुलनीय गुन लगाएका छन् । चलिआएको परिष्कारवादी धाराबाट नेपाली साहित्यलाई स्वच्छन्दवादी धाराको थालनी गराउनु देवकोटाको साहित्यमा अविश्मरणीय योगदान हो ।

## २.६ निष्कर्ष

वि.सं. १९६६ कार्तिक २७ गते जन्मिएका लक्ष्मीप्रसाद देवकोटा पारिवारिक जिम्मेवारी, कमजोर आर्थिक अवस्था र संवेदनशील शारीरिक-मानसिक स्वास्थ्यका बाबजुद पनि आफ्नो साधनामा अनवरत रूपमा लाग्ने एक अथक व्यक्ति हुन् । अङ्ग्रेजीमा एम्.ए. गर्ने धोको रहेका देवकोटाको औपचारिक शिक्षा बि.ए., बि.एल्. भए पनि विभिन्न व्यक्तित्वका धनी थिए । देवकोटाका व्यक्तित्वमा कवि, निबन्धकार, उपन्यासकार, कथाकार, नाटककार, गीतकार र अनुवादक व्यक्तित्व देखा पर्दछन् । यी विभिन्न व्यक्ति बाहेक प्रजातन्त्र प्राप्तिपछि शिक्षा तथा स्वायत्त मन्त्री समेत बनेका हुँदा व्यक्तित्व पनि झल्किन्छ । यस्ता बहुप्रतिभावान् व्यक्तिका विविध व्यक्तित्व देखापरे पनि कवि व्यक्तित्व नै सफल व्यक्तित्वको रूपमा देखा पर्दछ । यी यस्तै व्यक्तित्वका कारण उनको निधन पछि विभिन्न सम्झना एवम् सम्मान प्रदान गरिएको छ । देवकोटाले आफ्नो जीवनकालमा उचित कदर पाउन सकेनन् र उनको जीवन कष्टप्रद भएको पाइन्छ ।

यस्ता प्रतिभावान् व्यक्तिका काव्यगत प्रवृत्तिमा मुख्य रूपमा स्वच्छन्दतावाद देखापर्दछ भने यस बाहेक प्रकृति चित्रण, आशुलेखन, भाववोध, मानवतावाद र प्रगतिवाद, संरचना, भाषाशैली आदिमा आफ्नै प्रवृत्ति देखापर्दछन् । पाश्चात्य जगत्मा प्रचलनमा रहेको स्वच्छन्दतावादी धारालाई पहिलो पटक नेपाली साहित्यमा भित्र्याउने श्रेय देवकोटालाई नै

---

72= कुमारबहादुर जोशी, पूर्ववत्, (२०४८ : पृ. ३९९) ।

73= P]hg\ .

जान्छ । कविता यात्राका पूर्वार्द्धमा विशुद्ध स्वच्छन्दतावादी र उत्तरार्द्धमा स्वच्छन्दतावादी-प्रगतिवादी कविका रूपमा देखापर्दछन् ।

देवकोटाले नेपाली साहित्यमा उच्च, उच्चत्तर एवम् उच्चतम् सबै खाले गुणस्तर पस्केका पाउाछौा भने आधा दर्जन महाकाव्य, पैतीसवटा खण्डकाव्य र ६४४ जति फुटकर कविता दिएर परिमाणका दृष्टिले पनि अलग पहिचान कायम गराउन सफल देखिन्छन् । उनीद्वारा रचना गरिएका खण्डकाव्यमध्ये सीताहरण खण्डकाव्यको बारेमा यस शोधमा चर्चा गरिएको छ ।

## तेस्रो परिच्छेद
## सीताहरण खण्डकाव्यको वस्तु विधान

खण्डकाव्यको वस्तु विधान भन्नाले खण्डकाव्यमा चित्रित विषयवस्तुगत आख्यानका कथावस्तु, पात्र तथा परिवेशको योजनाका साथै त्यहाा अभिव्यक्त भाव तथा मुख्य कथनको योजना भन्ने बुझिन्छ । प्रस्तुत परिच्छेदमा सीताहरण खण्डकाव्यका वस्तु विधानको विश्लेषण गरिएको छ र कृतिगत सन्दर्भबारे पनि प्रकाश पारिएको छ ।

### ३.१ सीताहरण खण्डकाव्यको कृतिगत सन्दर्भ

कवि लक्ष्मीप्रसाद देवकोटाको आशु लेखनको उपलब्धि मानिने सीताहरण खण्डकाव्यको रचना वि.सं. २००३ मा भएको हो। उक्त खण्डकाव्य रचनाको ऐतिहासिक सन्दर्भ हेर्दा विश्वमा दोश्रो विश्वयुद्ध चलिरहेको अवस्था र देशभित्र (नेपालमा) जनतामाथि थिचोमिचो गर्ने र आफ्नो स्वार्थ अनुसार जनताको प्रयोग गर्ने सामन्ती प्रवृत्तिका जहाानिया राणाशासकहरूको शासन चलेको अनि त्यसका विरुद्धमा लड्ने चार सहिद (शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द्र र गंगालाल श्रेष्ठ) हरूको हत्या भएको (वि.सं. १९९७ मा) एक कहालीलाग्दो अवस्थाबाट देश गुज्रिरहेको थियो । राणाशासनको विरोधमा उत्रेका जनताहरू बोल्न सक्नेले बोलेर, लड्न सक्नेले लडेर र लेख्न सक्नेले लेखेर विरोध जनाई रहेको परिवेशमा प्रतिभाशाली देवकोटाबाट उक्त खण्डकाव्य रचना भएको हो । यस खण्डकाव्यमा रामले आफ्नी पत्नीहरण हुादा आफ्नो घरबारै लुटिएको कुरा व्यक्त गरेको हुादा त्यतिबेलाका राणाहरूले जनताप्रति गरेको अत्याचार र परस्त्री राख्ने प्रवृत्ति भएका सामन्तीहरूको व्यञ्जना गर्न यसको कथावस्तु सक्षम रहेको छ। त्यसैले होला रचनाकालको एक्काइस वर्षपछि वि.सं. २०२४ मा प्रकाशन हुन पुग्यो। देवकोटाको २५ वर्षे सार्वजनिक कवितायात्राको पूर्वाद्धमा रचिएको यस खण्डकाव्यभन्दा अगाडि रचिएका खण्डकाव्यहरू मुनामदन, राजकुमार, प्रभाकर, तिप्लिङ्गी, लुनी, कुञ्जिनी, दुष्यन्त-शकुन्तलाभेट र म्हेन्दू हुन्। उक्त खण्डकाव्यहरू र कयौा कविताहरूको रचनापछि लेखिएको सीताहरण खण्डकाव्य साझा प्रकाशनबाट प्रकाशित हुनपुग्छ ।

## ३.२ उत्प्रेरणा श्रोत

पुराण प्रसिद्ध रामकथामा आधारित यस खण्डकाव्यमा रामको “लुटियो आफ्नो घरबार” भन्ने कथनले यस खण्डकाव्य लेखनको प्रेरणा श्रोतका रूपमा त्यतिबेलाका छलकपटी, अन्यायी र अत्याचारी राणाशासकहरूको प्रवृत्ति हो भन्ने देखिन्छ । अझ यस खण्डकाव्यमा भेटिने लामो रामस्तुतिमा कविको भक्तिभाव उन्मुख रूपमा अभिव्यक्त भएको पाइएबाट यसको रचनाको मूल उत्प्रेरणा उनले बाल्यकालमै देखे भोगेको आफ्ना पुराणवाचक पिताका भक्तिस्तुतिपरक गतिविधिबाटै प्राप्त गरेका हुन् भन्न सकिन्छ ।[ठद्ध] यस खण्डकाव्यमा जे-जस्ता भाव विचारलाई जे-जस्ता ढङ्गमा व्यक्त्याइएको छ त्यसमा स्वच्छन्दतावादी भाव-विचार र ढङ्गको स्पष्ट प्रभाव देखिन्छ नै ।[ठछ]

अतः यो खण्डकाव्य लेखनमा तद्युगीन परिवेश, पिताको भक्तिपरक गतिविधि तथा पाश्चात्य स्वच्छन्दतावादी प्रभाव तथा उत्प्रेरणा रहेको देख्न सकिन्छ ।

## ३.३ कथ्यवस्तुको विधान

लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दवादी कवि भएकोले उनमा प्राकृतिक जीवन, प्राचीन सभ्यता र सौन्दर्यप्रति अत्यन्त गहिरो प्रेम देखिन्छ । रावण-जटायु युद्धमा नै देवकोटाले पूर्वीय हिन्दू पौराणिक ग्रन्थ रामायणमा आधारित जनजीवन र त्यसको निःस्वार्थी परोपकारी र मानवतावादी संस्कृतिको महिमागान गरेका देखिन्छ भने सीताहरणमा आइपुग्दा उनले पूर्वीय प्राचीन जनजीवन र त्यसको संस्कृति अनि सौन्दर्यलाई नै कथ्यवस्तु बनाइएको देखिन्छ । रावणजटायुयुद्धमा नै देवकोटाले मानवतावादी भावनाले ओतप्रोत जटायुको मुक्तकण्ठले त्यस्तो प्रशंसा गरेको देखिन्छ । जसले उनी प्राचीन पौराणिक जीवनपद्धतिप्रति आकर्षित बन्दैछन् भन्ने तथ्यलाई औल्याउन सकिन्छ । देवकोटाको यही प्राचीन सभ्यताप्रतिको आकर्षण वा पौराणिक कथा र संस्कृतिप्रतिको प्रेम र मोहको उपज सीताहरण खण्डकाव्य हो ।

---

74= महादेव अवस्थी, nldLk|;fb b]jsf]6fsf] v08sfJosfl/tf, पूर्ववत्, पृ. २३२ ।

75= ऐजन् ।

पूर्वीय सभ्यताको सौन्दर्यगान गर्ने क्रममा देवकोटाले आर्ष महाकाव्य रामायणको प्रसिद्ध कथालाई आधार बनाएका छन् । सरस्वतीको आह्वान मङ्गलाचरणबाट थालिएको यो काव्य पञ्चवटीमा रावणद्वारा मायामृगरूपधारी मारीचको बध (प्रथमपाद) र रावणद्वारा सीताको हरण (द्वितीय पाद) गरिएको रामायणको प्रसिद्ध कथामा आधारित देखिन्छ ।

प्रस्तुत सीताहरण खण्डकाव्यको कथावस्तुको विकासमा जम्मा पाँच भाग देखा पर्दछन् । यसको कथावस्तुको पाँच भाग र तीसँग सम्बन्धित घटनाक्रमको विवरण तल प्रस्तुत छ–

**१. प्रारम्भ भाग**

१. वीणा धारणी रजहाँस बाहिनी विदाकी देवी सरस्वतीलाई आह्वान गर्दै आँसुले भरिएको वा करुणरसभित्र रामकथा लेख्न पाउँ भनी कविले जननीलाई आग्रह गर्दै रामको चित्रणको साथै प्रकृतिको सुन्दर चित्रण गर्नु (प्र. पाद, श्लोक : १);
२. प्रकृतिका आत्ममा रहेको रामकथाको रसलाई आत्मसात् गरी एउटा रामभक्तिको सुरिलो गाना दिन सरस्वतीलाई कविले पुकार गर्नु ( प्र.पाद, श्लोक : २);
३. कविले “पहिला चिडिया पूर्व सुनौला” जस्ता पङ्क्ति प्रस्तुत गर्दै पूर्वीय उषाकालको महिमा गर्नुको साथै रामकथाको गायन सर्वप्रथम बाल्मीकिले गरेको चर्चा गर्नु (प्र.पाद, श्लोक : ३);
४. “वनको ज्योति गरमा बाल जननी बादलतर्फ उचाल !” जस्ता पङ्क्ति प्रस्तुत गरी प्रकृतितर्फ फर्क भन्ने सन्देश कविले दिनु (प्र.पाद, श्लोक : ४);
५. पञ्चवटीबाट साधुरूपी भेषमा रावणले सीतालाई लुकेर हेर्नु (प्र.पाद, श्लोक : ५);

**२. विकास भाग**

६. सुनरूपी मृगको शिकारमा गएका राम अबेरसम्म कुटीमा नफर्किंदा सीता डरले भयभिता हुन (प्र.पाद, श्लोक : ६);
७. राम शिकारबाट साँझसम्म पनि कुटीमा नफर्किएकोले सीताले रामलाई निष्ठुरी भन्नु (प्र.पाद, श्लोक : ७);

८. सन्ध्याकालीन समयको चित्रणमा कवि निकै रमाउनु (प्र.पाद, श्लोक : ८);

९. शिकारको खोजीमा गएका शिकारीहरू र चाराको खोजीमा गएका चराहरू साझ आ-आफ्नो गृहमा फर्किएको तर राम नफर्किनु (प्र.पाद, श्लोक : ९);

१०. प्रकृतिलाई मानवीकरण गरी सन्ध्याकालीन समयको चित्रण गर्नु (प्र.पाद, श्लोक : १०);

११. शिकारमा गएका राम साझसम्म कुटीमा नफर्किंदा भयभीत सीताले देवर लक्ष्मणलाई दाजु रामको खोजीमा जान आग्रह गर्नु (प्र.पाद, श्लोक : ११);

१२. सीताले देवर लक्ष्मणलाई दाजु रामको खोजीमा जान आग्रह गर्नु तर लक्ष्मणले भाउजू सीतालाई कुटीमा एक्लै छाडि जाादा अनिष्ट हुने बताउनु (प्र.पाद, श्लोक : १२);

१३. सीताले देवर लक्ष्मणसमक्ष रामको खोजीमा चााडोभन्दा चााडो नगए प्राण नै जाने कुरा व्यक्त गर्नु (प्र.पाद, श्लोक : १३);

१४. लक्ष्मणले भाउजू सीतालाई कुटीमा एक्लै छोडेर नजाने अठोट गर्नु (प्र.पाद, श्लोक :१४);

१५. सीताले देवर लक्ष्मणको दिल साह्रै साघुरो र बेकम्बा भएको कुरा गर्नु र लक्ष्मणले आाखाबाट आासु झार्नु (प्र.पाद, श्लोक : १५);

१६. सीताले देवर लक्ष्मणप्रति इङ्गित गर्दै दुनियाा मतलबी रहेछ भन्ने भाव व्यक्त गर्नु (प्र.पाद, श्लोक : १६);

१७. सीता निधारमा गााठो पार्दै शरीर मर्काउादै देवर लक्ष्मणसाग खुबै रिसाउनु ( प्र.पाद, श्लोक : १७);

१८. लक्ष्मण, राम र सीताका बिचमा परी निकै लाल हुनु (प्र.पाद, श्लोक : १८);

१९. लक्ष्मण चुपचाप दाजु रामलाई खोज्न वनतर्फ जानु (प्र.पाद, श्लोक : १९);

**३. चरमोत्कर्ष भाग**

२०. सुनको मृगरूपी मारीचले फुरफुर पुच्छर हल्लाई मुखमा घाासको बुझो लिई वरिपरि हेर्नु (प्र.पाद, श्लोक : २०);

२१. रामले सुनको मृगरूपी मारीचलाई देख्नु (प्र.पाद, श्लोक : २१);

२२. रामले ठोक्रोबाट बाण झिकेको देखि सुनरूपी मृग बिजुली चम्केझौं गरी भाग्नु (प्र.पाद, श्लोक : २२);

२३. सुनको मृगरूपी मारीचले शिकारी रामलाई देखी दक्षिणतर्फको बाटो समाउनु (प्र.पाद, श्लोक : २३);

२४. सुनको मृगरूपी मारीचले छड्के नजरले चतुर शिकारी रामलाई हेर्दै हेर्दै कुद्नु (प्र.पाद, श्लोक : २४);

२५. सुनको मृगरूपी मारीच अघिल्तिरको भाग खुम्च्याई पछिल्तिरको भाग उचालेर हावाको तालमा सरर कुद्नु (प्र.पाद, श्लोक : २५);

२६. चतुर शिकारी रामलाई देख्दा सुनको मृगरूपी मारीचले बनमा भएका बोटबिरुवाहरूलाई हल्लाउादै र खुट्टामा जति ठेस लागेपनि ठेसको गिन्ती नगरी हावाको तालमा कुद्नु (प्र.पाद, श्लोक : २६);

२७. चतुर शिकारी रामले धनुमा कााड चढाई मृगको आशय बुझी पछिपछि दगुर्नु (प्र.पाद, श्लोक : २७);

२८. सुनको मृगरूपी मारीचलाई राम्रोसाग निहारी रामले हेर्नु (प्र.पाद, श्लोक :२८);

२९. चतुर शिकारी रामले मुटुको निशाना गरी बाण छाडिदिनु (प्र.पाद, श्लोक :२९);

३०. रामले हानेको बाणले मारीच मृगको छातीमा लागी मुटु नै छेडिदिनु (प्र.पाद, श्लोक : ३०);

३१. घाइते मारीच मृग भुइमा लड्नु र पानी खोज्नु (प्र.पाद, श्लोक : ३१);

३२. "हाय जीवन सुनौला जीवन ! अनन्त धावन अनन्त पीडन" जस्ता हरफबाट जीवनको तीव्र बेदनावोध हुनु (प्र.पाद, श्लोक : ३२);

३३. राक्षस मारीचको रूपदेखी शिकारी राम आश्चर्यमा पर्नु (प्र.पाद, श्लोक : ३३);

३४. सुनको मृगरूपी मारीचले आफ्नो वास्तविक स्वरूपलाई देखाउादै रामलाई प्रणाम गर्नु (प्र.पाद, श्लोक : ३४);

३५. मृगरूपी मारीचले परमपुरुष रामको ज्योतिरूपी अनुहार देख्नु (प्र.पाद, श्लोक : ३५);

३६. राम सबका दिलका मलम हुन भन्दै रामको गायन मारीचले गर्नु (प्र.पाद, श्लोक : ३६);

३७. मारीचले रामसमक्ष बााकी रहेको प्राण बाण छाडेर मारिदिन अनुरोध गर्नु (प्र. पाद, श्लोक : ३७);

३८. मारीचले आाशुहरूका खानी हृदयका बानी ज्योतिका नानी भन्दै रामको गायन गर्नु (प्र.पाद, श्लोक : ३८);

३९. मारीचले आफूले आफैलाई जुनी फेरेको कुरा रामसमक्ष व्यक्त गर्नु (प्र.पाद, श्लोक : ३९);

४०. रामको वाणले गर्दा मायाजाल छिनेको र बैकुण्ठ किनेको भाव मारीचले व्यक्त गर्नु (प्र.पाद, श्लोक : ४०);

४१. रामरूपको अमृत किनो भन्दै मारीच खुशीले गद्गद् हुनु (प्र.पाद, श्लोक : ४१);

४२. त्रिभुवनका पति रामबाट मृत्यु प्राप्त गर्नु नै अमृत हो भन्दै मारीच खुशीले गद्गद् हुनु (प्र.पाद, श्लोक : ४२);

४३. जीवन त्यागेर मात्र काललाई किन्न सकिने कुरा मारीचले रामको सामु व्यक्त गर्नु (प्र.पाद, श्लोक : ४३);

४४. रामको दर्शन मारीचलाई दिव्य र अमृत समान भएको भाव मारीचले व्यक्त गर्नु (प्र.पाद, श्लोक : ४४);

४५. भ्रममा पर्नेहरूले मात्र रामको बाणको पीडा मान्दछन् तर मेरो लागि यो अमृत समान हो भन्ने भाव मारीच रामसमक्ष व्यक्त गर्नु (प्र.पाद, श्लोक : ४५);

४६. दयाको बज्र बनाई मायारूपी जाललाई छेडिदिने महापुरुष रामलाई चिनेको भाव मारीचले व्यक्त गर्नु (प्र.पाद, श्लोक : ४६);

४७. बाहिरी आाखाले प्रभु रामको कोमलरूपी भावलाई बुझ्न र देख्न पाउादा नसकिने तर भित्री आाखाले मात्र देख्न र बुझ्न सकिने भाव मारीचले व्यक्त गर्नु (प्र.पाद, श्लोक : ४७);

४८. जगत्का नायक रामबाट मायाजाल छिनाई चोला बदल्न पाउादा मारीच ज्यादै खुशी (प्र.पाद, श्लोक : ४८);

४९. घायल भई छट्पटाउादो मारीचले रामस्तुति गरी प्राण त्याग गर्नु (प्र.पाद, श्लोक : ४९);

**४. प्रतिचरमोत्कर्ष भाग**

५०. लक्ष्मणले दाजु राम समक्ष पुगी भाउजू साह्रै रिसानी हुनाले आफू रामका ( दाजुका) खोजीमा आएको बताउनु (प्र.पाद, श्लोक : ५०);

५१. "घायल साािभ गगनमा रुन्थी, घाउ गराई लाल" जस्ता पङ्क्तिद्वारा प्रकृतिलाई मानवीकरण गरी सन्ध्याकालीन समयको वर्णन कविले गर्नु (प्र.पाद, श्लोक : ५१);

५२. गुाड सम्भेर बनमा रोइरहेकी चरी र प्रकृतिको चित्रण गर्नु (प्र.पाद, श्लोक : ५२);

५३. सन्ध्याकालीन समयको प्रकृतिको चित्रणमा कवि खुबै रमाउनु (प्र.पाद, श्लोक : ५३);

५४. लामो छायाा अपसकुन भएको भाव रामले लक्ष्मणसाग बनमा भेट भएको बखतमा व्यक्त गर्नु (प्र.पाद, श्लोक : ५४);

५५. सन्ध्याको समयको जुन अवस्था हुन्छ त्यस्तै अवस्था सीताको भएको होला भन्ने भाव रामले लक्ष्मणसाग व्यक्त गर्नु (प्र.पाद, श्लोक : ५५);

५६. रामले भाइ लक्ष्मणसाग छिटोभन्दा छिटो पञ्चवटी अवस्थित कुटीमा जाऊा भन्नु (प्र.पाद, श्लोक : ५६);

५७. हामी चाााडोभन्दा चाााडो कुटीमा पुगेनौा भने सीताको मुखले गाली नगरे तापनि चेहराले हामीलाई गाली गर्नेछ भन्ने कुरा रामले भाइ लक्ष्मणसमक्ष गर्नु (प्र.पाद, श्लोक : ५७);

५८. राम र लक्ष्मण दुई भाइ जङ्गलबाट छिटोछिटो कुटीतर्फ फर्कनु (प्र.पाद, श्लोक : ५८);

५९. मारीच बधको गजब कहानी दाजु रामले भाइ लक्ष्मणलाई बाटोमा सुनाउादा लक्ष्मण डरले थरथर काप्नु (प्र.पाद, श्लोक : ५९);

६०. बायाा आाखा फुर्नाले रामका मनमा अपशकुनको भय पैदा हुनु (प्र.पाद, श्लोक : ६०);

## ५. उपसंहार भाग

१. साधुभेषी रावणको कोरीबाटी चट्ट मिलेको सेतो लम्बा दाह्री, ठूला-ठूला आाखा, चाउरिएको अनुहार, श्रीखण्ड घसेको र बाघको छाला पहिरिएको शरीर अनि उसले बोकेको कमण्डलुको वर्णन (द्वि. पाद, श्लोक : १);

२. साधुभेषी रावण पञ्चवटी कुटीमा आई राम-राम, शिव-शिव बाल्दै सीतासामु झोलो थापी भिक्षा माग्नु (द्वि. पाद, श्लोक : २);

३. सीताले पञ्चवटी अवस्थित कुटीको द्वारबाट साधुभेषी रावणलाई हेर्नु (द्वि. पाद, श्लोक : ३);

४. सन्ध्याकालीन समयमा सीता पञ्चवटी अवस्थित कुटीबाट बाहिर निस्कनु (द्वि. पाद, श्लोक : ४);

५. कम्मर मर्काई छाती ढल्काई केश गुटुमुटु पारी उमेर लुकाई सीतासामु रावण उभिनु (द्वि. पाद, श्लोक : ५);

६. बााकटे चोली लगाएकी सुन्दरी सीतालाई देख्दा रावण ज्यादै मोहित हुनु (द्वि. पाद, श्लोक : ६);

७. सीताको कपुररूपी शरीरलाई रावणले छड्के आाखाले हेर्नु (द्वि. पाद, श्लोक : ७);

८. विश्वश्रीझैं भएर सीता पञ्चवटीस्थित कुटीको छेउमा उभिनु (द्वि. पाद, श्लोक : ८);

९. सीता साधुरूपी रावणलाई बुझ्न नसकी यी पक्कै पनि ठूला योगी हुन् भन्ने ठानी भिक्षा दिनका लागि कुटीबाट तल झर्नु (द्वि. पाद, श्लोक : ९);

१०. कुटीबाट आइरहेकी सीतालाई नै पापी रावणको हृदयले भिक्षा ठान्नु (द्वि. पाद, श्लोक : १०);

११. सीता साधुभेषी रावणलाई देखी जतिजति लजाउादै जान्छिन् उतिउति रावणको दिलमा पार्वण सुन्दरताको ज्वार उम्लिनु (द्वि. पाद, श्लोक : ११);

१२. साधुभेषी रावणलाई सीताले भिख दिादा नलिनु र सीता आश्चर्यमा पर्नु (द्वि. पाद, श्लोक : १२);

१३. रावणले सीतालाई आफ्नो अगाडि पाउादा धनदौलत, मानमर्यादा, इज्जत र मृत्युसमेत बिर्सनु (द्वि. पाद, श्लोक : १३);

१४. पुतलीले दीपलाई निहारेर चकोरले जूनलाई निहारेर हेरेजस्तै रावणले सीतालाई हेर्नु (द्वि. पाद, श्लोक : १४);

१५. सीता रावणको अगाडि असजिलो रूपमा उभिनु (द्वि. पाद, श्लोक : १५);

१६. रावणले उफ्रेर दुई हातले सीतालाई समाउनु (द्वि. पाद, श्लोक : १६);

१७. तुहिनाचलले अरून्धतीको कोमल भारलाई बोकेजस्तै गरी एकहातले कटी र अर्को हातले गालामा पक्री सीतालाई चोरेर लैजानु (द्वि. पाद, श्लोक : १७);

१८. सीता त्रासले तिखो स्वरले "राम-राम" भनी कराउनु (द्वि. पाद, श्लोक : १८);

१९. सीताको कोमलदार शरीर, लामो केश र पछ्यौरी भुइमा लत्रिनु (द्वि.पाद, श्लोक : १९);

२०. रावणले सीतालाई उचालेर लगी रथमा राख्नु (द्वि. पाद, श्लोक : २०);

२१. सीता मुर्छा परेको देखी पृथ्वीमाता "छोरी छोरी" भन्दै रोइकराई विलाप गर्नु ( द्वि. पाद, श्लोक : २१);

२२. पृथ्वी माताले यो सब जाल रावणकी बहिनी नकटीमोरी शुपर्णखाको हो भन्ने कुरा व्यक्त गर्नु (द्वि. पाद, श्लोक : २२);

२३. राक्षेसी रावणले सीतालाई चोरी रथमा राखी दक्षिणतिर उडाएर लैजाादा सागर पनि असह्य पीडाद्वारा मर्माहत हुनु (द्वि. पाद, श्लोक : २३);

२४. रावणले सीतालाई रथमा राखी आकाश मार्गबाट उडाएको बेला बेहोस् अवस्थामा पनि सीताको आाखाबाट आासु झर्नु (द्वि. पाद, श्लोक : २४);

२५. रावण सीता प्राप्तिका लागि लङ्काको दरबार सुन जुहारत एवम् त्रिभुवन नै बेच्न तयार हुनु (द्वि. पाद, श्लोक : २५);

२६. सीताको सौन्दर्यमा लट्ठ परेको रावणले एउटा नवसंसार बोकी कुवेर बन्ने आकाङ्क्षा राख्नु (द्वि. पाद, श्लोक : २६);

२७. रावणले सीतालाई हिरा, मोती र जुहारसाग तुलना गर्दै उनलाई पाउनको लागि अर्को विश्व समेत किन्नलाई तयार हुनु (द्वि. पाद, श्लोक : २७);

२८. सुन्दरी सीता बेहोस् अवस्थामा रहेको बेलामा पनि रावणले उनको अनुहारमा हिरा र मोती झल्केको देख्नु (द्वि. पाद, श्लोक : २८);

२९. सीतासागको सच्चा प्रेम प्राप्तिका लागि रावणले लङ्काको दरबार र श्रीपेच समेत बेच्न तयार हुनु (द्वि. पाद, श्लोक : २९);

३०. हतार हतार रामलक्ष्मण कुटीमा पुग्नु र सीतालाई कुटीमा नदेख्दा आफ्नो घरबार लुटिएको ठानी राम शोकविह्वल हुनु (द्वि. पाद, श्लोक : ३०);

३१. रामले दुई आाखाबाट आाशु झार्दै सीताको खोजी गर्नु (द्वि. पाद, श्लोक : ३१);

३२. पञ्चवटी अवस्थित कुटी वरिपरि कतै पनि सीतालाई नदेख्दा राम साह्रै चिन्तित हुनु (द्वि. पाद, श्लोक : ३२);

३३. राम, सीता र लक्ष्मण रहने कुटीमा मुसो मात्रै नााचेको र अन्धकारले शासन गरेको देख्नु (द्वि. पाद, श्लोक : ३३);

३४. सीताको हालखबर पत्ता लगाउनका लागि प्रकृतिसाग रामले पुकार गर्नु (द्वि. पाद, श्लोक : ३४);

३५. रामले भाइ लक्ष्मणलाई सीताको खोजीका लागि सारा बन चहार्न भन्नु (द्वि. पाद, श्लोक : ३५);

३६. सीता दुःख र विरहले नदी वा तलाउमा डुबेर मरिन की भन्ने आशङ्का रामले गर्नु (द्वि. पाद, श्लोक : ३६);

३७. रामले तारागणहरूसाग पनि मेरी सीता कहाा छन् भनेर सोध्नु (द्वि. पाद, श्लोक : ३७);

३८. रामले आध्यारोमा पनि सीतालाई चारैतिर खोज्नु तर कतै पनि नपाउादा शोकविह्वल हुनु (द्वि. पाद, श्लोक : ३८);

यसरी प्रस्तुत खण्डकाव्यमा प्रारम्भ भाग, विकास भाग, चरमोत्कर्ष भाग, प्रतिचरमोत्कर्ष भाग र उपसंहार भाग गरी जम्मा पाँच चरणमा वस्तु विधान वा कथ्यविधान विकसीत भएको पाइन्छ। सरस्वतीको आह्वान-मङ्गलाचरणबाट थालिएको यो काव्य पञ्चवटीमा रामद्वारा मायामृगरूपी मारीचको बध (प्रथम पाद) र रावणद्वारा सीताको हरण (द्वितीय पाद) गरिएको रामायणको प्रसिद्ध कथांशमा आधारित देखिन्छ।

चौध वर्षे बनवासको क्रममा पञ्चवटीमा बसेका राम, सीता र लक्ष्मणका जीवनमा एकदिन अचानक दुर्दशा आउँछ। रावणको डरत्रासले गर्दा सुनको मृग बनेर छकाउँदै मारीच रामलाई कुटीबाट पर घना जङ्गलमा लैजान्छ यता पञ्चवटीको कुटीमा बसेकी सीतालाई पीर र शङ्का हुन्छ। रामचन्द्र समयमा नफर्केकाले सीता लक्ष्मणलाई दाजुको खोजीमा जान भन्छिन् तर सीतालाई एक्लै छाडेर जान पनि त ठीक थिएन ! सीताले कटुबचन बोल्न थालेपछि लक्ष्मण दाजुको खोजीमा जान बाध्य हुन्छन्। लक्ष्मण कुटीबाट निस्कनासाथ भिक्षुका रूपमा रावण आउँछ।

सुनको सुन्दर देह लिएर रामलाई छक्काउँदै दगुरेको मृगलाई मार्न राम समर्थ हुन्छन् तर बाण लागेपछि सुनको मृग मारीच राक्षसका रूपमा परिणत हुन्छ। मारीचले रामको स्तुति गर्दछ। रामको स्तुति गर्दागर्दै ऊ मुक्त हुन्छ। मायारूपी मृगको बधपछि दाजुको खोजीमा गएका लक्ष्मण रामका अगाडि देखापर्दछन्। ज्याँदै अबेर भएको अनुभव गर्दै दुबैजना कुटीतिर फर्कन्छन्।

यता रावण जोगीको रूपधारण गरेर बम्बम् गर्दै सीताको कुटीमा आइपुग्छ। सीतालाई देख्नासाथ रावण टुलुटुलु मात्र हेरिरहन्छ, यस्तो दिव्य सौन्दर्य उसले कतै देखेको थिएन। सबै रीतिनीति, मानमर्यादा र सम्भावित अनिष्टलाई समेत बिर्सिएर एकहातले कटीमा र अर्कोहातले गलामा पक्रेर चट्ट उठाई रावण सीतालाई चोरेर लैजान्छ। वायुपङ्खी घोडा भएका रथमा राखी लैजाने रावण जुनसुकै मूल्य पनि तिर्न तयार हुन्छ। उता मारीच जीवन दिएर बैकुण्ठ किन्छ, यता रावण सीताको हरण गरेर सुन्दरको कावेर बन्छ, अर्को संसार किन्छ। सीता रुन्छिन्, कराउँछिन् तर विश्व प्रकम्पन रावणबाट मुक्त हुन अबला सीताको सामर्थ्य छैन। यता राम र लक्ष्मण कुटीमा आउँदा उनीहरू सीतालाई पाउँदैनन्। राम विह्वल हुँदै वनवन घुमी सीताको खोजी गर्न थाल्दछन्। अब त खोज र प्रयास व्यर्थ छ किनकि सीतालाई

त रावणले धेरै पर अर्को संसारमा पुऱ्याइसकेको हुन्छ । यसरी प्रस्तुत खण्डकाव्यको कथावस्तु वियोगान्त अवस्थामा पुगेर टुङ्गिन्छ ।

प्रस्तुत खण्डकाव्यको कथावस्तु क्रमिक रूपमा विकसित बन्न नसकी कवितात्मक भावप्रवाह अन्तर्गत नै जेनतेन पूर्ण भएको देखिन्छ । यसको कथावस्तु आख्यान र कवित्वको सन्तुलन बन्न नसकेकोले गर्दा नै यसमा करुणरस परिपाक अवस्थामा पुग्न सकेको छैन । यसमा रामले आफ्नो पत्नीको हरण हुादा आफ्नो घरबारै लुटिएको अवस्थाको चित्रण गरिएको हुादा त्यतिबेला नेपालमा रहेको अर्काको घरबार लुट्ने राणा शासकका सामन्ती परिवेशको व्यञ्जना गर्न भने यो कथावस्तु निकै सक्षम रहेको छ ।

## ३.४ पात्रविधान

खण्डकाव्यलाई काव्यात्मक प्रदान गर्ने महत्त्वपूर्ण तत्व पात्रविधान हो । खण्डकाव्यमा कथातत्वको सुत्रपात गर्न आवश्यक भूमिका चरित्रको हुन्छ । पात्रले कथावस्तुलाई गति प्रदान गर्ने काम गर्दछ । कथावस्तुका सम्पूर्ण घटनाहरू पात्रमा निर्भर हुन्छन् । पाश्चात्य विद्वान् अरस्तुका अनुसार[७८] चरित्र त्यसलाई भनिन्छ । जसले कुनै व्यक्तिका रुचि अरूचिको प्रदर्शन गर्नुका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ । यस दृष्टिले काव्यको पात्र सशक्त, जीवन्त र संवेध हुनु आवश्यक छ । खण्डकाव्यमा पात्रविधान सशक्त किसिमको गर्नुपर्दछ । यसको नायक सुशील, सङ्घर्षशील, धीरोदात्त आदिमध्ये कुनै एक पनि हुनसक्छ तर धीरोदात्त गुणयुक्त नायक भएको खण्डकाव्य बढि प्रभावशाली हुन्छ । नायिका प्रधान खण्डकाव्यमा नारी जागृति, सचेत भावनाको विकास भएको, कर्मठ, सङ्घर्षशील, पतिपरायण, स्वकीया, परकीया आदिमध्ये कुनै हुन सक्छे । यसमा अन्य सहनायक-नायिका तथा प्रतिनायक नायिका र अरू पात्रहरूको पनि समावेश हुन सक्छ भने मूल नायककै सेरोफेरोमा तिनको चरित्र घुम्ने किसिमले तिनका स्वभाव र क्रियाकलापको वर्णन गरिनु पर्दछ । मूल चरित्रलाई स्थिर वा विकसित जुनसुकै अवस्थामा पनि उपस्थित गराउन सकिन्छ । उसको चरित्रलाई गतिशील रूपमा प्रस्तुत गरिन्छ

---

76= वासुदेव त्रिपाठी, kfZrfTo ;dfnf]rgfsf] ;}4flGts k/Dk/f (भाग- १ ते.सं.), काठमाडौं : साझा प्रकाशन
(२०५८ : पृ. ५८) ।

भने उसमा आरोपित गरिएको गतिशिलता उभयमुखी तथा उर्ध्वमुखी हुनुपर्दछ । मोहनराज शर्माले पात्रलाई अझ सूक्ष्म र कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।[ठठ] उनका अनुसार चरित्रलाई लिङ्गका आधारमा– पुरुष र स्त्री कार्यका आधारमा– प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा- अनुकूल र प्रतिकूल, स्वभावका आधारमा- गतिशिलता र गतिहिनता, जीवनचेतनाका आधारमा-वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा– मञ्चीय र नेपथ्य, आबद्धताका आधारमा– बद्ध र मुक्त गरी विभिन्न किसिमले प्रष्ट्याइएको छ ।

उपर्युक्त पात्र विद्यागत सिद्धान्तका आधारमा सीताहरण खण्डकाव्यका प्रमुख, सहायक, गौण र अन्य पात्रहरूको चरित्र चित्रण निम्नानुसार छ–

## सीता

प्रस्तुत खण्डकाव्यकी मुख्य पात्र सीता हुन् । उनी रामचन्द्रकी पत्नी, लक्ष्मणकी भाउजू र पृथ्वीमाताकी छोरीका रूपमा यस कृतिमा आएकी छन् । हामी हिन्दूहरूले सीतालाई राजा जनककी छोरी र राजा दशरथकी बुहारीका रूपमा पनि बुझ्दै आइरहेको कुरा हो । यस कृतिमा सीता आफ्नो पति रामलाई बनवास जानुपरेको अवस्थामा साथ दिदै पति र देवरका साथ पञ्चवटी कुटीमा रहादै आएकी छिन् ।

एकदिन सुनको मृगदेखि लोभिएको र त्यो मृग छोपी ल्याउन रामलाई अनुरोध गरेबाट उनी एक सरल नारीसुलभ गुण भएकी नारीका रूपमा देखिएकी छिन् । त्यसैगरी मृग ल्याउन गएका राम नफर्कादा देवरलाई दाजु खोज्न जानभन्दा देवरले भाउजू एक्लै छोड्न नचाहादा जानी-नजानी देवरप्रति कटुवचन लगाएबाट भाउजूले देवरलाई लगाउने लाञ्छनित प्रवृत्ति पनि नेपाली समाजसाग मिल्दछ ।

यस खण्डकाव्यमा सीता आफूमाथि जस्तोसुकै सङ्कट आइपर्ने भए पनि आफ्नो पतिलाई विपत्तिमा पार्न नचाहने सतिचरित्र फेलापर्छ । सीताको अटल र गम्भीर स्वभावलाई निम्न हरफले पुष्टि गर्दछन् :

गम्भीर मोहनी सीता जननी
विश्वश्री झै हेर खडा छन्

77= मोहनराज शर्मा, z}nL lj1fg, (काठमाडौं : ने.रा.प्र.प्र., (२०४८ : पृ.७२) ।

विधुसरी धनकी उटज किनार

बाहुलीका छन् किनार जुटका

(सीताहरण, पृ. ३२-३३)

सीताको सुन्दरतालाई प्राकृतिक वातारणका बिचमा तादात्म्य स्थापित गरी वर्णन गरेको पनि पाइन्छ। जे होस् सीता त्यस्ता अपठीत ग्रामिण तर सरल र स्वच्छ युवतीहरूकी प्रतिनिधि र हिन्दूहरूकी एक आदर्श नारी पात्र हुन्। पतिपरायण, सरल, शङ्कालुजस्ता प्रवृत्ति पाइने सीता यस खण्डकाव्यकी बद्ध पात्र हुन्। यिनमा प्रणयचेतना सहितको कामवृत्तियुक्त र अन्तर्मुखिता-बर्हिमुखिताको दोहोरैपन जस्ता विशेषता भेटिन्छन्। वस्तुतः प्रस्तुत खण्डकाव्य सीताहरणकै पृष्ठभूमिमा नै अडेको छ।

**राम**

उक्त खण्डकाव्यका मुख्य पुरुष पात्र राम अयोध्याका राजा दशरथका जेठा छोरा, सीताका पति र लक्ष्मणका दाइ हुन्। उनी विष्णु भगवानका नामले पनि सुपरिचित छन्। उनी वनवासी भएका छन् र एक कुशल सिकारीका रूपमा उनको चित्राङ्कन यहाा गरिएको छ। मारीचद्वारा प्रस्तुत स्तुतिबाट यहाा उनको ईश्वरीय चरित्र पनि खुलस्त भएको छ–

बैकुण्ठ किनो बैकुण्ठ किनो

स्पर्शले प्रभुको बैकुण्ठ किनो

राम चिनो अब राम चिनो

मायाजाल छिनो प्रभुजी !

(सीताहरण, पृ. १८)

त्यसैगरी पत्नी वियोगमा उनीद्वारा गरिएको विलापबाट उनको मानवीय चरित्र पनि यहाा निम्न पङ्क्तिहरूद्वारा स्पष्ट्याइएको छ–

कहाा गइन् ती कहाा गइन् ती

दुःखले रिसले अथवा भन भन !

नदी कतैतिर बग्छ नजिक

अथवा तलाउ काहीं छन् ?

कहाा गइन् ती विरहानलले

डुबी मुगा या मोती बन्छिन् ।

(सीताहरण, पृ. ४४)

यसरी प्रस्तुत खण्डकाव्यका प्रमुख पात्र रामका चरित्रमा ईश्वरीयता र मानवीयताको समीकरण गरिएको छ। यी पत्नीका निम्ति असम्भव कार्य गर्न पनि तत्पर हुने पुरुषार्थी पतीका साथै पत्नीहरण हादा सर्वस्व लुटिएको ठान्ने भावुक पत्नीब्रत पतिका प्रतिनिधिका रूपमा यहाा देखा पर्दछन् । यी सत्पात्र हुन र नायकका रूपमा बद्ध पात्र हुन् । यी प्रणयचेत सहितको कामवृत्तियुक्त र उदात्त नैतिक सार्वजनिक अहम् भएका आदिम पात्र हुन् ।[ठड]

**लक्ष्मण**

यस खण्डकाव्यमा लक्ष्मण रामका भाइ र सीताका देवरका रूपमा देखापरेका छन् । दाजुभाउजूसागै लक्ष्मण पनि वनवासमा रहेका छन् । भाउजूले नचाहिादो लाञ्छना लगाउादा पनि चुपचाप सहने धीरललित स्वभावका पात्र हुन् । रामका सामु रुन्चे पाराले आफ्नो बाध्यता प्रस्तुत गर्ने पात्र हुन् । प्रस्तुत खण्डकाव्यमा लक्ष्मण आफ्ना दाजुभाउजूलाई आपत्विपत् पर्दा साथ दिने एक नेपाली दाजुभाइको सम्बन्धजस्तो भएका पात्रका रूपमा पनि देख्न सकिन्छ । लक्ष्मणले यस खण्डकाव्यमा लाचारी रुन्चे देवरको भूमिका खलेका छन्। उनी यस खण्डकाव्यका सत्पात्र हुन् । सहायक पुरुष पात्रका रूपमा उनी यसका बद्ध पात्र हुन् र उनी पनि उदात्त सार्वजनिक अहम् भएका आदिम पात्र हुन् ।[ठढ]

**रावण**

यस खण्डकाव्यको प्रमुख खलपात्रका रूपमा रहेको रावण लङ्का देशको राजा हो । साधुको रूपधारण गरी सीतालाई हरेर लैजाने एक छलकपटी पात्र हो । मारीचलाई सुनको मृग रूपधारण गराई सीतालाई हरण गर्न योजना बनाउने असत् पात्र हो । अर्काको घरबार बर्बाद

78= महादेव अवस्थी, पूर्ववत्, पृ.२३५ ।

79= पूर्ववत्, पृ.२३६ ।

गर्ने एक दुष्ट चरित्रका रूपमा रहेको रावणको चरित्रमा त्यसताकाको राणाशासकहरूको सामन्ती प्रवृत्ति देखिन्छ । आफ्नो कार्य सम्पन्न गर्न आफ्नो रूप नै परिवर्तन गरेको कुरा निम्न अभिव्यक्तिबाट पुष्टि हुन्छ–

आउाछ रावण भस्म विलोपन
        मसला रुखको सेतो अवयव
सदृश सुगन्धी श्रीखण्ड घसेको
        बं.बं. बोली अलक जगाई
कमण्डलुको बोकी भार !

(सीताहरण पृ.२९)

यसरी रावणले यस खण्डकाव्यमा मान्छे आफ्नो कार्य पट्याउन जे पनि गर्ने रहेछ भन्ने कुरा रावणको चरित्रले देखाउाछ । ऊ स्थिर बद्ध पात्र हो । ऊ विकृत मानसिक अहम् भएको पात्र हुनाका साथै नैतिकताहीन सामन्तीको प्रतीक हो ।[ङण]

**मारीच**

मारीच प्रस्तुत खण्डकाव्यमा सह-खलनायक हो । मारीच भेष बदल्न सक्ने मायावी शक्ति पाएको पौराणिक राक्षसका रूपमा यहाा देखिन्छ ।[ङञ] सीता र राम (नायक-नायिका) बिचको प्रेममा बाधा पुऱ्याउने पात्र हो । ऊ रावणको सहायक पात्र हो । मारीचमा असत् र सत् दुबै थरी चरित्र देख्न पाइन्छ । सुनको मृग बनेर झुक्काई रामलाई सीतादेखि टाढा पुऱ्याएरबाट ऊ असत् देखिन्छ भने राम वाणले मुटुमा छेडेपछि रामलाई भगवान्का रूपमा चिनेर छट्पटाउादै रामस्तुति गरी प्राण त्यागेबाट उसका चरित्रमा सत्पात्रता देखाएको कुरा मारीचले मर्ने बेलामा गरेको निम्न पङ्क्तिहरूले पुष्टि गर्दछन्–

मृगतृष्णाको रूप चिनो अब
        अमृत राम चिनो !

---

80= पूर्ववत्, पृ. २३६ ।

81= P]hg\ .

धन्य छ प्रभुको दिव्य मुहार

विश्वज्योतिको दर्शनसार

सत्य क्वादे भ्रैं अति सुकुमार

मेरा नाथ चिनो !

(सीताहरण, पृ. २१-२२)

**यसरी मारीचका चरित्रमा गतिशिलता पाइन्छ । गतिशील स्वभाव, विकृति मानसिक भएको बर्हिमुखी र बद्ध पात्र समेत हो ।**

**पृथ्वी**

प्रस्तुत खण्डकाव्यमा पृथ्वीमातालाई गौण पात्रका रूपमा लिइएको छ । पृथ्वी सीताकी जननीका रूपमा यस खण्डकाव्यमा देखापरेकी छन् । सीताको हरण गरी रावणले आकाशमार्गबाट लैजाादै गरेको देखि पृथ्वीमाता “छोरी छोरी” भन्दै शोक मनाउादै रुने एक निरीह पात्रका रूपमा प्रस्तुत खण्डकाव्यको दोश्रो पादमा देखा परेकी छिन् । पृथ्वीमाताको चरित्रलाई उति व्यापक रूपमा प्रस्तुत गरिएको छैन तापनि वात्सल्यमयी माताका रूपमा उनको उपस्थिति प्रभावकारी नै रहेको छ । उनी यस खण्डकाव्यकी सत्, स्थिरको साथै मुक्त मात्र ठहरिन्छिन् ।

**शूपर्णखा**

शूपर्णखा प्रस्तुत खण्डकाव्यको द्वितीय पादअन्तर्गत देखापरेकी एक असत् चरित्र भएकी गौण स्त्री पात्र हो । शूपर्णखाको जालले नै सीताको हरण भएको कुरा निम्न पङ्क्तिहरूले पुष्टि गर्दछन् :

पृथ्वी रोइन् शीत पुकार

गर्दै कराई “छोरी-छोरी ।”

जाल सब यो शूपर्णखाको

नाङ्ले नङ्की नकटी मोरी

(सीताहरण, पृ. ३७)

यसरी प्रस्तुत खण्डकाव्यमा सीताहरणको षड्यन्त्रकी सूत्रधार शूपर्णखालाई नाङ्ले नङ्की नकटीमोरीका रूपमा सङ्केत गरिएकी पात्र हो शूपर्णखा। यो गतिशील स्वभाव भएकी विकृत मानसिक अहम्युक्त बर्हिमुखी र चरित्रहीन पात्र हो।

यस खण्डकाव्यमा त्यति धेरै पात्रहरू भएको नपाइए पनि सत् र असत् पात्रको विधान गरिएको छ। यस खण्डकाव्यमा उपस्थित रही स्पष्ट चरित्राङ्कन भएका पात्रहरूमा सीता, राम, लक्ष्मण, रावण र मारीचको चरित्रलाई ज्यादा प्रकाशमा ल्याइएको छ। यस खण्डकाव्यका पात्रहरू सामाजिक र धार्मिक प्रतिनिधिमूलक छन्। तद्युगीन नेपाली समाजमा असत् पात्रको बिगबिगी चल्ने गरेको र सत् पात्रको बिचल्ली हुने गरेको स्थिति देखाउनमा यो पौराणिक पात्रविधान प्रतीकात्मक रूपमा सक्षम रहेकै छ।[82] यसरी स्वल्प सक्रिय पात्रहरूको चित्राङ्कनमा आधारित सीताहरण खण्डकाव्यको पात्रविधान स्वल्प सङ्ख्यात्मक पात्रविधानका सैद्धान्तिक अपेक्षानुसारकै छ।

## ३.५ परिवेश विधान

परिवेश भनेको देश, काल र परिस्थिति हो र परिवेश विधान भनेको कथावस्तुका घटना एवम् पात्रसाग सम्बन्धित देश, काल र परिस्थितिको चित्रण हो। अर्थात् पात्रद्वारा भोगिएको जीवनजगत्को केन्द्रबिन्दु नै परिवेश हो। कुनै पनि खण्डकाव्यमा महाकाव्यमा जस्तो व्यापक परिवेश विशेषको चित्रण नभएर सङ्क्षिप्त वर्णन गरिएको हुन्छ र परिवेशले देश, काल र परिस्थितिलाई जनाएको हुन्छ।[83] कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल कार्यपीठिका हो। त्यही कार्यपीठिका नै कुनै पनि काव्यको परिवेश हो। कुनै पनि आख्यानात्मक कृतिलाई प्रभावशाली र तीव्र बनाउनमा सङ्घर्ष, क्रियाकलाप र

---

82= पूर्ववत्, पृ. २३६।

83= घनश्याम दाहाल र अन्य, खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य (प्र.सं.), काठमाडौँ : भुँडीपुराण प्रकाशन, (२०५७ : पृ. ७)।

कथोपकथनजस्तै परिवेशको पनि भूमिका रहन्छ। पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी निर्वाह गर्दछ। जुनसुकै पात्र नयाा क्रियाकलापमा प्रवृत्त भएको देखिन लाग्यो भने त्यस पात्रका आचरणमा नविनता जन्माउन सक्रिय भूमिका खेल्ने तत्वका रूपमा परिवेशको प्रभाव छ भन्ने ठहर गर्नुपर्ने हुन्छ।[डद्ध]

प्रस्तुत सीताहरण खण्डकाव्य कवि लक्ष्मीप्रसाद देवकोटाद्वारा वि.सं. २००३ मा रचिएको र वि.सं. २०२४ मा नेपालको अग्रणी संस्था साझा प्रकाशनले प्रकाशनमा ल्याएको पूर्वीय वेदान्त दर्शनको आधारभूत सिद्धान्त अर्थात् ज्ञानमार्ग र भक्तिमार्गका साथ स्वच्छन्दतावादी जीवनदृष्टिको समीकरण गरिएको काव्य हो। यस खण्डकाव्यको परिवेश विधानलाई हेर्दा स्थानगत परिवेशका रूपमा पञ्चवटी वन र त्यहाा स्थित राम, लक्ष्मण र सीताको कुटी अनि अन्य वन्य प्रदेशको चित्रण गरिएको छ। यसमा सीताको सौन्दर्य चित्रण गर्दा प्रकृति र सीताका सौन्दर्यको समीकरण गरेको पाइनाले सीताको हरणपछि प्रकृतिलाई पनि रुग्ण र शोकाकुल रूपमा चित्रित गरिएको देखिनाले यस खण्डकाव्यमा परिवेशका रूपमा गरिएको प्रकृति चित्रणको स्वरूपमा प्रकृतिको मानवीकरण गर्ने र पात्रीय मनस्थिति एवम् परिस्थिति अनुरूप प्रकृतिलाई सुखी दुःखी देख्ने स्वच्छन्दतावादी मनोगत प्रकृति चित्रणको मनोहर झल्को पर्न गएको भेटिन्छ।[डछ] यस खण्डकाव्यको परिवेश हेर्दा साझपखको समयमा घटना घटेको छ, त्यसैले यसको कालगत परिवेशका रूपमा पौराणिक युगको कुनै एक दिनको साझपखको समय रहेको देखिन्छ। अभिधात्मक रूपमा पौराणिक युगकै परिवेश व्यक्त छ भने ध्वन्यात्मक रूपमा चाहि अनेकौ छलकपटद्वारा दुनियााका छोरीबुहारीको हरण गरी घरबार बर्बाद गरिदिने राणा शासनकालीन अन्यायी, अत्याचारी परिवेशको सङ्केत पाइन्छ।[डट] कवि लक्ष्मीप्रसाद देवकोटाले परिवेश चित्रणको क्रममा पञ्चवटीस्थित सुन्दर कुटी र त्यहाा वरिपरि फुल्ने ढकमक्क पुष्पहरू एवम् सीताको सौन्दर्यका वर्णन कविले प्रकृतिकी छोरी तथा चरीका रूपमा स्थापित गरी यसरी प्रस्तुत गरेका छन्–

84= राजेन्द्र सुवेदी, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, काठमाडौँ : साझा प्रकाशन (२०५३ : पृ. २५)।

85= महादेव अवस्थी, पूर्ववत्, पृ.२३६।

86= पूर्ववत्, पृ.२३७।

पञ्चवटीको भाडी फुल्थ्यो
ढकमक्क पुष्प प्रसार
एउटा हरियो चरीले हेर्थी
स्याउलाले सुन्दर हार
विस्तृत विटप विशाल नुहुन्थ्यो
पातले छाई छत सुकुमार ।

(सीताहरण, पृ. ३०)

त्यसैगरी सीताको अटल स्वभावलाई प्रस्तुत खण्डकाव्यमा यसरी दर्साइएको छ–

गम्भीर मोहनी सीता जननी
विश्वश्री भै हेर खडा छन्
विधुसरी धनकी उटज किनार
बाहुलीका छन् किनार जुटेका
अञ्जलीभरभर मोती हाास्दछ
चाावलदाना मुदित हजार ।

(सीताहरण पृ.३२-३३)

प्रस्तुत खण्डकाव्यको द्वितीय पादमा सीताको सौन्दर्यको वर्णन रावणको मुखबाट कविले यसरी गरेका छन्–

जुहार कहाा छन् पृथ्वीमा अरू
यस्ता उज्याला पानीहार ।
गोल भावले विश्व गोलको
भाषा कुदे भै जधधार ।
हीराभन्दा अतिशय कोमल
मोतीभन्दा मृदुल अपार ।
देखो तिम्रो हे सुकुमारी
विचेत नजरमा द्रवित जुहार ।

(सीताहरण, पृ. ४०)

त्यसैगरी यस खण्डकाव्यमा देवकोटाले पात्रगत मनोदशाको अभिव्यञ्जना गर्न पनि प्रवृत्ति चित्रण गरेको देखिन्छ। यस खण्डकाव्यको द्वितीय पादको अन्त्यतिर रामको विह्वल मानसिक अवस्थाको अभिव्यक्ति प्रकृतिका विभिन्न बिम्बहरूका माध्यमबाट गरेको छन्।

मधुर वचनले "हजुर" भनीकन
उत्तर  दिन्नन् किन यो दिन
उत्तर दिन्नन् कि यो दिन ?
कल्ले चोर्‍यो कल्ले लग्दछ
कल्ले उडायो मेरो धन ?
वनले फेर्दछ चीसो श्वास
मुर्दा बन्दछ अब एकलास
निराश निशामा छैन प्रकाश
रुन्छे केवल रुन्छे नभमा
ताराहरूको चीसा कण ?

(सीताहरण, पृ. ४३)

त्यसैगरी सीताको हरणपछि पञ्चवटीको कुटीको चित्रण यसरी गरिएको छ–

खाली कुटीमा नाच्दछ मूसो
अन्धकारले गर्दछ शासन
सीता छैनन् छैनन् सीता
छन् भनी देला को आश्वासन !

(सीताहरण, पृ. ४३)

कवि लक्ष्मीप्रसाद देवकोटाले परिवेश चित्रणको क्रममा पञ्चवटी स्थित सुन्दर कुटी र त्यहाा वरिपरि ढकमक्क फुल्ने फूलहरू एवम् सीताको सौन्दर्यको वर्णन निकै रमाएर गरेका छन्। सीतालाई प्रकृतिकी छोरी तथा चरीका रूपमा स्थापित गरी यसरी प्रस्तुत गरेका छन्–

पञ्चवटीको झाडी फुल्थ्यो
ढकमक्क पुष्प प्रसार
एउटा हरियो चरीले हेर्थी
स्याउलाले सुन्दर द्वार

विस्तृत विपट विशाल नुहुन्थ्यो
पातले छाई छत सुकुमार ।

(सीताहरण, पृ. ३०)

यसरी प्रस्तुत खण्डकाव्यमा पूर्वीय पौराणिक संस्कृति र प्राकृतिक सौन्दर्यको गायन गरिएको छ । प्राचीनकालीन समयको वातावरण, रहनसहन आदिको चित्र यसभित्र बुनिएको छ । पौराणिक कथावस्तु, पात्रविधान र परिवेश चित्रणका समष्टि योगबाट बनेको प्रस्तुत खण्डकाव्यको आख्यानात्मक संरचना जीवनको खण्डविशेषलाई झल्काउने खण्डकाव्यका अपेक्षाअनुरूप मोटामोटीमा ठीकैजस्तो लागे पनि कवितात्मक भावहरूका प्रवाहमय अभिव्यक्तिका चाप परी स्वाभाविक रूपमा सुसङ्गठित हुन सकेको छैन ।[डठ]

## ३.६ भावविधान

भाव भन्नाले कविताको शब्द-शब्दमा अन्तर्निहित शक्ति भन्ने बुझिन्छ । शब्द-शब्दका श्रृङ्खलामा भाषिक संरचना गुम्फित हुने भएकाले भाषिक संरचनामा भाव अभिव्यक्त भएको हुन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता र रस काव्यका अङ्ग मानिन्छन् । वस्तुमा भाव निहित हुने भएकाले पनि कवितामा भावको अभिव्यक्ति हुन्छ । “भू” धातुमा “घञ्” प्रत्यय लागेर बनेको भाव शब्दको अस्तित्व भएका वस्तुलाई नियमबद्ध गर्नु भन्ने बुझिन्छ । भावले शब्द-शब्दको र समग्रमा रचनाको अर्थ प्रकट गर्दछ ।[डड] प्रस्तुत खण्डकाव्यको आख्यान विविध रसभावद्वारा ओतप्रोत भई कवितात्मक रूपमा प्रकट भएको छ र यसमा मुख्य रूपमा “शोक” स्थायीभाव र करुण रसको अभिव्यक्ति गरिएको छ ।

प्रस्तुत खण्डकाव्यको सुरुमा गरिएको सरस्वतीस्तुतिरूपी मङ्गलाचरणमा भक्तिभावको अभिव्यञ्जना भएको छ र सोही क्रममा “दुनियाालाई आज पघालू दुनियाालाई आज रुलाऊा” भन्ने अभिव्यक्तिद्वारा यस खण्डकाव्यमा शोक स्थायीभाव र करुण रसलाई व्यक्त गरिने पूर्वसूचना पनि दिइएको छ । यसपछि यहाा राम नफर्कादा डराएकी सीताको भयभीत

---

डठ. ध्रुवप्रसाद बस्याल, लक्ष्मीनिबन्ध सङ्ग्रहको कृतिपरक विश्लेषण, एम.ए. अप्रकाशित स्नातकोत्तर शोधपत्र, (२०५४ : पृ. २३-२४)

डड. वामन शिवरामआप्टे, संस्कृत हिन्दीकोश, दिल्ली : मोतीलाल वनारसीदास (सन् १९६६ : पृ. ७३८) ।

मनोभावको अनि लक्ष्मणप्रतिका उनका लाञ्छनापूर्ण कटुवचनमा घृणाजनक जुगुप्सा स्थायीभावको र विभत्सरसको अभिव्यक्ति गरिएको पाइन्छ। यसैगरी यसभित्रको मारीचकृत रामस्तुतिमा विशुद्ध भक्तिभावको व्यापक अभिव्यक्ति भएको भेटिन्छ भने सीताका सौन्दर्य चित्रणमा श्रृङ्गारिकता प्रकट गरिएको पाइन्छ।[ङढ] यसका सीताहरणका प्रसङ्गमा भयानक र रौद्र रसको आभास मात्र पाइन्छ र अन्त्यतः घरबार लुटिएका रामको शोकविह्वलताको चित्रणमा करुणरसका साथै पत्नी विरहमा आधारित विप्रलम्भ श्रृङ्गार रसको अभिव्यक्ति गरिएको छ। वस्तुतः यस खण्डकाव्यमा मुख्य रूपमा भक्तिभाव र विप्रलम्भ श्रृङ्गारलाई नै व्यक्त गरिएको छ। यसको भक्तिभावको अभिव्यक्ति भएको "राम वाणको देखो जादू" (पृष्ठ १५) देखि "मायाजाल छिने" (पृष्ठ २१) सम्मको १३४ हरफ लामो रामस्तुति यसका प्रकाशकीयमा कमल दीक्षितले भने झैं[ढण] वास्तवमा देवकोटाले रचेको सबभन्दा राम्रो र लामो भजन हो। यस खण्डकाव्यमा हावभाव, शोभा, विभ्रम, स्तम्भ, अश्रु, प्रलय आदि अनुभाव र निर्वेद, आवेग, मद, उग्रता, जडता, मति, त्रास, विषाद, तर्क आदि सञ्चारीभावका परिप्रेक्ष्यमा मुख्यतः पूर्वोक्त रति स्थायीभाव र विप्रलम्भ श्रृङ्गारको अभिव्यक्ति यस खण्डकाव्यमा गरिएको भेटिन्छ।[ढज्ञ] यी भावहरूले करुण भावलाई परिपाकमा पुऱ्याउन ठूलो मद्दत गरेका छन्।

यस खण्डकाव्यको सुरुको श्लोकमा सरस्वतीस्तुतिरूपी मङ्गलाचरणमा भक्तिभावको अभिव्यञ्जना यस प्रकार व्यक्त गरिएको छ–

पत्र विचित्र छ सित रजहाास
हृदय छ वीणा वचन विकास।
चित्र विचित्र छ स्वप्न मिठास
जननी। अक्षर भर भर हाास।

-(सीताहरण, पृ. १)

जननी जनिगर आउन आज
बरबर पारूा द्रवित समाज

89= महादेव अवस्थी, पूर्ववत्, पृ.२३८।

90= कमल दीक्षित, पूर्ववत्, पृ.४

ढज्ञ. महादेव अवस्थी, पूर्ववत्।

नसा नसामा तार बजाऊ

हृदय कमलमा आसन पाऊ

(सीताहरण, पृ.२)

त्यसैगरी यस खण्डकाव्यमा शोक स्थायीभाव र करुण रसलाई व्यक्त गरिने पूर्वसूचना पनि यसरी दिइएको छ–

दुनियाालाई आज पघालू
दुनियाालाई आज रुलाऊ
दुई आाखामा मोती झारी
कान कचौरा भरभर अमृत
रामको रसको मधुर पिलाऊ ।

(सीताहरण, पृ. ३)

सिकारबाट राम अबेरसम्म कुटीमा नफर्कादा डराएकी सीताको भयभीत मनोभावको अनि देवर लक्ष्मणप्रतिका उनका लाञ्छनापूर्ण वचनमा घृणाजनक जुगुप्सा स्थायीभावको र वीभत्सरसको अभिव्यक्ति यसप्रकार गरिएको पाइन्छ–

सारै बेकम्बा साङ्ग्रो ज्यादै
बाबु हजुरको दिल रैछ
हाय विपदमा बुद्धि हजुरकी
बहुत दरिद्री भैछ
सक्दिना सन्न पनि म हजुरको
वचन आध्यारो रैछ
दाज्यू कहाा हो गहन विपिनमा
सङ्कट कस्तो परिरैछ
यहाा बसेता भाउजू मेरी
हुन्छे भने झै पो रैछ

हेर्दिन हेर्दिन मुख नै

कालो धुआासो रैछ ।

(सीताहरण, पृ. ७)

यस काव्यभित्रको मारीचकृत रामस्तुतिमा विशुद्ध भक्तिभावको व्यापक अभिव्यक्ति भएको भेटिन्छ । जस्तै–

वैकुण्ठ किनो वैकुण्ठ किनो

स्पर्शले प्रभुको वैकुण्ठ किनो

राम चिनो अब राम चिनो !

मायाजाल छिनो प्रभुजी !

(सीताहरण, पृ. १८)

*    *

धन्य छ प्रभुको दिव्य मुहार

विश्व ज्योतिको दर्शन सार

सत्य कुदे झैा अति सुकुमार

मेरा नाथ चिनो

अब मैले मेरा नाथ चिनो ।

(सीताहरण, पृ. २१-२२)

सीताको सौन्दर्य चित्रणमा श्रृङ्गारिकता यसप्रकार प्रकट गरिएको पाइन्छ–

जुहार कहाा छन् पृथ्वीमा अरू

यस्ता उज्याला पानीदार ।

गोल भावले विश्व गोलको

भाषा कुदे झैा जलधार !

हीराभन्दा अतिशय कोमल

मोतीभन्दा मृदुल अपार !

देखो तिम्रो हे सुकुमारी

विचेत नजरमा द्रवित जुहार ।

कुमुद सुकुममा जून बले झौ

वसन्त झरीको दानादार ।

(सीताहरण, पृ. ४०)

राम कुटीमा फर्कादा सीतालाई नदेखेर उनका मनमा भयानक र रौद्र रसको आभास निम्न पङ्क्तिबाट देख्न सकिन्छ–

मधुर वचनले “हजुर” भनीकन

उत्तर दिन्नन् कि यो दिन ?

उत्तर दिन्नन् कि यो दिन ?

कल्ले चोर्‍यो कल्ले लग्दछ

कल्ले उडायो मेरो धन ?

(सीताहरण, पृ. ४३)

घरबार लुटिएका रामको शोकविह्वलताको चित्रणमा यहाा करुणरस साथै पत्नी सीताका विरहमा आधारित विप्रलम्भ श्रृङ्गार रसको अभिव्यक्ति गरिएको छ :

कहाा गइन ती कहाा गइन् ती

दुःखले रिसले अथवा भन भन !

नदी कतैतिर बग्छ नजीक

अथवा तलाउ काहीं छन् ?

कहाा गइन् ती विरहानतमले

डुबी मुगा या मोती बन्छिन् ।

(सीताहरण, पृ. ४४)

यसरी यस खण्डकाव्यमा कविले विविध रसको अभिव्यक्ति गरेको भेटिन्छ र ती मध्ये करुण रसलाई अङ्गी रस बनाएर अन्य रसहरूलाई अङ्गरसका रूपमा स्थापित गरी यसको भावविधालाई निकै प्रभावकारी बनाएका छन् ।

३.७ केन्द्रीय कथ्य (मुख्य विचार)

कवि लक्ष्मीप्रसाद देवकोटाद्वारा विषम मात्रिक छन्दमा रचित सीताहरण खण्डकाव्य लघुकाव्यका रूपमा रहेको छ। प्राचीन हिन्दू ग्रन्थ (रामायण) मा प्रसिद्ध रहेको रावणले छलबलद्वारा गरेको सीताहरणको घटना प्रस्तुत गरी यस खण्डकाव्यको केन्द्रीय कथ्य परस्त्रीहरणलाई बनाएको पाइन्छ। कवि देवकोटाले यस खण्डकाव्यमा वेदान्त दर्शनको आधारभूत सिद्धान्त अर्थात् ज्ञानमार्ग र रामभक्तिका साथै स्वच्छन्दवादी जीवनदृष्टिको समीकरण गर्ने प्रयास गरेका छन् ।[ढ२] यहाा कविले रामलाई माया र छलको नाश गर्ने ईश्वरका रूपमा देखाएका छन् भने शोकाकूल रामको चरित्रमा साधारण मानव सरह देखाई उनका मानवीय स्वभावको अड्कल गर्ने उद्देश्य पनि लिएका छन् । वस्तुतः रावणले छलकपटद्वारा सीताकोहरण गरेको घटनाका साथै पत्नी हराएका रामको अलापविलापमा आरोपित परस्त्रीहरणका अत्याचार र पत्नी हरिएका पतिको कोशाकुलता नै प्रस्तुत खण्डकाव्यमा केन्द्रीय कथ्यका रूपमा रहेको पाइन्छ ।[ढ३] यसको साथै पूर्वीय उषाकालको महिमा तथा आकर्षण र "प्रकृतितर्फ फर्क" भन्ने सन्देश तथा जीवनको वेदनाबोधको प्रकटिकरण गर्नुको साथै प्रकृतिको मानवीकरण र प्रकृतिमानव तादात्म्य देखाउनु पनि यसको मुख्य भाव रहेको छ ।

धन दौलत, बल र घमण्डमा प्रेम किन्न नसकिने हुन्छ। यदि त्यस्तो मुर्खता गऱ्यो भने आफ्नो अस्तित्व नै खतरामा पर्न सक्ने हुन्छ यदि जर्बजस्तीका साथ प्रेम गर्न खोज्यो भने त्यो प्रेम नभई चोरी हुनजान्छ। मान्छेले मान्छेप्रति सद्व्यवहार गर्नुपर्ने, सधै सत्यको पक्षमा रहनुपर्ने, अरूको प्रेममा बाधा अड्कन पुऱ्याउन नहुने जस्ता मानवीय चिन्तन र अवधारणा प्रस्तुत खण्डकाव्यमा केन्द्रीय कथ्यका रूपमा आएको छ। सधै सत्यको बाटोमा हिाड्नुपर्छ। सत्य नबुभी गलत बाटोमा हिाड्नाले धोका हुन्छ, ज्यानै जान्छ भन्ने कुरा प्रस्तुत खण्डकाव्यमा मारीचको व्यवहारले पुष्टि गरेको छ। यही पुष्टि नै यस खण्डकाव्यको केन्द्रीय कथ्य हो ।

92= महादेव अवस्थी, पूर्ववत, पृ.२३७ ।

93= P]hg\ .

## ३.८ निष्कर्ष

सीताहरण खण्डकाव्यको वस्तु विधानअन्तर्गत कथ्यवस्तु विधान, पात्र विधान, परिवेश विधान, भाव विधान आदि पर्दछन् । देवकोटाद्वारा रचित प्रस्तुत खण्डकाव्य सीताहरण वि.सं. २००३ मा लेखिएको हो र यसको प्रकाशन वि.सं. २०२४ मा साझा प्रकाशनबाट भएको हो । सीताको हरणबाट व्यक्त हुने परस्त्रीहरणका दूराचार र रामका शोकमा व्यक्त भएको पत्नी विरहपीडालाई मुख्य कथ्यका रूपमा व्यक्त गरिएको छ । त्यतिबेलाको छलकपटी, अन्यायी र अत्याचारी राणाशासकहरूको प्रवृत्ति र पिताका भक्तिस्तुतिपरक गतिविधि तथा स्वच्छन्दतावादी प्रभाव तथा उत्प्रेरणाबाट उक्त खण्डकाव्य रचना भएको पाइन्छ ।

कथावस्तुको विकास प्रारम्भ भाग, विकास भाग, चरमोत्कर्ष भाग, प्रतिचरमोत्कर्ष भाग र उपसंहार भाग गरी पााच भागमा गरिएको छ । सत् र असत् दुबैथरी पात्रहरू समावेश गरिएको यो खण्डकाव्यका पात्रहरू पौराणिक युगकै भए पनि ती पात्रले नवीन युगको उद्घोष गरेको पाइन्छ । त्यसैगरी पञ्चवटी वन र त्यहाा स्थित राम, लक्ष्मण र सीताको कुटी अनि अन्य वन्य प्रदेशको चित्रण गरिएको छ । सीताको सुन्दरताको वर्णनमा प्रकृति पनि फुल्ने र उनको हरणको वर्णनमा प्रकृति पनि दुःखी हुने देखिएको छ । पौराणिक युगको कुनै एक दिनको साझपखको समय कालगत परिवेश रहेको छ । अभिधात्मक रूपमा पौराणिक युगकै परिवेश व्यक्त छ भने ध्वन्यात्मक रूपमा चाहिा अनेकौ छलकपट, दुनियााका छोरीबुहारी हरण गरी घरबार बर्बाद पार्ने राणाशासनको अन्यायी, अत्याचारी परिवेश पाइन्छ । मुख्य रूपमा 'शोक' स्थायी भाव र करुण रसको अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत खण्डकाव्यको कथावस्तु कविका कवितात्मक भाव प्रवाहका चपेटामा परी उति सुसङ्गठित किसिमले विकसित बन्न सकेको छैन भने यसको व्यञ्जनाधर्मी प्रतीकात्मक पात्रविधान र परिवेश चित्रणका कारणले यो खण्डकाव्य निकै नै सशक्त बनेको छ ।[९४]

---

94= महादेव अवस्थी, पूर्ववत, पृ. २४२ ।

चौथो परिच्छेद

शिल्प विधान

खण्डकाव्यको शिल्प विधान भन्नाले खण्डकाव्यमा चित्रित कथनपद्धति, सर्गगत संरचना, लयविधान, अलङ्कार विधान, बिम्ब प्रतीक विधान र भाषाशैली भन्ने बुझिन्छ । प्रस्तुत परिच्छेदमा सीताहरण खण्डकाव्यको शिल्प विधानको विश्लेषण गरिएको छ ।

४.१ कथन पद्धति

सीताहरण खण्डकाव्यको कथन गर्दा कवि लक्ष्मीप्रसाद देवकोटाले विभिन्न किसिमको पद्धति आगालेको पाइन्छ । यस दृष्टिले प्रस्तुत खण्डकाव्यलाई नियाल्दा यसमा कविले पात्रका संवाद एवम् मनोवादका माध्यमबाट नाटकीकृत (कवि निवद्धवक्तृ प्रौढोक्ति) कथन पद्धति आगालेको देखिन्छ भने कवि आफैाले (कवि प्रोढोक्ति) सोझ्रो रूपमा आफ्ना भावनाहरू पनि अभिव्यक्त गरेकै छन् । यस खण्डकाव्यको आरम्भमा विद्याकी देवी सरस्वतीलाई आह्वान गर्दै आासुले भरिएको रामकथा लेख्न जननीलाई आग्रह गरिएको (प्रथम पाद-श्लोक ६) छ । यसलाई कविको निजी कथन मान्न सकिन्छ । प्रस्तुत खण्डकाव्यमा भाउजू सीता र देवर लक्ष्मण (प्रथमपाद-श्लोक ६-१९), दाजु राम र भाइ लक्ष्मण (प्रथमपाद श्लोक-५०-६०) का बिचको संवाद देखाइएको छ भने रावण (द्वितीयपाद श्लोक २ र २६), सीता (द्वितीयपाद श्लोक ३२-३८) को कथन पनि आएको छ । रावणको भेषभूषा, सीता र पञ्चवटीस्थित राम, लक्ष्मण र सीताको कुटी एवम् त्यहाा झुलिरहेका सुन्दर फूलहरू र लताहरूको वर्णनमा कवि खुबै रमाएका छन्, यो पनि कविको निजी कथन हो । यस खण्डकाव्यका नायक रामले लामो छायाा अपशकुन (द्वितीयपाद श्लोक ६०) देख्नु, सीता आफ्नो पति रामबाट बिछोड हुादाको मानसिक पीडा (द्वितीयपाद श्लोक १८), अनि पत्नी आफूबाट टाढिएर जाादा राम साह्रै चिन्तित भई विलाप गरेको कुरालाई पनि (द्वितीयपाद श्लोक ३०) देखाइएको छ ।

यसरी यसका प्रारम्भका मङ्गलाचरणमा प्रथम पुरुषात्मक कथनपद्धति प्रयुक्त छ । यस खण्डकाव्यमा रावणको नयाा संसार बोकी कुबेर बन्ने आकाङ्क्षाको मनोवादात्मक अभिव्यक्ति (द्वितीयपाद श्लोक २६) पनि गरिएको छ । यसको कथनपद्धति प्रथम पुरुष र तृतीय पुरुषको

अन्तर्मिश्रण पाइनाका साथै त्यस अन्तर्गत संवाद एवम् मनोवाद मिसिएको वर्णनात्मक शैलीको मुख्यतया देखापर्दछ।[95] त्यसैगरी यस खण्डकाव्यभित्र ठाउाठाउामा मार्मिक सूक्तिमय कथनहरू पनि फेला पर्दछन् र तिनले पनि यस खण्डकाव्यको उक्ताङ्गत अर्थको सौन्दर्य बढाएका छन् ।

## ४.२ सर्गगत संरचना

सीताहरण खण्डकाव्य जम्मा ४८ पृष्ठमा रहेको लघु खण्डकाव्य हो । विषय मात्रिक (प्रायशः १५-१६ मात्राको) छन्दमा रचित यो काव्य ४८ पृष्ठभित्र प्रथमपाद र द्वितीयपाद गरी दुई पाद वा खण्डमा विभाजित देखिन्छ भने दुईमध्ये प्रथमपादलाई गुणन चिह्नद्वारा पुनः दुई उपपादमा विभाजन गरिएको छ । प्रथमपादका उपपादमा १९ श्लोक र द्वितीय उपपादमा ४१ श्लोक गरी जम्मा ६० श्लोक प्रथमपादमा रहेका छन् भने द्वितीयपादमा ३८ श्लोक रहेका छन् । यसरी प्रस्तुत खण्डकाव्यमा श्लोक सङ्ख्या ९८ रहेका छन् भने ती श्लोक सङ्ख्याको पङ्क्ति सङ्ख्या ८३५ देखापर्दछ, जसलाई चतुष्पदी श्लोक ढााचामा राख्दा २०८ ३/४ श्लोक बन्न सक्छन् ।

यस खण्डकाव्यमा दिइएका श्लोक सङ्ख्याहरू ४, ५ देखि १९, २०, २१, २२, २५ र २९ सम्मका पङ्क्तिहरू पाइन्छन् जसलाई यसरी देखाउन सकिन्छ–

प्रथमपाद

| श्लोक सङ्ख्या | पङ्क्ति सङ्ख्या |
|---|---|
| प्रथम उपपाद | |
| १ | १६ |
| २ | ५ |
| ३ | १२ |
| ४ | ४ |
| ५ | १७ |

95= महादेव अवस्थी, पूर्ववत्, पृ. २३७ ।

| | |
|---|---|
| ६ | ७ |
| ७ | ९ |
| ८ | ४ |
| ९ | ५ |
| १० | ४ |
| ११ | ९ |
| १२ | ४ |
| १३ | ७ |
| १४ | १४ |
| १५ | १२ |
| १६ | ७ |
| १७ | ६ |
| १८ | ५ |

द्वितीय उपपाद

| | |
|---|---|
| १९ | ६ |
| २० | ११ |
| २१ | ७ |
| २२ | १२ |
| २३ | ९ |
| २४ | ५ |
| २५ | ४ |
| २६ | १२ |
| २७ | ९ |
| २८ | ८ |
| २९ | ६ |
| ३० | ४ |

| | |
|---|---|
| ३१ | १५ |
| ३२ | ८ |
| ३३ | १० |
| ३४ | ४ |
| ३५ | ५ |
| ३६ | ६ |
| ३७ | ९ |
| ३८ | १७ |
| ३९ | ८ |
| ४० | १३ |
| ४१ | १५ |
| ४२ | २१ |
| ४३ | ५ |
| ४४ | ६ |
| ४५ | ५ |
| ४६ | १० |
| ४७ | १० |
| ४८ | ४ |
| ४९ | ४ |
| ५० | १८ |
| ५१ | १३ |
| ५२ | ४ |
| ५३ | १० |
| ५४ | ४ |
| ५५ | ९ |
| ५६ | ८ |

| | |
|---|---|
| ५७ | ६ |
| ५८ | ५ |
| ५९ | ६ |
| ६० | १० |

द्वितीयपाद

| श्लोक सङ्ख्या | पङ्क्ति सङ्ख्या |
|---|---|
| १ | २९ |
| २ | १३ |
| ३ | ६ |
| ४ | ७ |
| ५ | १९ |
| ६ | ७ |
| ७ | ६ |
| ८ | ६ |
| ९ | ५ |
| १० | ७ |
| ११ | ४ |
| १२ | ४ |
| १३ | ४ |
| १४ | ४ |
| १५ | १३ |
| १६ | ५ |
| १७ | ६ |
| १८ | ४ |
| १९ | ५ |

| | |
|---|---|
| २० | ४ |
| २१ | १७ |
| २२ | ४ |
| २३ | २२ |
| २४ | ४ |
| २५ | ४ |
| २६ | ६ |
| २७ | २१ |
| २८ | ६ |
| २९ | ६ |
| ३० | १३ |
| ३१ | ६ |
| ३२ | २५ |
| ३३ | ४ |
| ३४ | १० |
| ३५ | ५ |
| ३६ | ६ |
| ३७ | ७ |
| ३८ | ४ |

यसरी प्रस्तुत खण्डकाव्यमा प्रथमपाद (प्रथम उपपाद र द्वितीय उपपाद) र द्वितीयपाद गरी श्लोक सङ्ख्या ९८ र पङ्क्ति सङ्ख्या ८३५ रहेका छन्। निकै छोटा कुनै श्लोक मझौला र कुनै श्लोक निकै लामा देखिन्छन्। प्रथमपादका ४, १०, १२, ३०, ४८, ४९, ५२ र द्वितीयपादका ११, १२, १३, १४, २२, २४, २५, ३३, ३८ श्लोकहरू निकै छोटा छन् भने प्रथमपादका १, १४ ३१, ३८, ४१, ४२, ५० र द्वितीयपादका १, २, ५, १५, २१, २३, २७, ३०, ३२ श्लोकहरू निकै लामा छन्। यी लामा छोटा श्लोकहरूमा पौराणिक युगका कुनै एक

दिनको साँझपखको सीताहरणको घटनामा आधारित जीवनको लघुआयामको मात्र अभिव्यक्ति गरिएको छ । जुन यसप्रकार छ :

विणा धारणी रजहाँस बाहिनी विधाकी देवी सरस्वतीलाई आह्वान गर्दै आँसुले भरिएको वा करण रसभित्र रामकथा लेख्न जननीलाई आग्रह गरिएको अनि प्राकृतिक सौन्दर्यमा रामको चित्रण गरिएको र जननी सम्बोधन गरी प्रकृतिको चित्रण गर्दै सीताहरणसाग सम्बन्धित घटनाका कारुणिक पक्षको अभिव्यक्ति गरिएको छ ।

सिकारमा गएका राम साँझ अबेरसम्म नफर्किंदा भयभित सीताले देवर लक्ष्मणलाई दाजुको खोजीमा जान भन्नु, लक्ष्मणले भाउजू सीतालाई कुटीमा एक्लै छाडी जाँदा अनिष्ट हुने बताउँदा सीताले लक्ष्मणलाई लाञ्छनापूर्ण कटुवचन लगाउनु र लक्ष्मण चुपचाप रामलाई खोज्न वनतर्फ जानु । रामले सुनको मृगरूपी मारीचलाई लखेट्दै जानु, मृगरूपी मारीच कुद्दै दक्षिणतर्फ लाग्नु, चतुर सिकारी रामले हानेको वाणले मारीचको मुटु छेड्नु र मारीच भुईमा लड्नु, घायल भई छटपटाउँदै मारीचले रामस्तुति गरी प्राण त्याग गर्नु । रामको खोजीमा गएका लक्ष्मणले रामलाई भेट्नु र भाउजू साह्रै रिसानी हुनाले आफू दाजुका खोजीमा आएको बताउनु, साँझ पर्न लागेकोले रामले लक्ष्मणलाई छिट्टै कुटीतर्फ जाऔँ भन्नु, रामलक्ष्मण कुटीतर्फ फर्कनु र बायाँ आँखा फुर्नाले रामका मनमा अपसकुनको भय पैदा हुनु । यता साधुभेषी रावणले पञ्चवटीस्थित कुटीमा आएर सीता सामु भिक्षा माग्नु, भिक्षा दिन बाहिर निस्केकी सीताको सौन्दर्यदेखि ऊ साह्रै मोहित हुनु र उफ्रेर सीतालाई समात्नु । पापी रावणले सीतालाई उचालेर रथमा राख्नु, सीता मुर्छा पर्नु, रावणले रथ उडाएर दक्षिणतर्फको बाटो गरी लैजानु र सीताका सौन्दर्यमा लट्ठ परेको रावणले एउटा नवसंसार बोकी कुवेर बन्ने आकाङ्क्षा राख्नु । साझापख राम-लक्ष्मण कुटीमा पुग्नु, सीतालाई कुटीमा नदेख्दा रामले सीताकहाँ गइन् होला भनी शोक विह्वल हुनु ।

यसरी सरस्वतीको आह्वान मङ्गलाचरणबाट थालिएको प्रस्तुत खण्डकाव्यको कथावस्तु पञ्चवटीमा रामद्वारा मायामृग रूपधारी मारीच र रावणद्वारा सीताको हरण गरिएको रामायणको प्रसिद्ध कथामा आधारित छ। प्रस्तुत खण्डकाव्यमा कथोपकथन लगायत आख्यानीकरणमा हतारिदै र प्रकृतिचित्रण लगायत आन्तरिक भावनमेषसहित कविता

गहिराइमा चाहि पहाडी नालाको नागबेलिादो अलमस्तिपना आगाल्दै वेदान्त दर्शनको आधारभूत सिद्धान्तका साथ स्वच्छन्दतावादी जीवनदृष्टिको समीकरण गरेको देखिन्छ ।[ढट]

यसरी देवकोटाले उपयुर्क्त सर्गहरू मार्फत भाव, विचार र अनुभूति प्रवाहलाई सङ्गठीत तुल्याउादै कथावस्तु अगाडि बढाएको पाइन्छ ।

## ४.३ लयविधान

गेयात्मक अभिव्यक्ति कविताको मुटु हो र साङ्गीतिक आह्लाद प्राप्त गर्ने माध्यम पनि हो । गीतिचेतनाको अभावमा कवितात्मक अभिव्यक्ति जीवित र सार्थक हाुदैन । भाषाशैलीको पङ्क्ति, पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङगितिक ध्वनिगत आह्लाद नै लय हो ।[ढठ]

प्रस्तुत खण्डकाव्य लक्ष्मीप्रसाद देवकोटाको विषममात्रिक छन्द ढााचाको प्रयोग गरिएको खण्डकाव्य हो । विषममात्रिक छन्द ढााचामा रचिएको यस खण्डकाव्यमा प्रशस्त साङ्गीतिकता पाइन्छ । यस खण्डकाव्यमा देखिने अन्त्यानुप्रासको विधानका साथै ध्वन्यावृति, पदावृत्ति, पदावली-आवृत्ति र वाक्यांश समेतको आवृत्तिले श्रुतिमधुरता छाएको पाइन्छ ।

मुनामदनको झ्याउरे झैा यसको भजन पनि लोककण्ठकै स्रोतबाट उत्पन्न लोकछन्द भएको खण्डकाव्य हो । जसमा छन्दको ताल लयको मिठास पाइनाले पनि यो खण्डकाव्य साङ्गीतिकताले भरिएको पाइन्छ । उक्त खण्डकाव्यका बिम्बात्मक अनुच्छेदका हरफहरूमा नेपाली भाषाका शब्दहरूको विन्यास जेजस्तो भए पनि लयात्मक हिसाबले तिनलाई पढ्दा वा गाउादा लय मिल्छ । यसमा कतै दुई-दुई हरफका अन्त्यमा, कतै तीन-तीन हरफका अन्त्यमा, कतै चार-चार हरफका अन्त्यमा अनि कतै चाहि अर्कै किसिमले पनि अन्त्यानुप्रास मिलाइएको छ ।

प्रस्तुत खण्डकाव्यमा निम्नलिखितानुसारका वर्णगुच्छाको यतिव्यवस्था र अक्षरको लय भेटिन्छ, जुन यसप्रकार छ–

पत्र विचित्र छ सित राजहाास

96= कुमारबहादुर जोशी, पूर्ववत्, काठमाडौा : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद (२०४८ : पृ. १९३) ।

ढठ. कृष्ण गौतम, देवकोटाका प्रबन्धकाव्य (दो.सं.), ललितपुर : इन्दु प्रकाशन (२०५६ : पृ. ५५) ।

२ + ३ + १ + २ + ३

हृदय छ विणा वचन विकास

३ + १ + २ + २ + २

चित्र विचित्र छ स्वप्न मिठास

२ + ३ + १ + २ + ३

जननी ! अक्षर भर भर हाास

३ + २ + १ + १ + १

(सीताहरण पृ. १)

उक्त पङ्क्तिहरूमा ११, १०, १० र ८ गरी वर्णगुच्छाको यतिव्यवस्था र ३९ अक्षरकोलय देखिन्छ । यी पङ्क्तिहरूमा अन्त्यानुप्रास मिलाएको पनि देखिन्छ ।

रामचन्द्रले पश्चिमतर्फ

४ + ४

हेरे दिनको चाल

२ + २ + १

घायल साा‍झ गगन रुन्थी

२ + १ + ३ + २

घाउ गराई लाल

२ + ३ + १

(सीताहरण, पृ.२३)

यी पङ्क्तिहरूमा ८, ५, ८ र ६ गरी वर्णगुच्छाको यति व्यवस्था गरिएको र २७ अक्षरको लय देखिन्छ अनि दोस्रो र चौथो पङ्क्तिमा मात्र अन्त्यानुप्रास मिलाइएको छ ।

अपशकुन छााया आई छाई

४ + २+ २ + २

रामचन्द्रको वायाा लोचन

४ + २ + २

फरक भो दुःखदायी

२ + १ + ३

चिन्ता दगुरी दुइका पयरमा

२ + ३ + ३ + ३

मुटुमा ढुक्क समाई

३ + २+ ३

(सीताहरण पृ.२७)

प्रस्तुत पङ्क्तिमा १०, ८, ६, ११ र ८ गरी ३९ अक्षरको लय देखिन्छ । पहिलो, तेस्रो र पााचौ पङ्क्तिमा मात्र अन्त्यानुप्रास मिलाइएको पाइन्छ ।

उठ्दछ रथ अब बनी आाधी !

२ + १ + २ + २ + २

ओहो यो के उड्दछ नभमा ?

२ + १ + १ + ३ + ३

वाइपङ्खे चोरी चोरी

४ +  २ + २

पृथ्वी रोहन् शीत पुकार

२ + २ + २ + २

गर्दै कराई 'छोरी छोरी ।'

२ + ३ + २ + २

जाल सब यो शूर्पणखाको

१ + १ + १ + ५

नाङले नङकी नकटी मोरी

२ + २ + ३ + २

अन्धकार भ्रै रावण अड्दछ

३ + १ + २ + ३

उच्च गगनमा सन्ध्या चोरी

२ + ३ + २ + २

(सीताहरण पृ. ३७)

उपर्युलिखित पङ्क्तिहरूमा १०, १०, ८, ८, ९, ८, ९, ९ र ९ गरी ८० अक्षरको लय देखिन्छ र तेस्रो, पााचौ र नवौा पङ्क्तिमा मात्र अन्त्यानुप्रास मिलाइएको पाइन्छ ।

जिज्ञासाले सबतिर हेरी

४ + ३ + २

खोजी आन्धारोमा 'सीता'

२ + ४ + २

शङ्कित राम रुादै अब बोले

२ + १ + २ + २ + २

बनमा अकेला जलगीता

२ + ३ + ४

(सीताहरण पृ.४४)

यस खण्डकाव्यका अन्त्यमा रहेका करुण रसयुक्त पङ्क्तिहरूमा ९, ८,, ९ र ९ गरी ३५ अक्षरको लय देखिन्छ । दोस्रो र चौथो पङ्क्तिमा मात्र अन्त्यानुप्रास मिलाइएको छ ।

उपर्युल्लिखित विवरणबाट प्रस्तुत खण्डकाव्यको लय निश्चित अक्षर, वर्ण वा मात्रामा आधारित भएको देखिन्न । यस खण्डकाव्यमा कतै नेपाली भाषाका लेख्य रूप अनुसार नै अजन्त-हलन्तको यथावत उच्चारण गर्ने गरी र कतै कथ्य नेपाली भाषानुसार अजन्तलाई हलन्त उच्चारण गर्ने गरी लय मिलाइएको छ । लय परिवर्तनको द्रुतता हुनाले कही कही एकै खण्डमा र एउटै श्लोकमा पनि उत्ति नै वर्ण वा अक्षर भएका पङ्क्तिहरूको प्रयोग नगर्ने प्रवृत्ति यस खण्डकाव्यमा छ । कतै तीन-तीन पङ्क्तिमा, कतै चार-चार पङ्क्तिमा र कतै पााच-पााच पङ्क्तिमा पनि अन्त्यानुप्रास मिलाइएको हुादा यस खण्डकाव्यका लय ढााचा वर्णानुपूर्वी लयगत तानवितानको वैविध्य झल्किन्छ । यसमा अन्त्यानुप्रासीयता मिलेका र कतै कतै सहज रूपमा मध्यानुप्रासीयताको पनि सृजना हुन गएको पाइन्छ । कविले यस खण्डकाव्यमा कतै मात्रा छन्द

कतै लोकलयका विविध रूपको प्रयोग गर्दै आफ्नो काव्यानुभूति पोखेका छन्। आख्यान र कविताले समुचित विकास हुने अवसर भने पाएको देखिादैन। कविताकै चपेटामा आख्यान लेपिन पुगेको छ। यस काव्यमा ज्ञामार्ग र रामभक्तिको भक्तिमार्गको भजन गाइएको छ। त्यसैले 'सम्पादकीय'मा कमल दीक्षितले भनेका छन्– प्रस्तुत खण्डकाव्य महाकविले लेखेका धेरै भजनहरू मध्येको एउटा भजन हो– रामस्तुति[ढड] जेहोस् यो खण्डकाव्य गीतिमयले भरिएको पाइन्छ।

४.४ अलङ्कार विधान

काव्यको गहना अलङ्कार हो। अलङ्कारले काव्यको अभिवृद्धि गर्दछ। अलङ्कार काव्यको आभूषण हो। जसरी एक महिलाले गरगहना लगाएर अफ्न सुन्दरता थप्छिन् त्यसैगरी कविहरू पनि अलङ्कारद्वारा काव्यको सुन्दरता बढाउाछन्। सीताहरणका रचयिता लक्ष्मीप्रसाद देवकोटा अलङ्कारका निम्ति कविता रच्ने कवि नभई भावका निम्ति कविता रच्ने प्रतिभा हुन्। त्यसैले उनले रचेको यस खण्डकाव्यमा पनि अलङ्कारको समेत आयोजित प्रयोग पाइन्न। यहाा भावप्रवाहको अभिव्यक्ति गर्दै जाादा बिम्ब उपमाको सहज स्वाभाविक प्रयोगद्वारा विविध अर्थालङ्कारको प्रयोग स्वतः हुन गएको छ।

अलङ्कारले काव्यको आन्तरिक एवम् बाह्रय सौन्दर्यलाई चम्किलो बनाउादछ। यसलाई कतिपय साहित्यकारहरूले सचेतताका साथै आगाल्ने गरेको पाइएतापनि कतिपयका काव्यमा भने यो सहजरूपमा देखापर्ने गर्छ। लक्ष्मीप्रसाद देवकोटा काव्यको बाहिरी अलङ्कारको सौन्दर्यमा भन्दा हृदयको पोखाइमा बढि रमाएको पाइन्छ। भावको स्वच्छन्द पोखाइकै क्रममा पनि उनको सीताहरण मा विविध अलङ्कारहरूको स्वतः प्रयोग भएको प्रस्तुत खण्डकाव्यमा सहजरूपमा केही अलङ्कारहरू उनिन गएका छन्। यसमा प्रयुक्त विविध अर्थालङ्कारहरूलाई यसरी प्रष्ट पार्ने प्रयास गरिन्छ :

| क.सं. | अलङ्कारका सन्दर्भहरू | अलङ्कारहरू | पाद /खण्ड | श्लोक |
|---|---|---|---|---|
| १ | सरस्वतीलाई आह्वान गर्दै आाशुले | स्वभावोक्ति | प्रथम पाद | १ |

98= कमल दीक्षित 'सम्पादकीय' सीताहरण, काठमाडौँ : साफा प्रकाशन, २०२४।

| | | | | |
|---|---|---|---|---|
| | भरिएको वा करुणरसभित्र रामकथा लेख्न जननीलाई सम्बोधन र आग्रह गर्दै प्राकृतिक सौन्दर्यमा रामको वर्णन यथार्थ रूपमा गरिएको छ । | | (प्रथम उपपाद) | |
| २ | कविले 'पहिला चिडिया पूर्व सुनौला' जस्ता पङ्क्ति प्रस्तुत गर्दै पूर्वीय उषाकालको गायन गरेका छन् । | स्वभावोक्ति | | ३ |
| ३ | कविले प्रकृति तर्फ फर्क भन्ने सन्देश दिएका छन् । | सन्देह | | ४ |
| ४ | रामको गायन गरिएको छ । | स्वभावोक्ति | | ५ |
| ५ | कण्टक नभएपछि शिकारी वनवाट घरतिर फर्केझैा भीख मिलेपछि भिखारी फर्किन्छ भनेर एक अर्काको पारस्परिक बिम्बप्रतिबिम्बको भावसम्बन्ध देखाइएको छ । | दृष्टान्त | | ६ |
| ६ | रामको कमल पयर र नलाग्ने थकाइसाग अभेद सम्बन्ध देखाइएको छ । | रूपक | | ७ |
| ७ | 'दिन छ शरमले लाल !' भन्ने प्रस्तुत वर्णनद्वारा अप्रस्तुत मानवीय व्यवहारको बोध भएको छ । | समासोक्ति | | ८ |
| ८ | 'अरून्धतीले बत्ती बालिन' भन्ने प्रस्तुत कथनद्वारा अप्रस्तुत मानवीय व्यवहारको बोध भएको हुन्छ । | समासोक्ति | | ९ |
| ९ | 'हवा निदायो' भन्ने प्रस्तुत कथनद्वारा अप्रस्तुत मानवीय व्यवहारको बोध | समासोक्ति | | १० |

| | | | | |
|---|---|---|---|---|
| | भएको छ । | | | |
| १० | 'वादल रुन्छ आगालो हाली' भन्ने प्रस्तुत कथनमा अप्रस्तुत मानवीय व्यवहारको बोध भएको छ । | समासोक्ति | | ११ |
| ११ | आध्यारो हुनु कारण छ तर लक्ष्मण रामलाई खोज्न जाने कार्य भएको छैन । | विशेषोक्ति | | १२ |
| १२ | घोर बनमा राम अकेला हुनु तर लक्ष्मण खोज्न नजानु, कारण भएर पनि कार्य भएको छैन । | विशेषोक्ति | | १३ |
| १३ | लक्ष्मणले भाउजूलाई कुटीमा एक्लै छोडेर जाादा दाजु रामचन्द्रले के भन्नुहोला भन्ने प्रश्न गरिएको छ । | प्रश्नालङ्कार | | १४ |
| १४ | मुख र धुवाासोका बिच अभेद सम्बन्ध देखाइएको छ । | प्रश्नालङ्कार | | १५ |
| १५ | सीताले लक्ष्मणप्रति लक्षित गर्दै आफ्नो भन्नु को छ र ? भन्ने प्रश्न गरिएको छ । | प्रश्नालङ्कार | | १६ |
| १६ | 'कुसुमहरूले बदन बाटारे' भन्ने प्रस्तुत कथनमा 'बटार्नु' जस्तो मानवीय क्रिया अमानवीय फूलमा प्रदान गरिएको भेटिन्छ । | समासोक्ति | | १७ |
| १७ | सुनको मृगरूपी मारीचको सुनको पुच्छर; उम्रिएका सिङ, आाखा, उसको हिडाई, हेराई, आदिको अयथार्थ वर्णन गरिएको छ । | अतिशयोक्ति | प्रथमपाद द्वितीय उपपाद | २० |
| १८ | सुनरूपी मृगको अयथार्थ वर्णन गरिएको | अतिशयोक्ति | | २१ |

| | | | | |
|---|---|---|---|---|
| | देखिन्छ । | | | |
| १९ | रामको सिकारी लीलाको यथार्थ वर्णन गरिएको पाइन्छ । | स्वभावोक्ति | | २७ |
| २० | रामलाई परमेश्वरसाग तुलना गरिएको भेटिन्छ । | उपमा | | २८ |
| २१ | रामलाई आाखाका नानीसाग तुलना गरिएको छ । | उपमा | | ३८ |
| २२ | 'घायल सााझ गगनमा रुन्थी घाउ गराइ लाल ! ' कथनमा प्रकृतिलाई 'रुन्थी' जस्ता मानवीय क्रिया प्रदान गरिएको छ । | समासोक्ति | | ५१ |
| २३ | चपल तरुको चलमल खलबल घन्दछ स्थगित उदास भनी प्रकृतिलाई 'उदास' जस्ता मानवीय क्रियाप्रदान गरिएको छ । | समासोक्ति | | ५२ |
| २४ | सुखको बत्ती निभ्दछ नभमा चोर्छ आध्यारो सन्ध्यालाई भनी 'चोर्नु' जस्तो मानवीय क्रिया प्रदान गरिएको देखिन्छ । | समासोक्ति | | ५३ |
| २५ | सीतालाई सन्ध्यासाग तुलना गरिएको छ । | उपमा | | ५५ |
| २६ | रामको बााया आाखा फरफर भई अपशकुनको सङ्केत गरिएको पाइन्छ । | लोकोक्ति अलङ्कार | | ६० |
| २७ | साधुभेषी रावणको कोरीबाटी चट्ट मिलेको सेतो लम्बा दाढी, ठूलाठूला आाखा, चाउरिएको अनुहार, श्रीखण्ड | अतिशयोक्ति | द्वितीयपाद | १ |

| | | | | |
|---|---|---|---|---|
| | घसेका र बाघको छाला पहिरिएको शरीर अनि उसले बोकेको कमण्डलुको अयथार्थ वर्णन गरिएको पाइन्छ । | | | |
| २८ | पञ्चवटीस्थित कुटी र त्यहाा वरिपरी फुलिरहेका फूलहरूको यथार्थ वर्णन गरिएको छ । | स्वभावोक्ति | | ३ |
| २९ | ‘झोली थाप्ध्यो बादल नभमा तारा कनिका माग्न हजार’ जस्ता कथनमा प्रकृतिलाई थाप्नु र ‘माग्नु’ जस्ता मानवीय क्रिया प्रदान गरिएको छ । | समासोक्ति | | ४ |
| ३० | सन्ध्याकालीन समयको यथार्थ वर्णन गरिएको छ । | स्वभावोक्ति | | ५ |
| ३१ | ‘वर्णन मूक छ खुल्छ जहाा त्यो’ बााकटे चोली हिउामा अपार बदन छ सन्ध्या जब बिन्ध्यामा, स्वर्गको खुल्दछ द्वार भनी सीताको अयथार्थ वर्णन गरिएको भेटिन्छ । | अतिशयोक्ति | | ६ |
| ३२ | कमलको फूलसाग सीताको अनुहारको तुलना गरिएको छ । | उपमा | | ८० |
| ३३ | सीतालाई विधु (चन्द्रमा) साग तुलना गरिएको छ । | उपमा | | ८ |
| ३४ | कुसुमको फूलसाग सीताको तुलना गरिएको छ । | उपमा | | ९ |
| ३५ | रावणलाई ‘यति’ साग तुलना गरिएको छ । | उपमा | | ११ |
| ३६ | सीताको केशलाई भागेराको पखेटासाग | उपमा | | १५ |

| | | | | |
|---|---|---|---|---|
| | तुलना गरिएको छ । | | | |
| ३७ | चट्ट उचाली स्वर्ग मिलेझैं भनी सीतालाई स्वर्गसाग तुलना गरिएको पाइन्छ । | उपमा | | १७ |
| ३८ | अन्धकारले साांझ टिपेझैा भन्ने कथनमा प्रकृतिलाई 'टिप्नु' जस्तो मानवीय क्रिया प्रदान गरिएको पाइन्छ । | समासोक्ति | | १९ |
| ३९ | रावणको रथ र उसको कृयाकलापको अयथार्थ वर्णन गरिएको भेटिन्छ । | समासोक्ति | | २० |
| ४० | रावणको रथ आकाशमार्गमा उडेको देखि पृथ्वीमाताले 'ओहो यो के उड्दछ नभमा ?' भनी प्रश्न गरेकी छन् । | प्रश्नालङ्कार | | २१ |
| ४१ | सगर रिसले चुर हुनु भन्ने कथनमा प्रकृति सगरलाई 'चुर' हुनुजस्ता मानवीय क्रिया प्रदान गरिएको छ । | समाशोक्ति | | २३ |
| ४२ | सन्ध्याकालीन समयको यथार्थ वर्णन गरिएको छ । | स्वभावोक्ति | | २४ |
| ४३ | सीतालाई कुसुम फूलसाग तुलना गरिएको पाइन्छ । | उपमा | | २५ |
| ४४ | सीतालाई हिरा र मोतीसाग तुलना गरिएको छ । | उपमा | | २७ |
| ४५ | सीतालाई वसन्तऋतुको झरीसाग तुलना गरिएको छ । | उपमा | | २८ |
| ४६ | रामले प्रकृतिसाग 'रवै सीता ?' भनेर प्रश्न गरेका छन् । | प्रश्नालङ्कार | | ३८ |

यसरी प्रस्तुत खण्डकाव्यमा मङ्गलाचरण, कथा र भावको पूर्वसूचना, अपशकुन र घटनाको नाटकीय संयोजन गर्ने जस्ता शिल्पप्रविधिको साथै प्रकृतिको मानवीकरण गर्ने र मानव-प्रकृति तादात्म्य झल्काउने स्वच्छन्दावादी शिल्प कौशलको पनि प्रयोग गरिएको भेटिन्छ । जसले गर्दा भाव सौन्दर्यलाई निकै गहिऱ्याएको पाइन्छ ।

## ४.५ बिम्ब प्रतीक विधान

कुनै कृतिमा मुख्य कथ्यको अर्थले प्रकट गर्ने सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती बिम्ब हो, र जीवनजगतका विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुनुसक्छ ।[ढढ] सीताहरण खण्डकाव्यलाई बिम्ब प्रतीक विधानका दृष्टिले नियाल्दा नायिका सीताको सौन्दर्य वर्णन गर्ने क्रममा बिम्बालङ्कारहरू आएका छन् । तिनले खण्डकाव्यमा विशेष चमत्कार सृजना गरेका छन् । यस क्रममा सीतालाई चरी, कमल र कुदुमको फूल, उषा, सन्ध्या, कपुर, हिरा, मोती, रत्न, जुहार, जलका कण, वसन्त ऋतुको हावा र झरी, अन्धकारको बत्ती, हिउ, चन्द्रमा र विश्वश्रीसाग तुलना गरिएको छ । सीताको मुहार फुलेको कमल अनि विधु (चन्द्रमा) जस्तै उज्वल छ भने शरीर उडेको कपुर, वसन्तऋतुको हावा र झरिजस्तै छ, स्वभाव र अडान विश्वश्री र पूर्वकिनाराको उषाजस्तो अनि हिडाइ कुसुम झरेझै छ भन्ने खालका वर्णन कविले गरेका छन् । त्यसैगरी रामलाई ज्योति, हीरा, आाशुहरूका खानी, हृदयका पानी, आाखाका नानी, सुधाको झरनाका रूपमा उभ्याइएको छ भने लक्ष्मणलाई आज्ञाकारी पात्रका रूपमा अनि रावण र मारीचलाई छलकपटका रूपमा उभ्याइएको छ ।

यसरी प्रस्तुत खण्डकाव्यमा कविले पात्रहरूको वर्णनका क्रममा उपमा, रूपक, स्वभावोक्ति, समासोक्ति, अतिशयोक्ति जस्ता अर्थालङ्कारको प्रयोगका माध्यवबाट बिम्ब सृजना गरेका छन् । त्यसै गरी प्रकृतिलाई नै कविले बिम्बका रूपमा प्रयोग गरेका छन् । यसमा वैधर्म्यका रूपमा बिम्ब सृजना गरिएको छ । राम शिकारमा गएको र साझ सम्म पनि नफर्केको हुनाले सीता भयभीत भएकी छिन् । सीतामाथि रावणको नजर परेको बेला कवि

---

99= वासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १, (ते.सं.), काठमाडौँ : साझा प्रकाशन (२०४८ : पृ. ५८) ।

सीतालाई हीरामोती र कपुरको रूपमा लिन्छन् । त्यस्तै विश्वश्री झैं हेर खडा छन्, विधुसरी धनकी उटज किनार, झन्डै सीतालाई धन बिचको चन्द्रमासाग आरोप गरिएको छ । यसरी विभिन्न सौन्दर्यमा बिम्बलङ्कारका यी रूपतात्विक प्रविधिले प्रस्तुत खण्डकाव्यलाई उजिल्याउने काम गरेको देखिन्छ । यी बिम्बहरू आयोजिन रूपमा नभई सहज र स्वभाविक रूपमा आएका देखिन्छन् । प्रस्तुत खण्डकाव्यमा सर्वव्यापी रूपमा नभई ठाउा-ठाउामा यी बिम्बहरू प्रयुक्त भएका देखिन्छन् । यसरी बिम्ब प्रयोगका दृष्टिले नियाल्दा सीताहरण सफल देखिन्छ ।

सीताहरण खण्डकाव्यमा बिम्बका अतिरिक्त प्रतीकको पनि प्रयोग गरिएको पाइन्छ । कुनै अनुपस्थित वस्तुलाई अर्को उपस्थित वस्तुद्वारा व्यक्त गर्ने सन्दर्भमा प्रतीक प्रयोगको प्रविधि अपनाइन्छ । यस क्रममा सीताहरण खण्डकाव्यमा सीतालाई एक प्रतीकका रूपमा लिन सकिन्छ । यहाा सीताको प्रतीक विधानबाट कविले सुन्दरता, पतिव्रत्य र शङ्कालु स्वभावजस्ता नारी प्रवृत्तिलाई प्रस्ट पारी परोक्ष रूपमा राणाकालमा असहाय नेपाली नारीहरूले सामन्ती अपहरणको सिकार बन्न परेको स्थितिको व्यञ्जना गरिएको छ । सीताहरण खण्डकाव्यकी सीता विश्वकै नारी मात्रकी प्रतीक हुन् । उनी कुशल गृहिणी, पतिपरायणी, पुत्रवत्सला आमा नारीकी प्रतीक हुन भने अवला नारीकी प्रतीक पनि हुन् । जर्बजस्ती हरण हुन बाध्य भएकी असहाय, दयनीय, निरीह नारी मात्रकी प्रतीक हुन् । उनी आर्दश, अनुकरणीय र श्रद्धेय पात्र पनि हुन् । यसका नायक रामलाई ईश्वरीय र मानवीय दुबैथरी व्यक्तित्वको अभिव्यक्ति गरी उनका व्यक्तित्व व्यक्तित्वको प्रतीकद्वारा परमेश्वरीय र मानवीय स्वभावसम्बन्धी सत्यको उद्घाटन गरिएको छ । रामलाई माया र छलको नाश गर्ने ईश्वरका रूपमा पनि देखाइएको छ । त्यसै गरी रावण परस्त्रीहरक, बाह्य सौन्दर्यलोलुप, नैतिकताहीन सामन्तीको प्रतीक हो । आफ्नो पति राम र देवर लक्ष्मण सिकारबाट नफर्केकाले विह्वल भएकी सीतालाई साधुभेषीको शस्त्र प्रयोग गरी बिछोड बनाउाछ । त्यसैले रावण षडयन्त्रपूर्ण जीवनको प्रतीक हो, अमानवीयताको द्योतक हो । यहाा मृगरूपधारी मारीच सांसारिक मायाजालको प्रतीकका रूपमा आएको छ । यसरी प्रमुख पात्रहरूलाई नै प्रस्तुत खण्डकाव्यमा प्रतीकका रूपमा प्रयोग गरिएको पाउन सकिन्छ । कविले सहज रूपमा प्रतीकको प्रयोग गर्दै जीवनजगतबाट प्राप्त

गरेका विभिन्न अनुभूतिको प्रस्तुतिका लागि प्रतीक प्रयोगको प्रविधि अपनाएको देखिन्छ। यसरी प्रतीक प्रयोगका दृष्टिले पनि सीताहरण खण्डकाव्य सफल रहेको देखिन्छ।

प्रस्तुत खण्डकाव्यलाई बिम्ब प्रतीकका अतिरिक्त अन्य कलात्मक विशेषताद्वारा पनि सिागारिएको छ। यस क्रममा यहाा अनेक सुललित सूक्तिहरू प्रयोग गरिएका छन्। उक्त सूक्तिहरू उपदेशमूलक तथा जीवनउपयोगी हुनका साथै मानव मनलाई अत्यन्तै प्रभाव पार्न सक्ने खालका देखिन्छन्। तिनले पनि यस खण्डकाव्यको अर्थ सौन्दर्य बढाएका छन्।

### ४.६ भाषाशैली

प्रस्तुत खण्डकाव्य भाषाशैलीका दृष्टिले सफल देखिन्छ। यस खण्डकाव्यको कथन गर्दा यहाा विषयवस्तु अनुरूप सरल, सहज र लयात्मक भाषिक एकाइको चयन गरिएको छ। यसको भाषा जति सरल छ त्यत्तिकै रागात्मक, व्यञ्जक अनि ललित पनि छ। यस खण्डकाव्यको भाषा प्रयोग अन्तरगतको शब्द प्रयोगका तहमा हेर्दा यहाा संस्कृत तत्सम शब्दहरको प्रधानता, केही तद्भव शब्दहरूको पनि उचित प्रयोग र ठाउाठाउामा अनुकरणात्मक झर्रा शब्दहरू र आगन्तुक शब्दहरूको प्रयोग भएको छ। यसबाट यस खण्डकाव्यको शैलीगत झुकाव सरलतातर्फ र झरोपनतर्फ पनि उन्मुख रहेको देखिन आउाछ। तत्सम शब्दहरूको प्रवाहपूर्ण सापेक्ष बढदो प्रयोगले गर्दा यस खण्डकाव्यको भाषाशैली मध्य शैली र उच्च शैलीका बीचमा देखापर्छ तर त्यो उति माझिएको चाहि छैन।[100] विषम मात्रिक छन्द आगालेको यस खण्डकाव्यमा लय निर्वाहभन्दा भावगत वेग नै बढी देखिन्छ। पाद-योजना र श्लोक योजनामा पनि अनियमितता वा स्वच्छन्दतावाद देखापरेको छ। कहीाकहीा अस्पष्ट शब्दहरू परे पनि प्रायशः ललितकोमल पदसन्विवेश र अन्त्यानुप्रासका साथै कतै कतै मध्यानुप्रासको पनि पालना गरिएको यस काव्यमा आयोजित नभई स्वतः प्रकटिएजस्तो नाद-सौन्दर्य स-सना समस्त पद-पदावलीमा भावसंश्लिष्ट लघुबिम्बहरू दृष्टिगोचर भएका छन्।

प्रस्तुत खण्डकाव्यमा समस्त र असमस्त शब्दको प्रयोग छ भने सरल, मिश्र र संयुक्त वाक्यको संयोजन भए पनि सरलवाक्यकै प्राधान्य रहेको पाइन्छ। वाक्य तहका भाषिक

---

100= महादेव अवस्थी, पूर्ववत, पृ. २४१।

प्रयोगमा व्याकरणात्मक पदक्रममा प्रशस्त मात्रामा विचलन आएको देखिन्छ । त्यहााबाट पनि शैलीगत माधुर्य एवम् प्रवाहमयतालाई सघाउ पुग्न गएको पाइन्छ। वाच्यका दृष्टिले कर्तृवाच्यको प्रधानता रहेको देखिन्छ जुन सान्दर्भिक नै ठहर्छ। यहाा वाक्य खण्ड र अनुच्छेदगत पङ्क्तिबिच लयात्मक र भावगत समानन्तरता पनि छादैछ। यसका अतिरिक्त शब्दालङ्कार अन्तरगतका आदि मध्यानुप्रासको झङ्काले पनि थप चमत्कार प्रदान गरेको छ। यस खण्डकाव्यमा मुख्य रूपमा भक्तिभाव र विप्रलम्भ श्रृङगार रसलाई व्यक्त गर्न प्रयोग गरिएको शैली प्रायः माधुर्य गुणयुक्त नै देखापर्छ र यसका समष्टि भाषाशैलीमा केही मात्रामा वैदर्भी एवम् पाञ्चाली रीतिको उपस्थित भेटिन्छ, अनि सुकोमल सुललित पोथोशैली सहज स्वतः स्फूर्त प्रवाह लेखन र परिष्कार परिमार्जनको केही कमी जस्ता धेरै गुण भएको र एकाध दोष पनि भएको प्रायः प्रभावकारी भाषाशैलीको प्रयोग यस काव्यमा पाइन्छ ।

प्रस्तुत खण्डकाव्यमा प्रत्यक्ष-अप्रत्यक्ष कथनको दोहोरो प्रयोग देखिएबाट यहाा आख्यानात्मक र नाटकीय कथन पद्वतिको अन्तमिश्रणका साथै भावगत प्रवाह र सुक्ष्मताको सहसञ्चारी मध्यउच्च शैलीको प्रयोग हुन आएको देखिन्छ। समापिका क्रियाको लोप यस खण्डकाव्यका विभिन्न स्थलका वाक्य प्रयोगमा देखिए पनि प्रायः लयात्मक पङ्क्ति वा श्लोकको संरचनासाग भावको अर्थगत संरचनाको समानान्तरता भने यहाा देखिन आउाछ र यसबाट लय एवम् भावका साथै भाषाशैलीका बीचको सहप्रवाहयुक्त प्रवृत्ति यहाा पनि गतिशील नै रहेको ठहरिन्छ ।

प्रस्तुत खण्डकाव्यमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगका साथै रामभक्तिको भक्तिमार्गका साथ स्वच्छन्दतावादी जीवनदृष्टिको मिश्रण गर्ने प्रयास गरेको मान्न सकिन्छ। सीताहरण खण्डकाव्यमा देवकोटाले जे देखाउन खोजेका छन् त्यसको भाव यस काव्यको भाषाले व्यक्त गरेको छ। तद्भव शब्दकै जलपमा एकाध ठाउामा तत्सम शब्द पनि परेका छन् । साधुभेषधारी रावणले यसकाव्यमा यसरी बोलेको छ–

रावण भन्दछ सुन्दरताकी
कुसुमकलि सुकुमार !
त्रिभुवन बेच्थो तिम्रो निम्ति
लङ्काको सुन र जुहार ।

मर्नु मजा हो तिम्रै निम्ति
    मा विश्व समरकी कुटी अपार
तिम्रो मुर्छा दिन्छ मलाई
    स्वतन्त्रता यो तारिफदार

कुवेर म बन्छु उच्चगगनमा
    बोकी यौटा नव संसार !
अर्को विश्व म किन्छु सुन्दरी
    विश्व ज्योतिको ललित जुहार !

(सीताहरण, पृ.३८-३९)

सुनको सुन्दर देह सुनको लिएर रामलाई छक्काउादै दुगुरेको मृगलाई मार्न राम समर्थ हुन्छन् । वाण लागेपछि सुनको मृग मारीच राक्षसको रूपमा परिणत हुन्छ । यसै गरी हाम्रो यो सुनौलो देह पनि क्षणिक छ, माया मृगझै सत्य र स्थायी ईश्वर नै हो । मरिच यसरी ईश्वरको प्रार्थना गर्दै भन्दछ–

वैकुण्ठ किनो वैकुण्ठ किनो
    स्पर्शले प्रभुको वैकुण्ठ किनो
राम चिनो अब राम चिनो
    मायाजाल छिनो प्रभुजी ।

(सीताहरण, पृ.१८)

सिकारबाट फर्केका रामले सीतालाई कुटीमा नदेख्दा राम यसरी बोलेका छन्–

तर ख्वै सीता तर ख्वै सीता ?
    ख्वै सीता घरकी जुहार !

अन्धकारी उज्ज्वल बत्ती
    दु:खकी सुन्दर आधार !

(सीताहरण, पृ. ४१-४२)

मधुर बचनले 'हजुर' भनीकन
उत्तर दिन्नन् किन यो दिन ?
उत्तर दिन्नन् किन यो दिन ?
कल्ले चोऱ्यो कल्ले लग्दछ
कल्ले उडायो मेरो धन ?

(सीताहरण, पृ. ४३)

रावणले सीतालाई हरण गरी आकाश मार्गबाट लैजाँदै गरेको देखी पृथ्वीमाता यसरी बोलेकी छन्–

ओहो यो के उड्दछ नभमा ?
बाइपङ्खे चोरी चोरी
पृथ्वी रोइन् शीत पुकार
गर्दै कराइ 'छोरी छोरी ।'

(सीताहरण, पृ. ३७)

रामचन्द्रले पश्चिमतर्फ
हेरे दिनको चाल
घायल साँझ गगनमा रून्थी
घाउ गराई लाल ।
हृदय रुधिरले बादल भरभर
शिंग्रिप पारी ताल

(सीताहरण, पृ. २३-२४)

भस्म भएको बादल बन्दछ
छोरा उडेको आकाश
विधवा चरी त्यो हाँगामाथि

रुन्छे अकेली विरह उदास ।

(सीताहरण, पृ.२४)

पञ्चवटीको झाडी फुल्दथ्यो
ढकमक पष्प प्रसार
एउटा हरियो चरीले हेर्थी
स्याउलाले सुन्दर द्वार
विस्तृत विपट बिशाल नुहुन्थ्यो
पातले छहि छत सुकुमार ।

(सीताहरण, पृ.३०)

पञ्चवटीमा राम कुटीमा
साधु स्वरूपको कस्तो चोर ?
सीताको त्यो शुन्दरतामा
लट्ठ उचाल्थ्यो आखा जोर ।

(सीताहरण, पृ.३)

यसरी यस खण्डकाव्यमा पात्रानुसारको भाषा प्रयोगको साथै कवि पनि कल्पनामा बेजोडले दौडिएका छन् । भावको प्रवाहले गर्दा यसमा छन्द र वा ध्वनि बीचबीचमा खल्बलिन गई कवित्व पक्ष सबल र आख्यान दुर्बल रहेको पाइन्छ । पात्रानुसारको भाषा प्रयोगमा नेपाली भाषाको व्याकरणात्मक प्रयोगका दृष्टिले त्रुटिपूर्ण देखिए पनि विषयवस्तुको स्वभाविकताका निम्ति उचित प्रयोग नै सिद्ध हुन्छ । भाषाशैली उति नमाझिएको भए पनि तीव्र गीतिमय पद-पदावली एवम् शक्ति र उक्ति वैचिञ्यका प्रयोगले सरल सुबोध एवम् मधुर अनि मोहक बनेको सुन्दर खण्डकाव्य बन्न पुगेको छ ।

४.७ निष्कर्ष

शिल्प विधानमा कथनपद्धति, सर्गगत संरचना, लयविधान, अलङ्कार विधान, बिम्ब प्रतीक विधान र भाषाशैली पर्दछन् ।

सीताहरण खण्डकाव्यको कथनपद्धति प्रथम पुरुष र तृतीय पुरुषको अन्तर्मिश्रण पाइनाका साथै त्यसअन्तर्गत संवाद एवम् मनोवाद मिसिएको वर्णनात्मक शैलीको मुख्यता देखापर्दछ । सर्गगत संरचनाका दृष्टिले हेर्दा यो खण्डकाव्य ४८ पृष्ठका दुई पादमा विभाजित छ । प्रथमपादमा ६० श्लोक र द्वितीयपादमा ९८ श्लोक रहेका छन् भने ती श्लोकमा ८३५ पङ्क्ति सङ्ख्या देखापर्दछन् । उक्त खण्डकाव्य विषममात्रिक छन्द ढाचामा रचिएको छ । अन्त्यानुप्रासको विधानका साथै ध्वन्यावृत्ति, पदावृत्ति, पदावली-आवृत्ति र वाक्यांश समेतको आवृत्तिले श्रुतिमधुरता छाएको पाइन्छ । जसले गर्दा यो खण्डकाव्य साङ्गीतिकताले भरिएर पढ्दा र गाउादा लय मिल्दछ । बिम्ब र अलङ्कारका दृष्टिले हेर्दा पनि त्यति नियोजित तरिकाले प्रयोग नभए पनि सहज र स्वाभाविक रूपमा आाएका बिम्ब अलङ्कारले यस खण्डकाव्यलाई उजिल्याउने काम गरेका छन् । प्रतीक विधानगत रूपमा यो खण्डकाव्य प्रत्येक पात्रमा प्रतीकात्मकता देखापरेको छ । तत्सम् शब्दको प्रवाहपूर्ण सापेक्ष बढ्दो प्रयोगले गर्दा यस खण्डकाव्यको भाषाशैली मध्यशैली र उच्चशैलीका बीचमा देखा पर्दछ तर त्यो उति माझिएको चाहि छैन ।[ज्ञण्ज्ञ] सरल, सहज र बुझिने किसिमको भाषिक प्रयोग भेटिने यस खण्डकाव्यमा कर्तृवाच्यको प्रधान्यता रहेको देखिन्छ । मुख्य रूपमा भक्तिभाव र विप्रलम्भ शृङ्गार रसलाई व्यक्त गर्न प्रयोग गरिएको शैली प्रायः माधुर्य गुणयुक्त नै देखापर्दछ । विशेष गरी लय, बिम्ब र प्रतीक विधानगत दृष्टिमा सफलता प्राप्त गरेको भेटिन्छ । अतः यो खण्डकाव्य सफल खण्डकाव्यहरू मध्येको एक हो ।

101= महादेव अवस्थी, पूर्ववत, पृ. २४० ।

## पााचौा परिच्छेद

## शोध निष्कर्ष

प्रस्तुत शोधकार्य लक्ष्मीप्रसाद देवकोटाले रचेको सीताहरण खण्डकाव्यको कृतिगत अध्ययनमा केन्द्रित रहेको छ । यस शोधकार्यको प्रतिवेदनका रूपमा रहेको प्रस्तुत शोधपत्रका पहिलो परिच्छेदमा शोधका प्रक्रियाको परिचय दिएको छ भने दोस्रो परिच्छेदमा कृतिकार लक्ष्मीप्रसाद देवकोटाको परिचय दिइएको छ । त्यसैगरी यस शोधको तेस्रो परिच्छेदमा सीताहरण खण्डकाव्यको कृतिगत वस्तु विधानको विश्लेषण गरिएको छ भने चौथो परिच्छेदमा चाहि उक्त खण्डकाव्यको कृतिगत शिल्प विधानको विश्लेषण गरिएको छ । यस पााचौा परिच्छेदमा चाहि शोध परिचयका रूपमा रहेको पहिलो परिच्छेद बाहेक दोस्रोदेखि चौथो परिच्छेदसम्म गरिएको अध्ययनको निष्कर्ष दिइएको छ । त्यस निष्कर्षलाई तलका बुादामा उल्लेख गरिएको छ :

क. तिलमाधव देवकोटाकी कान्छी पत्नी अमरराज्यलक्ष्मी देवीबाट वि.सं. १९६६ कार्तिक २७ गते लक्ष्मीपूजाको दिन जन्मिएका देवकोटाको औपचारिक शिक्षा बि.ए., बि.एल्. सम्मको थियो । मातापिताको निधनपछि पारिवारिक जिम्मेवारी थपिन गयो भने अर्कातिर कमजोर आर्थिक अवस्था र संवेदनशील शारीरिक-मानसिक अवस्थाले गर्दा देवकोटाको जीवन कष्टप्रद बन्न पुग्यो । विभिन्न प्रतिभाका धनी देवकोटा नेपालको शैक्षिक र सामाजिक क्षेत्रमा संलग्न भई जनहितको कार्यतर्फ लागे भने राजनीतिमा पनि उनी निकै सक्रिय भए । राणाशासनको खुलेर विरोध गर्ने सिलसिलामा बनारसमा दुई वर्षसम्म प्रवासी जीवन बिताएपछि वि.सं. २००७ को जनक्रान्तिपछि मन्त्री समेत भएका थिए । चुरोट खाने खराब आदत एवम् मानसिक-शारीरिक स्वास्थ्य पनि पटक-पटक बिग्रिएकाले उनी क्यान्सर रोगबाट ग्रसित भई वि.सं. २०१६ भाद्र २९ गते उनको निधन भयो ।

लगभग पचास वर्ष जीवन पाएका देवकोटाका कवि, निबन्धकार, कथाकार, उपन्यासकार, गीतकार, अनुवादक जस्ता विभिन्न व्यक्तित्व देखापरेका छन् ।

उनका विविध व्यक्तित्वमध्ये सशक्त र नेपाली साहित्यमा अविस्मरणीय व्यक्तित्व भनेको कवि व्यक्तित्व हो । काव्यगत प्रवृत्तिका दृष्टिले पनि उनको पहिचान छुट्टै छ । पाश्चात्य मुलुकमा चलिआएको स्वच्छन्दतावादलाई नेपाली साहित्यमा सर्वप्रथम भित्र्याउने व्यक्ति देवकोटा नै हुन् । स्वच्छन्दतावादका अतिरिक्त आशु लेखन, प्रकृति चित्रण, भाषा, संरचना आदि पनि उनको छुट्टै प्रवृत्ति केलाउन सकिन्छ । देवकोटाका कृतिलाई गुणस्तरका दृष्टिले उच्च, उच्चत्तर एवम् उच्चतम् गरी बाँड्न सकिन्छ । परिमाणका आधारमा पनि नेपाली साहित्यमा अरू कसैले दिन नसकेको सङ्ख्यामा कृति दिएका छन् । आधा दर्जन महाकाव्य, पैतीस खण्डकाव्य र ६४४ जति फुटकर कविता दिएका कवि नेपाली साहित्यका कविता र निबन्ध विधामा दरिला खम्बा हुन् ।

ख. सीताहरण खण्डकाव्य वि.सं. २००३ मा लेखिएको हो र यसको प्रकाशन वि.सं. २०२४ मा साझा प्रकाशनबाट भएको हो । सीताको हरणबाट व्यक्त हुने परस्त्रीहरणका दुराचार र रामका शोकमा व्यक्त भएको पत्नी विरहपीडालाई मुख्य कथ्यका रूपमा व्यक्त गरिएको छ । त्यतिबेलाको छलकपटी, अन्यायी र अत्याचारी राणाशासकहरूको प्रवृत्ति र पिताका भक्तिस्तुतिपरक गतिविधि तथा स्वच्छन्दतावादी प्रभाव तथा उत्प्रेरणाबाट उक्त खण्डकाव्य रचना भएको पाइन्छ ।

सीताहरण खण्डकाव्यको कथावस्तुको विकास प्रारम्भ भाग, विकास भाग, चरमोत्कर्ष भाग, प्रतिचरमोत्कर्ष भाग र उपसंहार भाग गरी पाँच भागमा सङ्गठित छ । सत् र असत् दुवैथरी पात्रहरू समावेश गरिएको यस खण्डकाव्यका पात्रहरू पौराणिक युगकै भए पनि ती पात्रका चरित्राङ्कनमा २००२-३ सालतिरको नेपाली राजनीतिक चरित्रको प्रतिच्छाया भरिएको छ । त्यसै गरी यस खण्डकाव्यमा पञ्चवटी वन र त्यहाँ स्थित राम, लक्ष्मण र सीताको कुटी अनि अन्य वन्य प्रदेशको चित्रण गरिएको छ । त्यस क्रममा सीताको सुन्दरताको वर्णन गर्दा प्रकृति पनि फुल्ने र उनको हरणको वर्णन गर्दा प्रकृति पनि दुःखी हुने देखाइएको छ । पौराणिक युगको कुनै एक दिनको साँझपखको

समय नै यसको कालगत परिवेश रहेको छ । यस खण्डकाव्यमा अभिधात्मक रूपमा पौराणिक युगकै परिवेश व्यक्त छ भने ध्वन्यात्मक रूपमा चाहि अनेकौ छलकपट, दुनियााका छोरीबुहारी हरण गरी घरबार बर्बाद पार्ने राणाशासनकालीन अन्यायी, अत्याचारी राजनीतिक परिवेश व्यक्त भएको पाइन्छ । यस खण्डकाव्यमा मुख्य रूपमा 'शोक' स्थायी भाव र करुण रसको अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत खण्डकाव्यको कथावस्तु कविका कवितात्मक भाव प्रवाहका चपेटामा परी उति सुसङ्गठित किसिमले विकसित बन्न सकेको छैन भने यसको व्यञ्जनाधर्मी प्रतीकात्मक पात्रविधान र परिवेश चित्रणका कारणले यो खण्डकाव्य निकै नै सशक्त बनेको छ ।[ज्ञण्द]

ग. सीताहरण खण्डकाव्यको कथनपद्धतिमा प्रथम पुरुष र तृतीय पुरुषको अन्तर्मिश्रण पाइनाका साथै त्यसअन्तर्गत संवाद एवम् मनोवाद मिसिएको वर्णनात्मक शैलीको मुख्यता देखापर्दछ । सर्गगत संरचनाका दृष्टिले हेर्दा यो खण्डकाव्य ४८ पृष्ठका दुई पादमा विभाजित छ । यसका प्रथमपादमा ६० श्लोक र द्वितीयपादमा ९८ श्लोक रहेका छन् भने ती श्लोकमा ८३५ पङ्क्ति सङ्ख्या देखापर्दछन् । उक्त खण्डकाव्य विषममात्रिक छन्द ढाचामा रचिएको छ । अन्त्यानुप्रासको विधानका साथै ध्वन्यावृत्ति, पदावृत्ति, पदावली-आवृत्ति र वाक्यांश समेतको आवृत्तिले गर्दा सो छन्द ढाचामा श्रुतिमधुरता व्याप्त रहेको पाइन्छ । यसले गर्दा यो खण्डकाव्य साङ्गीतिक गीतिगुणले युक्त भई पढ्दा र गाउादा निकै लयात्मक मिठास दिन सक्षम बनेको छ । बिम्ब र अलङ्कारका दृष्टिले हेर्दा पनि यो खण्डकाव्य त्यति नियोजित तरिकाले रचिएको कृति नभई स्वच्छन्दतावादी सहजता र स्वाभाविकताका साथ आएका बिम्ब अलङ्कारद्वारा स्वस्फूर्त सौन्दर्य प्राप्त रचना हो । प्रतीक विधानका दृष्टिले हेर्दा यस खण्डकाव्यका पात्र विधानमा नै प्रतीकात्मकता देखा पर्दछ । तत्सम शब्दको प्रवाहपूर्ण सापेक्ष बढ्दो प्रयोगले गर्दा यस खण्डकाव्यको भाषाशैली मध्यशैली र उच्चशैलीका बिचमा देखा पर्दछ

102= महादेव अवस्थी, पूर्ववत, पृ. २४२ ।

तर त्यो उति माझिएको चाहि छैन ।[ज्ञण्घ] मुख्य रूपमा भक्तिभाव र विप्रलम्भ शृङ्गार रसलाई व्यक्त गर्न यसमा प्रयोग गरिएको शैली प्रायः माधुर्य गुणयुक्त नै देखापर्दछ ।

अन्तिम निष्कर्षमा भन्नुपर्दा सीताहरण खण्डकाव्य लक्ष्मीप्रसाद देवकोटाले रचेको त्यस्तो स्वच्छन्दतावादी रचना हो जसमा सांस्कृतिक अतीतको सुमधुर पुनराख्यान गरिएको छ । पुराणकालीन सांस्कृतिक विषयको उपयोग गरी केही मात्रामा युगीन प्रतिच्छवि पनि झल्काइएको यस खण्डकाव्यमा सीताहरणका घटनाको र तज्जन्य शोकको मार्मिक चित्रण गरिएको छ भने सो विषयवस्तु स्वस्फूर्त भावात्मक शैली एवम् सहज बिम्ब प्रतीकको प्रयोगका साथमा चित्रित भएको छ ।

---

103= महादेव अवस्थी, पूर्ववत, पृ. २४० ।

# सन्दर्भ ग्रन्थसूची


अवस्थी, महादेव (२०६१), लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, थापाथली : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

अधिकारी, पूर्णप्रसाद (२०६२), महाकवि देवकोटा केही आयाम, काठमाडौा : शब्दार्थ प्रकाशन ।

गौतम, कृष्ण (२०५६), देवकोटाका प्रबन्धकाव्य (दो.सं.), ललितपुर : इन्दु प्रकाशन ।

जोशी, कुमारबहादुर (२०६७), कान्तिपुर (राष्ट्रिय दैनिक), 'सर्वश्रेष्ठ कविका प्रतिनिधि कृति', काठमाडौा : कान्तिपुर पब्लिकेसन (पृ. ११) ।

))))))))))) (२०५२), महाकवि देवकोटा र उनका महाकाव्य, काठमाडौा : साझा प्रकाशन ।

))))))))))) (२०५७), देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन, काठमाडौा : साझा प्रकाशन ।

))))))))))) (२०४८), देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना, काठमाडौा : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

ज्ञवाली, शिवहरि (२०५८), कुञ्जिनी खण्डकाव्यको कृतिपरक विवेचना, कीर्तिपुर : त्रि.वि. (अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह) ।

त्रिपाठी, वासुदेव (२०४८), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग- १ ते.सं.), काठमाडौा : साझा प्रकाशन ।

दाहाल, घनश्याम र अन्य (२०५७), खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य (प्र.सं.), काठमाडौा : भाुडीपुराण प्रकाशन ।

दीक्षित, कमल (२०२४), 'सम्पादकीय' सीताहरण, काठमाडौा : साझा प्रकाशन ।

देवकोटा, पद्मप्रसाद (२०६७), कान्तिपुर (शनिवासरीय परिशिष्टाङ्क 'कोसेली'), 'बुबा मलाई कविता चाहियो', काठमाडौा : कान्तिपुर पब्लिकेसन, (पृ. २१) ।

देवकोटा, लक्ष्मीप्रसाद, 'कवि हुने धुनमा', भानु विशेषाङ्क ।

))))))))))) (२०४४), शाकुन्तल (चौथो संस्करण), ललितपुर : साझा प्रकाशन ।

पाण्डे, नित्यराज (२०६६), महाकवि देवकोटा (दो.सं), ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०४४), 'प्रकाशकीय', लक्ष्मी गीतिसङ्ग्रह, काठमाडौं : साझा प्रकाशन ।
))))))))))) (२०५८), देवकोटा (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।
बस्याल, ध्रुवप्रसाद (२०५४), लक्ष्मीनिबन्ध सङ्ग्रहको कृतिपरक विश्लेषण, कीर्तिपुर : त्रि.वि. (अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह) ।
रिमाल, अम्बिकादेवी (२०४३), खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन, कीर्तिपुर : त्रि.वि. (अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह) ।
शर्मा, घनश्याम (२०६६), लूनी खण्डकाव्यको कृतिपरक विवेचना, कीर्तिपुर : त्रि.वि. ( अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह) ।
शर्मा, तारानाथ (२०३९), नेपाली साहित्यको इतिहास (दो.सं.), काठमाडौं : सङ्कल्प प्रकाशन ।
शर्मा, मोहनराज (२०४८), शैली विज्ञान, काठमाडौं : ने.रा.प्र.प्र. ।
शिवरामआप्टे, वामन (सन् १९६६), संस्कृत हिन्दीकोश, दिल्ली : मोतीलाल वनारसीदास ।
श्रेष्ठ, हरि (२०४६), अतीतका स्मृति, काठमाडौं : श्रीमती सरिता श्रेष्ठ ।
सुवेदी, राजेन्द्र (२०५३), नेपाली उपन्यास परम्परा र प्रवृत्ति, काठमाडौं : साझा प्रकाशन ।